
नेपालपीठ र गुह्येश्वरी

ऐतिहासिक पृष्ठभूमि, शास्त्रीय परम्परा र आख्यान



दिवाकर आचार्य

प्रतिष्ठानको प्रकाशनमाला–२

नेपालपीठ र गुह्येश्वरी

ऐतिहासिक पृष्ठभूमि, शास्त्रीय परम्परा र आख्यान

दिवाकर आचार्य

डा. श्रीघनश्याम खतिवडाज्यूलाई
सस्नेह उपहार
२०६८/५/११

प्रकाशक



श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

नेपालपीठ र गुह्येश्वरी

ऐतिहासिक पृष्ठभूमि, शास्त्रीय परम्परा र आख्यान

लेखक : दिवाकर आचार्य

प्रकाशक : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान
बलभद्र मार्ग, बानेश्वर- ३१
काठमाडौं, नेपाल
फोन: ०१-४४७१९५०

संस्करण : पहिलो २०७५, वैशाख

प्रति : १०००

मूल्य : ने. रू. ५०१/–, भा.रू. ५०१/–, $ १०/–

गुह्यकाली चित्रस्रोत : गुह्येश्वरी भजनकक्ष

आकृतिविन्यास : रमेश दाहाल

मुद्रक : क्यू एण्ड क्यू प्रेस
फूलचोकीमाइ मार्ग, मध्यबानेश्वर,
काठमाडौं, नेपाल, फोन: ०१-५१७२०९२

आइएसबीएन : ९७८-९९३७-०-४११०-२

श्रीगणेशाय नमः

नास्था धर्मे न वसुनिचये नैव कामोपभोगे
यद् भाव्यं तद् भवतु भगवन् पूर्वकर्मानुरूपम् ।
एतत् प्रार्थ्यं मम बहुमतं जन्मजन्मान्तरेऽपि
त्वत्पादाम्भोरूहयुगलगता निश्चलाभक्तिरस्तु ॥

(धर्ममा, सम्पत्तिको सङ्ग्रहमा, विषयको उपभोगमा मेरो कुनै आस्था छैन । हे भगवान् ! पूर्वजन्मको कर्मअनुरूप जे हुनु छ त्यो होस् तर जन्मजन्मान्तरसम्म पनि मेरो हृदयमा तपाईँको युगल चरणकमलप्रतिको निश्चल भक्ति रहिरहोस्)

श्रीपराम्बायै नमः

तब च का किल न स्तुतिरम्बिके !
सकलशब्दमयी किल ते तनुः ।
निखिलमूर्तिषु मे भवदन्वयो
मनसिजासु बहिःप्रसरासु च ॥
इति विचिन्त्य शिवे ! शमिताशिवे !
जगति जातमयत्नवशादिदम् ।
स्तुतिजपार्चनचिन्तनवर्जिता
न खलु काचन कालकलास्ति मे ॥

हे जगदम्बा ! तपाईँको शरीर नै शब्दमय छ त्यसैले संसारमा तपाईँको स्तुतिले रहित कुनै पनि वाङ्मय छैन । हे देवी ! अब मेरो मनमा सङ्कल्पविकल्पात्मक रूपले उदाउने एवं संसारमा दृश्यरूपले देखापर्ने सम्पूर्ण आकृतिहरूमा तपाईँको स्वरूपको दर्शन हुन थालेको छ । समस्त अमङ्गलहरूलाई ध्वंस गर्ने हे कल्याणकारिणी भगवती ! यस कुरालाई सतत चिन्तन गर्नाले अब मेरो स्थिति यस्तो बनेको छ कि मेरो समयको कुनै सानो अंश पनि तपाईँको स्तुति, जप, पूजन, ध्यान आदिले रहित छैन ।

—महामाहेश्वर आचार्य अभिनवगुप्त


॥ श्रीगणेशाय नमः ॥




श्रीगुह्येश्वरी मन्दिर प्रवेशद्वार



एकवक्त्रा गुह्यकाली



दशवक्त्रा गुह्यकाली



चतुर्दशवक्त्रा गुह्यकाली

विहङ्गमावलोकन

नेपालपीठ र गुह्येश्वरी (शास्त्रीय परम्परा, आख्यान र ऐतिहासिक पृष्ठभूमि) शीर्षकमा विद्वान् प्राध्यापक, तन्त्रशास्त्रका आचार्य एवं अनुसन्धाता दिवाकर आचार्य, जो मेरा अत्यन्त नै प्रिय अनुजजस्तै पनि हुन् उनले लेखेको यस पुस्तकबारे लेख्नुपरे को यो छोटो आलेख तयार पार्ने क्रममा बडो चाख लिएर पढ्ने अवसर पाएँ । लेखकले शीर्षकले ओगटेका क्षेत्रमा रहेर गुह्येश्वरी सम्बन्धी शास्त्रीय परम्परा, गुह्येश्वरीसँग सम्बद्ध पौराणिक आख्यान, गुह्येश्वरीसँग सम्बद्ध ऐतिहासिक पृष्ठभूमि आदि विषयहरूमा ज्यादै खोजपूर्ण विश्लेषण गरी पुस्तकमा निबद्ध गरेको मैले पाएँ । साथै यसका परिशिष्ट भागमा दिइएका अंशहरूले यिनै तथ्यहरूलाई राम्ररी परिभाषित पनि गरेका छन् । मेरो यो छोटो आलेखमा ती तथ्यहरूलाई पुनः दोहोर्‍याइरहन चाहन्नँ, केवल विद्वान् लेखकलाई उनको यो सत्प्रयासका निमित्त हृदयदेखि धन्यवाद दिन्छु । तन्त्रका आचार्य प्रतिष्ठित विद्वान् दिवाकर आचार्यले नेपालमा ज्यादै मान्यता प्राप्त गरेको परमपूज्य गुह्येश्वरी, उनको उपासना र उनको अवस्थितिका सम्बन्धमा यस्तो पुस्तक तयार पारी प्रकाशित गरेकोमा म ज्यादै गर्वको अनुभव पनि गर्दछु । सबैले प्रायः गुह्येश्वरीको दर्शन पूजन गर्दछन्, फर्कन्छन्, उनको कृपाको आकाङ्क्षा राख्दछन् तर उनको मान्यताको परम्परा र पृष्ठमूमि स्वयंका धेरैलाई ज्ञान छैन । अझ मन्दिरमा केवल कलश स्थापित भएकोले गुह्येश्वरी के हो त कस्तो छ भन्ने पनि ज्ञान आराधक स्वयंलाई प्रायः हुँदैन । ती जिज्ञासाहरूलाई मेट्न यस

कृतिले गुह्येश्वरीका आराधक अनुसन्धातालाई निकै सहायता गर्नेछ तथा पर्यटकहरूलाई समेत यस ग्रन्थले उनीहरूको जिज्ञासा शान्त गर्नेछ भन्ने मलाई लाग्छ । त्यसैले यस कृतिको ज्यादै ठूलो महत्व रहेको छ भन्ने मैले ठानेको छु ।

गुह्येश्वरी नेपालमा ठूलो मान्यताप्राप्त सिद्ध शक्तिपीठ हो । हिमवत्खण्डमा यस पीठको ठूलो महत्व वर्णन गरिएको छ । पीठहरूको निर्णय गर्दा नेपालमा सिद्धपीठ वा नेपालपीठको जुन वर्णन छ त्यो यही गुह्येश्वरीपीठ हो भन्ने अद्यावधिक मान्यता छ, तदनुरुप नै यसको मर्यादा यहाँ रहेको छ । दक्षयज्ञमा सतीले प्राण छोडेपछि शिवजीले सतीको शव बोकी हिँड्दा सर्वप्रथम उनको गुह्य पतन भएको महापीठका रूपमा नेपालीले यसै पीठलाई मान्ने गरेका छन् । नेपालीका घर-घरै माघ माहात्म्यका रूपमा महिना दिनसम्म भन्ने गरिएको स्वस्थानी व्रतकथा अन्तर्गत यसको माहात्म्य पाठ गर्ने गरिन्छ ।

तर यहाँ एउटा कुरा विचारणीय छ, त्यो के भने तन्त्रशास्त्रमा उत्तराम्नायकी अधिष्ठात्री आदि कादि विद्या श्रीगुह्यकालीलाई मानिन्छ भने महाशक्तिपीठ यही पीठ हो भनी यहाँको पूजा उपासना हुने गरेको छ । मल्लकालमा राजा प्रतापमल्ल ठूला तन्त्र साधक थिए । उनका राज्यमा ठूला-ठूला तान्त्रिकहरूको सम्मान हुने गर्दथ्यो । शैव शाक्त तन्त्रमा महासाधक लक्ष्मीनारायण भट्ट र लम्बकर्ण भट्ट एवं बौद्ध तान्त्रिक सिद्ध जामुना (जामन) गुभाजुको त्यस वेला ठूलो मान्यता थियो । त्यसै ताका हुन सक्छ मैथल तान्त्रिक नृसिंह ठाकुरलाई स्वप्न भएपछि यो पीठ यसै स्थानमा प्रकाशित गरियो । पछि लम्बकर्ण भट्टद्वारा राजा प्रताप मल्लले यहाँ भगवतीको पूजा सपर्या चलाए भन्ने यहाँको इतिहास हो । त्यसपछि उनै राजा प्रतापमल्लले यस स्थानमा तन्त्र साधना गरे, पूजा उपासना गरे, गराए र यस स्थानको श्रृङ्गार

जिर्णोद्धार गरेको प्रष्टिन्छ । यसैले यस पीठलाई श्रीगुह्यकाली उत्तर ाम्नायकी आदिविद्या मानिन्छ । देवीभागवतमा नेपालमा गुह्यकालीको महापीठ छ भन्ने उक्ति पनि यसै पीठलाइै लिएर भनिएको हो, यसमा सन्देह छैन ।

श्रीगुह्यकालीको तान्त्रिक उपासनालाई ठूलो मान्यता दिने देश नेपाल नै हो । अन्यत्र यिनको उपासना तन्त्रविधिबाट प्रायः हुँदैन । नेपालमा त श्रीगुह्यकालीको तन्त्रविधिले हुने उपासनाका अनेकौं पद्धतिग्रन्थ तथा दीक्षितहरूका घरमा सङ्ग्रहित छन् । श्रीगुह्यकाली दीक्षा नै ग्रहण गरी उनको तन्त्रविधिले उपासना गर्ने परम्परा पनि नेपालमै प्रायः रहेको छ ।

श्रीगुह्यकाली विशेषतः योगेश्वरी हुन्, योगमार्गले यिनको उपासना हुने गर्छ । गुह्यकाली, गुह्ययोगिनी, योगेश्वरी, महायोगेश्वरी, महाकाली, काली, गुह्येश्वरी, सिद्धयोगिनी, महाचण्डी, योगिनी, महाचण्डयोगेश्वरी आदि यिनका नामहरू तन्त्रमा वर्णित छन् । विशाल पृथ्वीलाई नै भकुण्डो बनाई खेल्ने महासंहारकारिणी, कालसङ्कर्षिणी पनि यिनैलाई भनिन्छ । सृष्टि, स्थिति संहार, अनाख्या (प्रलय) र भासा (अनुग्रह) गर्ने परमेश्वरी यिनै श्रीगुह्येकाली हुन् भन्ने मानेर यिनको उपासना हुन्छ । यिनका धेरै भेद छन् । बाला गुह्यकाली, सुन्दरी गुह्यकाली, कालाग्नि गुह्यकाली, श्यामा गुह्यकालीका नामले पनि श्रीगुह्यकालीका उपासना हुने पद्धतिग्रन्थहरू देखिएका छन् ।

श्रीगुह्यकालीका दुई स्वरूप छन्- सगुण र निर्गुण । सगुण स्वरूप त उनका एकदेखि दश हजार मुख भएकी देवीका रूपमा यिनी देखिन्छिन्, जसको विस्ताररूपमा वर्णन स्वयं ग्रन्थकार डा. दिवाकर आचार्यले प्रस्तुत ग्रन्थमै गरिसकेका छन् । श्रीगुह्यकालीको विशिष्ट उपासना त उनको निर्गुण रूपको हो । श्रीगुह्यकाली

परब्रह्मस्वरूप हुन् भन्ने तथ्यको वर्णन महाकालसंहितामा नै विशेषरूपमा अथर्वगुह्योपनिषद्, सुधाधारास्तोस्त्र आदिका प्रस्तुतिमा देखिन्छ । श्रीगुह्यकाली त शाम्भव, महाशाम्भव, तुरीया, महातुरीया, तुर्यातीता, निर्वाण, महानिर्वाण, निर्वाणातीत विद्या हुन्, जसको उपासनाले लोकमा नपाइने के छ र ? अन्य दिव्यलोकहरूको प्राप्तिभन्दा पनि बढी, जन्म र मृत्युको यो भवचक्र पनि तर्न सकिन्छ भने महाफलको वर्णन शास्त्रमा गरिएको छ । श्रीगुह्यकाली कस्तो विद्या हो ? ककसले यिनको उपासना कुनकुन स्वरूपमा गरे ? उपासनाका फल केके हुन् ? यी त आचार्यले लेखिसकेका पनि छन् र यहाँ पनि केही सङ्केत गरिएकै छ ।

अब श्रीगुह्यकालीको नाम गुह्या कसरी रह्यो, यसमा पनि रहस्य छ । सतीको गुह्य अङ्ग पतन भएका कारणले यी देवी नेपालमा आविर्भूत भएर गुह्यकाली मानिएको हो भन्ने त लोकप्रसिद्धि छँदैछ तर खास कुरा के हो भने श्रीगुह्यकालीको योगमार्गले उपासना हुने हुनाले वात्सल्यमा उनी प्राणीमात्रकी प्राणशक्ति महामाया कुण्डलिनी हुन् । यिनको मूल स्थान मूलाधार चक्र नै हो, त्यही चक्रलाई गुह्यस्थान भनिन्छ । त्यहाँ यिनको उपासना हुने र तिनको त्यहीँबाट चक्रभेदन गरी उठाएर सहस्रारसम्म लगी परमात्मा सदाशिवसँग मिलाएर आफ्नो र साथै विश्वब्रह्माण्डकै शिवत्व प्राप्त गराउने प्रकृया योगमार्गमा रहेकोले यिनको नाम गुह्या रहेको हो । फेरि अर्को कुरा श्रीगुह्यकालीको उपासना सर्वसाधारणले सजिलै सामान्यरूपबाट नगरिनु साथै गुह्य रूपमा हुने हुँदा पनि यी देवी गुह्या हुन् । अर्को कुरा तन्त्रविधिले यिनको उपासना प्राचीन कालमा गुह्यक नामक जातिहरूले गर्ने गर्दथे । उनकै समयदेखि नै उपासना हुने हुनाले पनि यी भगवती गुह्या हुन् भने पनि साधकहरूको मत रहेको छ । जे होस् श्रीगुह्यकाली ब्रह्मरूपा हुन् जुन त्वमेका परब्रह्म रूपेण सिद्धा

भनेर यिनको स्वरूपको वर्णन गर्दै यिनको निर्गुणता सुधाधारास्तवमा विस्तार गरिएको छ, त्यही हो मूल तत्व श्रीगुह्यकालीको उपासना साधकले आफ्नै अन्तरात्माका रूपमा परब्रह्मस्वरूपमा गर्दछ ।

अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माहमिति चिन्तये ॥

भन्दै आफूलाई परब्रह्म गुह्यकाली स्वरूप मानेर नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, परब्रह्मस्वरूपिणी श्रीगुह्यकाली अहमस्मि, सोऽहम् भन्दै आफ्नो श्रीगुह्यकालीसँग तादात्म्य स्थापित गर्दै श्रीगुह्यकालीको (आत्मतत्त्वको) आराधना गर्दछ योगी साधकले । यही त श्रीगुह्यकालीको वास्तविक साधना हो ।

महाशक्ति श्रीगुह्यकाली उपासना कसले गरेन ? स्वयं सृष्टिकर्ता ब्रह्मा, सारा देवीदेवता, यक्ष गन्धर्वहरू, त्यतिमात्र हो र ! दानवहरूले पनि यिनको उपासना गरी सिद्धि प्राप्त गरेर आ-आफ्ना कार्यमा सफलता प्राप्त गरे । यिनैको उपासना गरेर योगमार्गद्वारा जन्ममृत्युको चक्र पार गरे । श्रीगुह्यकालीका मन्त्र र स्वरूपका पनि के कुरा गर्नु- श्रीगुह्यकाली परमब्रह्म नै हुन्, स्वयं परब्रह्मको कुन स्वरूप होइन, कुन भक्त उनको होइन जे पनि हो, जुन पनि हो । त्यसैले उनका उपासकले जुन रूपमा उनको उपासना गरे, त्यही स्वरूप सिद्ध भयो । जुन मन्त्रको प्रयोग गरियो त्यही मन्त्र सिद्ध भयो ।

स्वयं आदि शङ्कराचार्य ब्रह्मविद्याको प्रचार-प्रसारार्थ विश्वभ्रमण गर्ने क्रममा नेपाल आउँदा महाशक्तिको अति उपेक्षा वा अनादर हुन जाँदा अशक्त भई लडे । एउटा बालिका त्यहाँ प्रकट भएर एउटा कटौरामा रहेको खीर उनलाई खान दिइन् तर उनले मेरो शक्ति नै छैन, कसरी खाऊँ ? भन्दा बालिकाले शक्तिको महत्वबोध गराइदिंदा उनले श्रीगुह्यकालीको पञ्झटिकास्तोत्रद्वारा स्तुति गर्दा पुनः शक्ति

प्राप्त गरेको र त्यसै समयदेखि नै आजसम्म उनका सबै पीठहरूमा योगिनी र प्राणसुन्दरी महाशक्तिको उपासनाचक्रको प्रसिद्धि छ । त्यही पज्झटिका नामक स्तोत्रमा शङ्कराचार्यले आफ्नो परिचय दिने वाक्य द्रविडवटु यति शङ्करस्वामी उल्लिखित छ ।

नेपालका मन्दिरमा मात्र होइन, यहाँका अनेकौं घरमा श्रीगुह्यकालीको दीक्षा लिई उनको पूजा नित्य, नैमित्तिक एवं काम्य रूपमा गर्ने परम्परा देखिन्छ । मल्लकालका राजाहरूले पनि उनको दीक्षा लिएको, राज्यको सुखशान्ति एवं सिद्धिको निमित्त श्रीगुह्यकालीको मन्त्रको पुरश्चरण गरिएको सङ्केत केही सम्बद्ध पद्धतिग्रन्थमा पाइन्छ । श्रीगुह्यकालीकै मन्दिर सजाउने र उनको उपासना गराउने गरेको पनि परम्परा अद्यावधिकै छ । त्यतिमात्र नभइकन मल्लकालमा एक जना राजाले त आफ्नै सिंहासनप्रतिष्ठाधिकारसिध्द्‌र्थ भनेर श्रीगुह्यकालीको पुरश्चरण गराएको पनि सङ्केत प्राप्त भएको छ । राजा जगज्जय मल्लले त श्रीगुह्यकालीको प्रतिमा नै भैरवसहितको तलेजु मन्दिर काठमाडौंमा प्रतिष्ठित गराए, जसको दर्शन अद्यावधि शारदीय महानवमीका दिन सर्वसुलभ रहेको छ । उनैको यात्रा मार्ग महिनामा श्रीगुह्येश्वरी मन्दिरमा लागिन्छ र महापूजा त्यहीँ सम्पन्न गरी फर्काइन्छ । यसरी नेपालेश्वरी महायोगेश्वरी श्रीगुह्येश्वरीको माहात्म्यको बखान गरी साध्य छैन जति गरे पनि न्यून नै हुन्छ । परब्रह्म परमात्मास्वरूप भगवतीको वर्णनको सीमा नै के छ र ! श्रीगुह्येश्वरी अचिन्त्य, अमिताकार शक्ति, प्रतिशक्ति अधिष्ठित सत्वैकमूर्ति, निराकार, बोधस्वरूपा हुन् । सगुण हुन् (सर्वदेवमयी हुन्) निराकार हुन्, परब्रह्म परमात्मा हुन्, जे पनि हुन् जस्ती पनि हुन्, त्यस्ती भगवती गुह्यकालीको माहात्म्य वर्णन गर्ने मेरो शक्ति छैन । जे भन्न सकैँ उनकै कृपा हो अनुकम्पा हो । मेरो अनुजतुल्य प्रा. डा. दिवाकर आचार्यको यो कृति उनको श्रीगुह्येश्वरीमा समर्पित

वाङ्‌मयी स्तुति नै हो भन्न म मान्दछु । यसको निमित्त जगज्जननीको अनुकम्पा उनीप्रति बर्सिरहोस्, यही कामना छ । मलाई श्रीगुह्यकाली भगवतीका पाउमा यति वाक्यपुष्पाञ्जलि समर्पित गर्ने अवसर श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका अध्यक्ष श्रीदेवीप्रसाद चापागाईंले प्रदान गर्नुभएकोमा उहाँप्रति कृतज्ञता समर्पित गर्दछु ।

नरा मां विनिन्दन्तु नन्दन्तु नाम
त्यजन्त्वेव मां बान्धवा मा त्यजन्तु ।
यमिया भटा नारके पातयन्तु
त्वमेका गतिर्मे त्वमेका गतिर्मे
॥ ॐ तत्सत् ॥

प्रा. विद्यानाथ उपाध्याय भट्ट
नरदेवी, काठमाडौं

प्राक्कथन

प्राचीन तन्त्रग्रन्थहरूमा 'नेपालपीठ'की अधिष्ठात्री देवीका रूपमा उल्लिखित भगवती गुह्येश्वरीको पीठको प्राचीनता र शास्त्रीयताको पक्षलाई समेटेर यो ग्रन्थ तयार पारिएको छ । नेपाल उपत्यकाको मौलिक विशेषताको आधार भएको तान्त्रिक शाक्त क्रम र कौल परम्पराका केही सूक्ष्म बिन्दुहरूलाई यसले समेटेको छ र नेपाली संस्कृतिको आधार भएको शैव–बौद्ध अन्तःसम्बन्धलाई समेत लखाउने कोशिश गरेको छ ।

यस अध्ययनबाट एकातिर गुह्येश्वरी पीठको प्राचीनता स्थापित हुनका साथै गुह्येश्वरी र पशुपतिको अन्तःसम्बन्ध समेत प्रमाणित भएको छ भने अर्कातिर बौद्धमार्गीहरूबीच ज्वालामुखी वज्रवाराहीका रूपमा गुह्येश्वरीको उपासना प्रचलित रहेको पाइएको छ, जसबाट शैव–बौद्ध अन्तःसम्बन्धको अर्को कडी फेला परेको छ ।

प्रस्तुत अध्ययनले शाक्तपीठहरूको विशेष अध्ययन खास गरी यी पीठहरू र यिनको परम्पराको पृष्ठभूमिमा रहेको तान्त्रिक क्रम, मत र कुल परम्परा एवं दर्शन सम्बन्धी अध्ययनको बाटो फराकिलो पार्नेछ र यसमा आधारित शैव–बौद्ध अन्तःसम्बन्धको पावन सत्यलाई पछ्याउन प्रेरित गर्नेछ भन्ने आशा मैले लिएको छु ।

यस अध्ययनमा मैले गुह्येश्वरीसँग सम्बन्ध राख्ने पौराणिक उल्लेख र उपाख्यानका साथै गुह्येश्वरी पीठ र परम्पराको प्राचीनतालाई प्रमाणित गर्ने सामग्री र गुह्येश्वरीका विविध ध्यान मूल रूपमा समेत प्रस्तुत गरेको छु । यसैगरी गुह्येश्वरी परम्पराको राष्ट्रिय अभिलेखालय सुरक्षित रहेका हस्तलिखित ग्रन्थ र माइक्रोफिल्महरूको सूचनात्मक विवरण एवं गुह्येश्वरीका सम्भव भएसम्ममा मूर्ति चित्र र यन्त्रहरूको प्रतिलिपि समेत परिशिष्टमा दिएको छु । यसबाट भविष्यमा यस विषयका गरिने अध्ययनमा यसले स्रोत सामग्रीको काम दिनेछ भन्ने मैले आशा लिएको छु ।

यो अध्ययन प्रारम्भिक अध्ययनमात्र हो र यसमा मबाट कुनै त्रुटि हुन गएको रहेछ भने भविष्यमा हुने अध्ययनबाट त्यस्ता त्रुटिहरू सच्चिनेछन् भन्ने मेरो विश्वास छ । वास्तवमा काठमाडौं उपत्यकाका तलेजु, कुब्जिका, कुमारी, गुह्येश्वरी, सिद्धिलक्ष्मी, हरसिद्धि, वाराही र मछिन्द्रनाथका परम्परा एक अर्कासँग अतिनिकट छन्, साथै यी सबैलाई बौद्धमार्गीहरूको समेत स्वीकृति प्राप्त छ र यी परम्पराहरूमा बौद्ध प्रभाव उल्लेखनीय छ । अतः यी सबै परम्पराको राम्रो अध्ययन गरी, विशेषतः गुप्त राख्ने क्रममा लुप्त हुन आँटेको यिनको शास्त्रीय पृष्ठभूमिलाई आग्रहरहित आँखाले केलाई यिनीहरूबीचको पारस्परिक सामञ्जस्य, प्रभाव र वैशिष्ट्यको व्याख्या नगरिएसम्म यस्ता अध्ययनमा पूर्णता आउन सक्दैनन् भन्ने तथ्यलाई मैले आत्मसात् गरेको छु ।

सामग्री संकलनको क्रममा मैले राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, नेपाल रिसर्च सेन्टर लाइब्रेरी र वाल्मीकि विद्यापीठ पुस्तकालयबाट पाएको सहयोगका लागि ती ती संस्थाहरूप्रति आभार प्रकट गर्दछु ।

यसै प्रसंगमा ऐतिहासिक तथा सांस्कृतिक अध्ययनतर्फ मेरो रूचि जगाइदिनु हुने गुरु श्री महेशराज पन्तज्यू र अग्रज मित्र स्थानेश्वर तिमल्सिनाज्यूलाई पनि म स्मरण गर्न चाहन्छु । यसका साथै गुह्येश्वरीसम्बन्धी अध्ययनको आवश्यकता महसूस गरी त्यसतर्फ मलाई प्रेरित गर्नुहुने गुरु श्री विदुर पौडेल र प्रा. चेतोनाथ गौतमज्यूप्रति पनि म कृतज्ञताज्ञापन गर्न चाहन्छु । यो प्रबन्ध तयार पार्ने क्रममा पुनर्लेखन, प्रूफ निरीक्षण आदि विविध चरणमा सहयोग गर्ने भाइ रवि आचार्य र पत्नी शोभा उपाध्याय पनि धन्यवादका पात्र छन् ।

पशुपति क्षेत्र विकास कोषको गठन, पुनर्गठन, सुदृढीकरणका विविध चरणमा विभिन्न पदमा रही दायित्व निर्वाह गर्नुभएका र वास्तवमा भन्नुपर्दा कोषको उद्देश्य र कार्यक्रममा अध्ययन-अनुसन्धानलाई समावेश गर्न योगदान गरेका पूर्व कार्यकारी सभापति श्रीदेवीप्रसाद चापागाईंज्यूले श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका तर्फबाट यस पुस्तिकाको प्रकाशन गर्ने प्रस्ताव राख्नुभयो । सो प्रस्ताव मैले सहर्ष स्वीकारेको छु र सानातिना संशोधन गरी यो पुस्तिका प्रस्तुत गरेको छु । यस पुस्तिकालाई फेरि टंकण गर्ने र संशोधन गर्ने काममा मेरा छात्र श्री माधवप्रसाद लामिछानेले सहयोग गरेका छन् भने पुस्तिकामा समाविष्ट छविचित्रहरुको चयन र प्राप्तिमा श्री चापागाईंज्यूले सहयोग गर्नुभएको छ । दुबैलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस पुस्तिकामा नेपालको सांस्कृतिक इतिहास, यहाँको शैव-बौद्ध समन्वय, शैव-शाक्त दर्शन, र साधनाक्रममा चासो राख्ने पाठकवर्गले आ-आफ्ना केही न केही उपयोगी कुरा भेट्नेछन् भन्ने मलाई आशा छ । यसका साथै पुस्तिकाको प्रकाशनले अध्येताहरुलाई गुह्येश्वरीको परम्पराका थप खोजी गर्ने र यहाँ उल्लेख भएका

हस्तलिखित ग्रन्थहरुको अध्ययन गर्नेतर्फ प्रेरित गर्नेछ भन्ने मैले आशा राखेको छु ।

दिवाकर आचार्य

अक्सफोर्ड, १६ वैशाख २०७५



पशुपति क्षेत्र विकास कोष

संचालक परिषद्

देवपत्तन, काठमाडौं ।

फोन नं.: ४४७८२८
फ्याक्स : ४४७२९६२
प्यान नं.: ३०४०१६१३४
अडियो नोटिस बोर्ड : १६१८०१४४७०५७५

प. सं. :-

च नं. :-

मिति :-

श्रद्धाका दुई शब्द

शिवशक्तिको उपासनाको पावन भूमि पशुपति क्षेत्र प्राचीन कालदेखि नै शिवशक्तिको प्राकट्य एवं लीला भूमि रही आएको छ । पशुपति क्षेत्रभित्र प्रतिष्ठित नेपाल पिठ गुह्येश्वरीको उत्पती र प्रामाणिकता, गुह्यकालीनको विविध स्वरूपका ध्यानमन्त्रहरू, न्यासका पद्धति, विभिन्न पुराण, उपपुराण, स्थलपुराण र लोकोत्तिमा वर्णीत गुह्येश्वरीका सन्दर्भहरूको संकलन तथा गुह्येश्वरी उपासनाका तान्त्रिक प्रक्रियाहरूको वर्णनयुक्त पुस्तक तयार गर्नु भएकोमा प्रा. दिवाकर आचार्यको सह्राहना गर्दछु ।

भगवती गुह्येश्वरीको महिमा वर्णीत पुस्तकलाई जिज्ञासु भक्तजनहरू समक्ष पठनीय सामाग्रीका रूपमा ल्याउन सत्संकल्प गर्नु हुने पशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानलाई जगदम्वा गुह्येश्वरीको सदा कृपादृष्टि रहोस् भन्ने प्रार्थनाका साथ मेरा दुई शव्द गुह्येश्वरी भगवती चरणमा समर्पण गर्दछु ।

दिनाङ्क :- वि.सं. २०७५ वैशाख २६ गते बुधबार ।

Bhatel

(डा. प्रदीप ढकाल)

सदस्य-सचिव

पशुपति क्षेत्र विकास कोष

प्रकाशकीय

नेपाल भगवान् श्रीपशुपतिनाथ र माता गुह्येश्वरीको सामरस्य एवं लीलाभूमि हो । प्राचीन कालदेखि नै तान्त्रिक उपासनाको मान्यता रहेको नेपालमा आठौँ नवौँ शताब्दीदेखि नै गुह्येश्वरीको प्रसिद्धि रहेको **निशिसञ्चारतन्त्र**को प्रमाणबाट ज्ञात हुन्छ । सतीदेवीको गुह्य पतन भई गुह्येश्वरीपीठको उत्पत्ति भएको मान्यता यहाँ प्रचलित किंवदन्ती र स्वस्थानीकथामा उल्लेख भएको छ । **देवीभागवत**मा भने सतीदेवीको जानु पतन भई नेपालपीठको उत्पत्ति भएको उल्लेख पाइन्छ । मातृकाक्षरहरूमध्ये ईकारका रूपमा नेपालपीठ रहेको कुरा तान्त्रिक ग्रन्थहरूमा उल्लेख गरिएको छ ।

यस विषयमा प्राच्य धर्मदर्शनका विद्वान् दिवाकर आचार्यले धेरै परिश्रमपूर्वक अभिलेखालयमा रहेका तथा अन्य प्राचीन हस्तलिखित ग्रन्थहरूको अनुशीलन गरी सत्यतथ्य प्रस्तुत गर्नुभएको छ । यस अध्ययनबाट अब नेपालमा वाग्वतीनिकट भगवती गुह्येश्वरीपीठमा गुह्यकालीको पूजाउपासना गर्ने परम्परा लिच्छविकालदेखि नै प्रचलनमा रहिआएको देखिन्छ ।

श्रीपशुपति अर्चना सुव्यस्था प्रतिष्ठानको उद्देश्य भगवान् श्रीपशुपतिनाथ तथा भगवती गुह्येश्वरीको विषयमा सर्वपक्षीय अध्ययन एवं अनुसन्धान गर्ने समेत भएकाले भगवती गुह्येश्वरीको विषयमा यति महत्वपूर्ण निष्कर्षसहित तयार पारिएको यस ग्रन्थको प्रकाशनको अभिभारा यस संस्थाले लिएको हो । यस ग्रन्थको प्रकाशनबाट

जिज्ञासु पाठकहरू लाभान्वित हुनुहुनेछ भन्ने विश्वास लिइएको छ । तन्त्रशास्त्रले **शैवी मुखमिहोच्यते** भनी शक्तिलाई शिवको दर्पणको रूपमा उल्लेख गरेको छ । साथै **केनोपनिषद्**मा हैमवती उमा प्रकट भई देवराज इन्द्रलाई ब्रह्मको चिनारी गराएको प्रसंगले वेदमा पनि यही पद्धतिलाई स्पष्ट गरिएको छ ।

अन्त्यमा, यस किसिमको अध्ययन एवं अन्वेषण गरी नवीन तथ्य प्रस्तुत गर्न सफल लेखक प्रा. डा. दिवाकर आचार्यलाई भगवती गुह्येश्वरीको अनुकम्पाबाट निरन्तर उत्कर्ष प्राप्त भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछौँ ।

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

विषयसूची

पीठिका

प्राचीनकालदेखि नै नेपालमा, विशेषतः काठमाडौं उपत्यकामा विभिन्न धार्मिक मत र विशिष्ट सांस्कृतिक परम्पराले हुर्कने र एक–अर्काबाट प्रभावित हुने राम्रो मौका पाएका छन् । यहाँ शैव–शाक्त, बौद्ध–वैष्णव, तान्त्रिक–वैदिक सबैले मिलेर एकताको संस्कृतिलाई अघि बढाएका छन् । यहाँ मछिन्द्रनाथ अवलोकितेश्वर भएका छन् भने शिवलिंगहरू वैतराग बुद्धका रूपमा पूजिएका छन् । यहाँ राष्ट्रदेव श्रीपशुपतिका शिरमा तान्त्रिक विधिले श्रीयन्त्र लेखी शक्तिपूजा गरिन्छ, साथै प्रतिवर्ष बुद्धमकुट पनि पहिराइन्छ । यसैगरी यहाँ एउटै देवी गुह्येश्वरी, कालसंकर्षिणी, निर्वाणेश्वरी र खगाननाका रूपमा सबैद्वारा पूजिन्छिन् । यस्तै एकताका कारण यहाँ कहिल्यै धार्मिक कलह भएको छैन, विवाद भएको छैन । यस्तो समन्वित एकताको संस्कृतिलाई अघि बढाउनमा मूलतः तान्त्रिक परम्पराको र सम्प्रदायहरूको सीमालाई नाघिसकेका शैव एवं बौद्ध दुवैले समान रूपमा पूजिएका यस परम्पराका सिद्धाचार्यहरूको प्रमुख भूमिका रहेको छ । त्यसैले यहाँको संस्कृतिको मूल मर्म बुझ्न र साँस्कृतिक इतिहास खोतल्न तान्त्रिक परम्पराहरूको गहनता र विविधतालाई एक–एक गरी विचार गरेर सुस्पष्ट र आधिकारीक व्याख्या–विवेचना गर्नेतर्फ लाग्नु अनिवार्य हुन्छ । परन्तु यस दिशामा ज्यादै कम प्रयासमात्र भएका छन् र ती पनि एकपक्षीय छन् । यसको फलस्वरूप यहाँका अधिकाँश तान्त्रिक

परम्पराहरू अप्रकाशित र रहस्याच्छन्न नै रहेका पाइन्छन्, साथै तिनको ऐतिहासिकता पनि सुस्पष्ट र परीक्षित पाइंदैनन् ।

यसरी आगमको गुरुमुखगम्यताको कवचभित्र सुरक्षित रहेका प्राचीन परम्पराको जगेर्ना गर्ने अभिभारा अंगीकार गरी बसेका व्यक्तिहरू र ऐतिहासिक तथा साँस्कृतिक साक्ष्यहरूको व्याख्या विवेचनाका लागि विश्वस्त मानिएका व्यक्तिहरूको लापरवाही र अज्ञानले हाम्रा सबैजस्ता प्राचीन परम्पराहरू छिन्नभिन्न र लुप्त हुँदैछन्, अनि परम्पराविहीन एवं मनगढन्त संस्कृतिको विकास हुन थालेको छ । हाम्रो मनमस्तिष्कमा परेको पश्चिमी र दक्षिणी प्रभावले हामी इतिहासको अपव्याख्या गर्न पुगेका छौं । हाम्रो साँस्कृतिक मौलिकता र सहिष्णुताको पावन मर्यादा विस्मृत हुन पुगेको छ ।

नेपाल तन्त्रभूमि हो र यहाँको जनजीवन, धर्म–संस्कृति र रीतिरिवाजमा तान्त्रिकताको गहिरो छाप छ । शैव, शाक्त र बौद्ध मतका थुप्रै तन्त्रग्रन्थ र तिनमा आधारित कतिपय दुर्लभ परम्पराहरू यहाँ सुरक्षित छन् । नयाँ तथा पुराना सबै मतका ग्रन्थहरूले नेपाललाई पीठ, सिद्धपीठ, महास्थान आदिका रूपमा उल्लेख गर्ने गरेका छन् । त्यसैले उल्लेख्य रूपमा तान्त्रिक मतमतान्तरका साधक एवं योगीहरू लामो समयदेखि नै यहाँ आउने गरेका छन् ।

क्रम र कौल परम्परामा टिकेको यहाँको मौलिक संस्कृतिले पाशुपत र कापालिक जस्ता लोप भइसकेका परम्परादेखि शैव–शाक्त, वैष्णव, बौद्ध र वैदिक भइसकेका परम्परासम्म सबैलाई आफूभित्र समेटेको छ । अतः तान्त्रिक कौल परम्परा र त्यसको मूलमा रहेका अन्य प्राचीन तान्त्रिक परम्पराहरूको अध्ययन विना नेपाली संस्कृतिको वैशिष्ट्य र मर्मलाई पहिल्याउन सकिंदैन र यो नभएसम्म इतिहासको प्रतिपादनमा पनि भ्रम र अन्यौल रहिनैरहन्छ ।

यी सबै कुरालाई हृदयङ्गम गर्दा, नेपालको धार्मिक इतिहास र संस्कृतिको ऐतिहासिक अध्ययनमा कमैमात्र प्रगति भएको वर्तमान स्थितिमा यी प्राचीन परम्पराहरूको अध्ययन–विश्लेषणतिर विज्ञहरूले केन्द्रित हुन नितान्त आवश्यक भएको छ । परन्तु यस प्रकारको अध्ययनको गहनता र गम्भीरतालाई विचार गरी पूर्ण सजगता र सत्यनिष्ठाका साथ यसलाई अघि बढाउनुपर्ने हुन्छ र विविध चरणमा यसलाई पूरा गर्नुपर्ने हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्ने हुन्छ । प्रस्तुत गुह्येश्वरी सम्बन्धी अध्ययन यिनै तथ्यहरूलाई आत्मसात् गरी बौद्ध–शैव अन्तःसम्बन्धको मूल आधार भएको तान्त्रिक शाक्त परम्पराको व्याख्या र विश्लेषणको क्रमलाई अघि बढाउने सिलसिलामा पहिलो प्रयास हो । यहाँ नेपालको प्राचीन शाक्तपरम्पराको अन्वेषण र परिशीलन गरी त्यसको पृष्ठभूमिमा गुह्येश्वरी परम्पराको ऐतिहासिक, पौराणिक, दार्शनिक तथा तन्त्रशास्त्रीय पक्षहरूको विस्तृत विवेचन प्रस्तुत गरिएको छ ।

गुह्येश्वरीपीठको ऐतिहासिकता

तान्त्रिक परम्परा र शैव–शाक्त मत

सबै प्रकारका तान्त्रिक परम्पराहरू–विशेषतः शैव र शाक्त मतको राम्रो अध्ययन हालसम्म हुन सकेको छैन र शैव तथा शाक्त मतको उत्पत्ति र विकासलाई लिएर अनुसन्धाताहरूले अलग अलग अभिव्यक्ति दिने गरेका छन् । खास गरी शैव–शाक्त मतलाई 'अवैदिक' परम्परा मान्ने र वेदमा शक्ति / देवीको स्थान अति गौण छ भन्ने कुरामा उनीहरू बढी विश्वस्त छन् । उनीहरूको रायमा वेदमा एकमात्र स्त्रीदेवता 'वाक्' को उल्लेख छ र 'वाक्' का अतिरिक्त अन्य उल्लेख्य स्त्रीदेवताको अस्तित्व वैदिक ऋचाहरूबाट ज्ञात हुन सक्दैन । वस्तुतः सबै अनुसन्धाताहरूले वाग्देवताका नाममा स्वतन्त्र सूक्त भएझैं अन्य स्त्रीदेवताका नाममा पनि स्वतन्त्र सूक्त हुनुपर्ने कुरा सोचेका थिए ।

कमसेकम उत्तरवैदिककालदेखि शक्ति अर्थात् स्त्रीदेवतालाई सधैं तिनका सहचर पुरुष देवताका साथमा पूजा तथा स्तुति गरिन्थ्यो, जुन क्रम अहिले पनि यथावत् छ । ऋग्वेदमै पनि अग्निदेवतालाई समर्पित पहिलो मण्डलको एकसय एकचालिसौं सूक्तमा 'सातशिवा (कल्याणकारिणी) मातृकाहरूले घेरिएका' अग्निदेवको प्रशंसा गरिएको छ[1] । यी सात मातृका मूलतः देवीका रूपमा पूजिएका नदीहरू हुन्,

---

1 ऋग्वेद १।१४१।२ः पृक्षो वपुः पितुमान्नित्य आ शये द्वितीयमा सप्तशिवासु मातृसु ।

तर उत्तरवैदिककालको ब्राह्मण परम्परा र शैव-शाक्त परम्परामा समेत प्रचलित मातृकापूजाको आधारभूमिका रूपमा यस परम्परालाई हेर्नु गलत हुनेछैन । अग्नि वैदिक देवताहरूमा प्रमुख हुन्, अतः उनका साथ शक्तिको पूजा स्वाभाविक पनि देखिन्छ । तान्त्रिक परम्परामा पनि भैरव वा शिवलाई 'संवर्त्तानल' 'संविदनल' आदि नामले अग्निज्वालाका रूपमा पूजा-उपासना गर्ने चलन छ[2] । शिवलाई 'प्रकाशपुञ्ज' का रूपमा र शक्तिलाई त्यस प्रकाशको 'विमर्श' अर्थात् अभिव्यक्तिका रूपमा विवेचन गर्ने क्रम त अतिव्यापक छ । यसबाट ऋग्वैदिक ऋचाहरूमा अभिव्यक्त धारणामा तान्त्रिक परम्पराको संकेत वा बीज छ भनी भन्न सकिन्छ[3] ।

वस्तुतः प्राचीनकालदेखि नै पुरुष देवतालाई प्रधानता दिई तिनकी सहचारिणीका रूपमा विविध स्वरूपमा शक्तिपूजा हुने गर्दथ्यो । कुनै पनि पुरुष देवताको उपासना गर्दा तिनको अंगदेवता वा सहचारिणीका रूपमा शक्ति पूजिन्थिन् भने शक्तिलाई महत्त्व दिनुपर्दा शक्तिलाई प्रधान देवता मानी उनका सहचरलाई शक्तिसँगै पूजिन्थ्यो[4] । तान्त्रिक परम्परामा शिव, विष्णु वा बुद्धको स्वभाव वा

तृतीयमस्य वृषभस्य दोहसे दशप्रमतिं जनयन्त योषणः।।

2 उदाहरणार्थ हेर्नुहोस्, कुब्जिकामत १।१। तर प्राचीनतम शैवतन्त्र निश्वासतन्त्रदेखि नै यो कुरा तान्त्रिकग्रन्थहरूमा पाइन्छ ।

3 मातृकाको उल्लेखका अतिरिक्त ऋग्वेदमा कृत्याको समेत उल्लेख छ र यसबाट अभिचारमूलक क्रियाकलापको प्राचीनतामाथि समेत प्रकाश परेको छ ।

4 तान्त्रिक परम्परामा शिवपारम्यवादी र शक्तिपारम्यवादी दुई चिन्तनधारा थिए र क्रमशः यी दुवै शिव र शक्तिलाई परमतत्त्व मान्दथे ।

अभिव्यक्तिलाई नै 'शक्ति' मानिने हुँदा ती ती देवताको उपासनाका लागि 'शक्ति' नै एकमात्र माध्यम मानिन्थिन्[5] । त्यसैले दार्शनिक विकासक्रममा शिव, विष्णु, बुद्ध आदि प्रधान देवतालाई विश्वोत्तीर्ण मानी तिनको विश्वमय स्वरूप अर्थात् शक्ति वा शक्ति–संवलित रूपकै मात्र उपासना हुने हो भन्ने सिद्धान्त दृढ गरिएको हो र उपासना–क्रम चलेको हो[6] ।

यसबाट शाक्तपरम्पराका सम्बन्धमा विचार गर्नुपर्दा सूक्ष्मतातिर जानुपर्ने साथै स्थापित मान्यताहरूलाई समेत शंकाका दृष्टिले हेरी पुनर्मूल्यांकन गर्नुपर्ने आवश्यकता रहेको तथ्य स्पष्ट भएको छ । यसरी शैव शाक्त मतलाई नयाँ दृष्टिले अध्ययन गर्नुपर्ने आवश्यकता स्पष्ट भएको छ र वैदिक परम्पराभित्र पनि आन्तरिक कुलाचार आदिका रूपमा शाक्त उपासना व्याप्त थियो कि भन्ने नयाँ सम्भाव्यताको बोध भएको छ । यस कुरामा भविष्यमा स्वतन्त्र रूपले अलग्गै शीर्षकमा विचार पुऱ्याइने छ । हाललाई यस प्रसंगबाट 'शाक्तमत निकै प्राचीन थियो र वैदिक उपासनामा समेत शक्तिपूजाको यथेष्ट स्थान थियो' भन्ने निष्कर्ष भने निकाल्न सकिन्छ ।

पाँचौं छैठौं शताब्दीदेखि शक्तिपूजाको ऐतिहासिक उल्लेख पनि प्राप्त हुन्छ । नेपालको शीलवतीको अभिलेख, माइसोन अभिलेख, देवगढको स्वामीभटको अभिलेख शाक्तपरम्परासँग सम्बद्ध प्राचीनतम अभिलेख हुन्[7] ।

---

5 उदाहरणार्थ हेर्नुहोस् – विज्ञानभैरव २०

6 थप जानकारीको लागि हेर्नुहोस् – आचार्य २०५३: ३९–४५

7 शीलवतीको अभिलेखका लागि हेर्नुहोस् – पूर्ववत् । माइसोन अभिलेख र देवगढ अभिलेखका लागि हेर्नुहोस् – यदुवंशी १९५५: ३१५, ३१८ र परिशिष्ट।

नेपालको प्राचीन शाक्तपरम्परा

नेपालमा प्राचीनकालदेखि नै शाक्त परम्परासँग सम्बद्ध ऐतिहासिक सामग्री प्राप्त भएका छन् । नेपालमा प्राप्त (शक) संवत् ४११=ई. ४८९ को शीलवतीको अभिलेख शाक्त परम्पराको हालसम्म पाइएको सबैभन्दा पुरानो अभिलेख हो । देवी शर्वाणीको स्वतन्त्र उपासनालाई औँल्याउने यस अभिलेखको प्राप्तिले नेपालमा शाक्त परम्पराको प्राचीनता प्रमाणित भएको छ[8] । यसैगरी (शक) संवत् ४२५=ई. ५०३ को विजयस्वामिनीको अभिलेखले वैदिक कर्मकाण्डी परिवारमा पनि शक्तिपूजा उत्तिकै प्रचलित थियो भन्ने देखाएको छ[9] । यसका साथै (शक) संवत् ४९५=ई. ५७३ को शंखमूल सिकुवहीको अभिलेखमा मातृदेवीहरूका पुराना जीर्ण माटाका (मृण्मय) मूर्तिका स्थानमा ढुङ्गाका मूर्तिहरू स्थापना गरिएको भन्ने वर्णन भेटिएबाट नेपालमा परम्परागत रूपमा निकै अगाडिदेखि नै मातृकाहरूको पूजा हुन्थ्यो भन्ने सङ्केत मिलेको छ [10] । यस्तै वसन्तदेवको समयतिरको मानिएको महाबौद्धस्थित वाराहीको, अंशुवर्माको समयताकाको मानिएको पशुपति जयवागेश्वरी र वनकालीको समेत पादपीठ–अभिलेख सहितका मूर्ति भेटिएबाट[11] लिच्छविकालमा नै नेपालमा शाक्त मत पूर्ण विकसित भइसकेको आभास पाइन्छ ।

प्राचीनकालमा शैव वा वैष्णव, सबै मन्दिरमा मातृकाहरूको स्थापना गरिएको हुन्थ्यो र मातृकाहरूको पूजा नगरिकन मूल देवताको

---

[8] आचार्य २०५३: ३९–४५

[9] वज्राचार्य पूर्ववत्, सङ्ख्या १६ ।

[10] पूर्ववत्, सङ्ख्या ५३

[11] पूर्ववत्: सङ्ख्या १५३, १५४, १८७ ।

पूजा गरिन्नथ्यो । काठमाडौं उपत्यकाका प्राचीन मन्दिरहरूमा यो कुरो स्पष्ट देख्न सकिन्छ । हाँडिगाउँ, भक्तपुर, कीर्तिपुर, चाँगु आदि ठाउँका मन्दिरहरूमा मातृकाका भग्न मूर्तिहरू अद्यापि भेटिन्छन् । पशुपतिमा भने हाल मातृकाहरूको अर्वाचीन (मल्लकालीन) मूर्तिहरू देखिन्छन्, तर यी मूर्तिहरू पुरानाका स्थानमा प्रतिस्थापन गरिएका हुन् । लिच्छविकालदेखिको इतिहास बोकेका मन्दिरहरूमा प्रायशः मातृकाको संख्या सात रहेको पाइन्छ । अष्टमातृकाको क्रम पछि विकसित भएको हो[12] र प्राचीन तान्त्रिक परम्परामा मातृकाको संख्या सात नै छ ।

मातृकाहरू समूहमा पनि पूजिन्थे र अलग–अलग्गै पनि । समूहमा पूजा गर्दा एउटा निश्चित क्रमबाट यिनको पूजा गरिन्थ्यो र अन्त्यमा समष्टिका रूपमा उमाको वा चामुण्डा योगेश्वरीको[13] पूजा हुन्थ्यो । पछि गएर शाक्त परम्पराको विकासको क्रममा हरेक देवीका स्वतन्त्र साधनाक्रम रचिए । सबै देवीका पर, अपर र परापर भेदको कल्पना भयो र यिनलाई स्वतन्त्रता, क्रमोन्मुखता र क्रमसँग अन्वित गरियो[14] । परा, अपरा र परापरा प्रत्येकको सृष्टि, स्थिति, लय र अनाख्य गरी चार भेद मानिए[15] । यसरी १२ क्रमको उदय भयो, कसै–कसैले बाह्र क्रमको समष्टिरूप तेह्रौं क्रमको कल्पना गरे । यी

---

12 ऋग्वेददेखि नै अग्निलाई शिव मानी अग्निका सात ज्वालालाई सात मातृकाको रूप दिइएको सङ्केत पाइन्छ र पुरान तन्त्रहरूमा (जस्तै स्वच्छन्दतन्त्र १०।१०२९–३०) सात मातृकाकै उल्लेख पाइन्छ । अमरकोषमा पनि सात मातृकाकै नामोल्लेख छ । यही सात मातृकाकै क्रममा पछि योगेश्वरी वा महालक्ष्मी थपिंदा अष्टमातृकाको क्रम बनेको देखिन्छ ।

13 मत्स्यपुराण २६१।३३–३७

14 तन्त्रालोक १।४

15 महानयप्रकाश ३।६

सबैलाई 'कालिका'का रूपमा पूजा गर्ने परम्परा बन्यो, विविध चक्र मण्डल आदिको विकास भयो । यसरी क्रमदर्शन किंवा शाक्तदर्शनको आधारशिला राखियो र यसैका आधारमा पराक्रम, श्रीक्रम, कुब्जिकाक्रम अनुत्तरक्रम, औत्तरक्रम, गुह्यक्रम, कालिकाकुलक्रम, कादिक्रम, हादिक्रम जस्ता क्रममा आधारित मान्यता वा प्रक्रियाको विकास भयो[16] । सबै प्राचीन शाक्त परम्पराहरू यही प्रक्रियामा आधारित छन् र काठमाडौं उपत्यकाका सिद्धिलक्ष्मी, कुब्जिका, गुह्येश्वरी, त्रिपुरा, हरसिद्धि, वत्सलेश्वरी आदि प्रसिद्ध देवीहरूका परम्परा यस कोटीमा पर्दछन् ।

गुह्येश्वरीपीठको प्राचीनता

नेपालमा हाल विद्यमान शाक्तपीठहरूमध्ये कमैमा मात्र मध्यकालभन्दा अघिका अभिलेख सामग्री भेटिएका छन् र यसले गर्दा ऐतिहासिक विवेचनामा कठिनाई देखा परेको छ[17] । गुह्येश्वरीको परम्परा पनि यस कुराको अपवाद हुन सकेको छैन । गुह्येश्वरीको शक्तिपीठमा प्रतापमल्लले विविध निर्माणकार्य गरेका थिए र यहाँ प्रतापमल्लका शिलालेखहरू पाइएका छन्[18] । प्रतापमल्लको समयभन्दा अघिको गुह्येश्वरीको इतिहास त्यति स्पष्ट छैन, तर यसबाट प्रतापमल्लको पालामा गुह्येश्वरीको

16 क्रम–दर्शनसम्बन्धी विशेष चर्चा पछि गरिनेछ ।

17 अधिकांश शक्तिपीठहरूमा मध्यकालमा आएर देवगृहको निर्माण गरिएको देखिन्छ । यसअघि ती शक्तिपीठहरू उपेक्षित रहेकाले वा लामो समयको अन्तरालपछि देवगृहको निर्माण गर्दा पुराना सामग्रीहरू यहाँबाट हटाइएकाले हाल ती ती स्थानमा प्राचीन सामग्री फेला पर्दैनन् ।

18 हेर्नुहोस्–परिशिष्ट १

स्थापना भएको र यसअघि गुह्येश्वरीको पीठ र परम्पराको अस्तित्व नरहेको कुरा भने प्रमाणित हुन सक्दैन ।

नेपाल संवत् ७३१ को चाँगुको एक ताम्रपत्रमा दैवसाक्षीका रूपमा गुह्येश्वरीको उल्लेख भेटिएको छ,[19] गुह्येश्वरी मन्दिरमा रहेको प्रतापमल्लको ने.सं. ७७४ को शिलालेखमा पनि गुह्येश्वरीको मन्दिर बनाएको कुरा मात्र परेको छ र यसबाट पीठको अस्तित्व पुरानो हो भन्ने स्पष्ट झल्केको छ । अभिलेखकै आधारमा गुह्येश्वरीको ऐतिहासिकताको निक्र्यौल गर्न भने सकिन्न । त्यसैले अभिलेख बाहेकका अन्य प्रमाणहरूका आधारमा गुह्येश्वरीको प्राचीनतामाथि विचार गर्न आवश्यक हुन्छ । पुष्पिका वाक्यहरू, प्राचीन ग्रन्थहरू, वंशावली र पुराणहरूमा उपलब्ध प्रमाणहरूको समायोजनबाट नेपालको शाक्त परम्परा र कतिपय पीठहरू समेत धेरै अघिदेखि नै प्रसिद्ध थिए भन्ने स्पष्ट हुन्छ । यस क्रममा पहिले वंशावलीहरूको कथनतर्फ ध्यान दिऔं जसमा गुह्येश्वरीका सम्बन्धमा अलि फरक–फरक शैलीमा एकै प्रकारका कुराहरू प्रस्तुत गरिएका भेटिन्छन् । यहाँ ती ती प्रसंगलाई उद्धृत गरी केही विचार गर्नु सार्थक हुनेछ ।

पहिलो प्रसंग–

“श्री गुह्येश्वरीका स्थान अघि संकरदेव राजाका पज्र्यामा नृसिंह ठाकुर नाम गर्‍याका महापुरुष कन श्वप्नमा दर्शन दी मलाई प्रकाश गर भनी आज्ञा प्रसन्न हुँदा कुण्ड बनाई स्थान सुन्दर गरी बनाई राष्याको स्थान भासी बिग्रन जादा प्रतापमल्लले गुरु लम्बकर्ण भट्टसँग सम्मत गरि संवत् ७७४ वैशाख शुक्ल ११ रोज ५ का दिन श्री गुह्येश्वरी कुण्डमा

---

[19] खनाल २०४०: २७६

बडो जत्न गरि फलामका दलिन्लाई चारैतिर पर्खाल बनाई ढुङ्गाले छोपि ईश्वरीका जलज्वाला ढाकी अष्टदल पत्र यन्त्राकार भैरव सहित गरि कुण्ड सुन्दर गरि बनाई फटिकका कलसाकार बनाई नित्य नैमित्य पूजा गराया ।। आवरण देवता सब यथाक्रमले स्थापना गरी षम्भमा सिंह सालिक राषीदिया ।।"[20]

दोस्रो प्रसंग–

"उनै गुह्यकाली जलज्योति रूप भै पोखरी जस्तो भै अल्प भैरहेका थिए ..... शंकरदेव राजाका पालामा कलिगत १७९९ मा तान्त्रिक नृसिंह ठाकुर नेपाल आई बसेका बखत मलाई प्रकाश गर भनी स्वप्नमा आज्ञा भएको हुँदा स्वप्न बमोजिम र हिमवत्खण्ड नेपाल माहात्म्यको अनुसार प्रमाण मिलाई श्लेष्मान्तक वन विषे खोजी गर्दा उत्तरवाहिण वाग्मतीदेखि पश्चिम किरातेश्वरदेखि पूर्व मृगस्थली वनदेखि उत्तर यतिभित्र गैहेर्दा नृसिंह ठाकुरले त्यही पोखरीजस्तो पानी जमिरहेको र पानीभित्र ईश्वरको जलज्योतिलाई छोपि चारैतर्फ गिर्दा पर्खाल लगाई अति रमणीय मन्दिर बनाई दिएका थियो ।"[21]

तेस्रो प्रसंग–

वंशावलीकै आधारमा राइटले प्रतापमल्लका समयमा नरसिंह ठाकुरले महाकाल–संहिताका आधारमा गुह्येश्वरीको पीठ रहेको स्थान पत्ता

---

20 संस्कृत सन्देश वर्ष १, अङ्क ११, पृ. ३३ । भाषावंशावली भाग २, पृ. ९० मा पनि यही प्रसङ्ग छ, तर ...... 'पूजा गराया ।।' पछि 'श्री गुह्येश्वरीका स्थानमा तेली खड्की द्योला गरी राषि दिया ।' यति कुरा छ र अघिल्लो सन्दर्भको 'आवरण देवता ...... राषीदिया ।।' छैन ।

21 देवमाला वंशावली, पृ. १९

लगाएका र सो कुरा राजालाई भन्दा राजाले उक्त ठाउँमा तलाउ खन्न लगाई पीठ पत्ता लगाएका हुन् भन्ने कुराको उल्लेख गरेका छन् । राजाले पीठमा रहेको अग्निज्योतिलाई माथि आउन नसक्ने पारी फलामका सत्तरी यन्त्रका रूपमा राख्न लगाई त्यसमाथि अष्टदल पद्म बनाएका साथै नवदुर्गा, भैरव र नरसिंहको स्थापना गरी मन्दिरको प्रांगणमा दुंगाका दुई खम्भामा सिंह र मानवाकृति राख्न लगाएका थिए भनी राइटले अगाडि उल्लेख गरेका छन् । राइटले उद्धृत गरेको वंशावलीमा प्रतापमल्लले शिलालेख राखेको कुराको पनि उल्लेख परेको छ र यसमा शिलालेखको सारांश पनि दिइएको छ[22] ।

चौथो प्रसंग–
हसरतले पनि यस्तै कुनै एक वंशावलीको उपयोग गरेका छन्, जस अनुसार प्रतापमल्लका पालामा नरसिंहका भक्त नृसिंह ठाकुर नेपाल आएका थिए । तिनको सल्लाह मानी प्रतापमल्लले गुह्येश्वरी पीठको खोजी गरे । महाकाल संहिताका आधारमा सहयोगीहरूका साथ राजा श्लेष्मान्तक वनमा पीठको खोजी गर्दै थिए । त्यहाँ राजाका साथ गएका खड्गी र साल्मीले कुण्डको चिन्ह फेला पारेपछि कुण्डलाई फलामका सत्तरी लगाई सुरक्षित पारियो र राजाले यहाँ देवीदेवताको स्थापना तथा मन्दिर र सत्तलको निर्माण समेत गराएका हुन्[23] ।

---

22 डि. राइट १९६६: १४८, यस सन्दर्भमा भ्रमवश जलज्योतिलाई 'अग्निज्योति' भनिएको छ ।

23 हसरत, पृ. ७७ । विभिन्न वंशावलीमा परेको कुण्डलाई ढुङ्गा तथा फलामका सत्तरीले सुरक्षित पारी छोपिएको भन्ने कुरा सत्य देखिएको छ । केही वर्ष अघि गुह्येश्वरी कुण्डको पानीको स्रोत सुकेको थियो । त्यसबेला धार्मिक विश्वास अनुसारको पूजाआजा गरिए तापनि कुण्डको बनावट सम्बन्धी यस्तै रिकर्डका

वंशावलीका यी सबै प्रसंगहरूबाट समान रूपमा 'हालको मन्दिरको ढाँचा प्रताप मल्लले बनाउन लगाएका हुन्' भन्ने र 'नृसिंह ठाकुर नामका कुनै तान्त्रिक गुह्येश्वरी पीठको पुनरुद्धारको प्रसंगसँग गाँसिएका छन्' भन्ने सूचना पाइन्छ । प्रताप मल्लले गुह्येश्वरीको मन्दिर बनाएको कुरा मन्दिरमा रहेको अभिलेखबाट प्रमाणित भैसकेको छ । गुह्येश्वरीको मन्दिर निर्माण गर्न नृसिंह ठाकुर नामका तान्त्रिकले प्रतापमल्ललाई प्रेरित गरेका भन्ने कुरा पनि निकै हदसम्म सही देखिन्छ । प्रतापमल्लका समकालिक नृसिंह ठाकुर नामका मैथिल तान्त्रिक भेटिएका छन् र उनले 'ताराभक्तिसुधार्णव' नामक ग्रन्थ लेखेको कुरा ज्ञात भएको छ[24] । मिथिलासँगै सीमाना जोडिएको तन्त्रभूमि नेपालमा मैथिल तान्त्रिकहरू आउनु स्वाभाविक पनि छ । परन्तु प्रतापमल्लले मन्दिर बनाउनु अघि गुह्येश्वरीको पीठको खोजी गरी उद्धार गरिएको भन्ने वंशावलीको उल्लेख भने सही ठहर्दैन । प्रतापमल्लले मन्दिर बनाउनु भन्दा ४३ वर्ष अघिको ने.सं. ७३१ को चाँगुको ताम्रपत्रमा दैवसाक्षीका रूपमा गुह्येश्वरीको उल्लेख पाइएको छ भने ने.सं. ७६२ को पशुपतिको एक अर्को ताम्रपत्रमा पनि गुह्येश्वरीको उल्लेख परेको छ । यसबाट ने.सं. ७३१ मा गुह्येश्वरीको पीठ गुप्त थिएन बरु प्रसिद्ध एवं आदरणीय समेत थियो भन्ने प्रमाणित देखिन्छ ।

प्रतापमल्लले मन्दिर बनाउनु अघि गुह्येश्वरीको पारम्परिक पूजा व्यवस्था भने अव्यवस्थित रहेको हुनसक्छ र प्रतापमल्लले तान्त्रिक

आधारमा पशुपति गोश्वाराका विज्ञ हाकिम र गुह्येश्वरीका पुजारीले कुण्डको दक्षिण–पूर्व कुनाबाट पानी चुहिरहेको पत्ता लगाई चुहिएको ठाउँमा मरम्मत गरी पानीको स्रोतलाई माथि उचालेका थिए । उक्त कार्यमा संलग्न व्यक्तिसँगको कुराकानीबाट मैले यो कुरा थाहा पाएको हुँ ।

24 झा १९७६: ७, २५; कविराज १९७२: २५६–२५७

गुरुहरूका सहायताले[25] यसलाई व्यवस्थित पारेका हुनसक्छन् । वंशावलीमा नामोल्लेख भएका नृसिंह ठाकुरको रचना 'ताराभक्तिसुधार्णव' को अध्ययन गर्दा तिनलाई महाकालसंहिताको राम्रो ज्ञान थियो भन्ने देखिन्छ[26] । त्यसैले महाकालसंहिताको राम्रो अध्ययन गरेका र तान्त्रिक आस्था बोकेका नृसिंह ठाकुरले राजा प्रतापमल्ललाई गुह्येश्वरीको महत्त्व बुझाई मन्दिर बनाउन र महाकालसंहिता अनुसारको पूजा चलाउन प्रेरित गरेको हुनु बढी सम्भव देखिएको छ । यही कुरालाई वंशावलीकारले बढाई चढाई वर्णन गरेका मात्र हुन् । यसरी वंशावलीहरूबाट गुह्येश्वरीको मन्दिरका बारेमा केही सूचना प्राप्त भए तापनि गुह्येश्वरी पीठको प्राचीनताको सन्दर्भमा खास कुनै सूचना पाइन्न । त्यसैले गुह्येश्वरीको ऐतिहासिकताका सन्दर्भमा अन्य प्रमाणहरूको खोजी गर्नु आवश्यक छ ।

नेपालपीठ र गुह्येश्वरी

काठमाडौँ उपत्यकामा हाल विद्यमान शक्तिपीठहरुमध्ये कमैमा मात्र मध्यकालभन्दा अघिका सामग्री फेला परेका छन् । अधिकांश शक्तिपीठहरुमा मध्यकालमा आएर नै देवगृह निर्माण भएको देखिन्छ । देवगृह निर्माणको समयभन्दा अघि ती स्थान उपेक्षित रहेकाले वा लामो समयको अन्तरालपछि देवगृहको निर्माण, पुनर्निमाण

---

25 नवनिर्मित देवालयको प्रतिष्ठा आफ्ना गुरुद्वारा विधिपूर्वक गराएको भन्ने कुरा प्रतापमल्लको अभिलेखमा नै परेको छ, तर ती गुरु को थिए भन्ने कुरा अभिलेखबाट खुल्दैन ।

26 झा १९७६: ७, २५

आदि कार्य गर्दा प्राचीन ऐतिहासिक सामग्री यताउता परेकाले हाल ती स्थानमा प्रचीन सामग्री फेला पर्दैनन् । यसले गर्दा यी पीठहरुको प्राचीनता पहिल्याउन कठिनाइ देखापरेको छ । गुह्येश्वरीको शक्तिपीठ पनि यस कुराको अपवाद हुनसकेको छैन । पशुपति क्षेत्रमा अवस्थित गुह्येश्वरी शक्तिपीठ काठमाडौँ उपत्यकाकै प्रचीनतम शक्तिपीठ हो तापनि मान्यता अनुरुपको ऐतिहासिक सामग्रीको अभावको कारण यसको प्राचीनताका सम्बन्धमा प्रश्न उठ्ने गरेको छ । यस क्रममा बालाजु फूलबारीमा अवस्थित पुरानो गुह्येश्वरी भनिने पीठलाई र हनुमान्ढोका महालक्ष्मीस्थानको गुह्येश्वरीपीठलाई प्राचीन मूलपीठ मान्ने दुई अलगअलग धारणा अगाडि आएका छन् । यसैगरी तान्त्रिक तथा पौराणिक ग्रन्थहरुमा वर्णित शक्तिपीठहरुमा नेपाल पर्छ वा पर्दैन ? पर्छ भने नेपालपीठ कुन हो भन्ने सम्बन्धमा पनि शङ्का उपशङ्का रहेको पाइएको छ ।

प्रतापमल्लभन्दा अघिको ऐतिहासिक सामग्री गुह्येश्वरी मन्दिरमा उपलब्ध नभएकाले कतिपय मानिसहरु बालाजु फूलबारीस्थित 'पुरानो गुह्येश्वरी भनिने नयाँ पीठलाई गुह्येश्वरीको मूल पीठ मान्नेतर्फ ढल्किएका हुन् र श्लेष्मान्तक वनमा अवस्थित मूलपीठलाई भने वंशावलीहरुले दिएको छ्यासमिसे सूचनाका आधारमा प्रतापमल्लका समयमा निर्मित मान्नेतिर लागेका हुन् । यसै मतको अनुसरण गर्दै प्रा. आक्सेल मिखाएल्सले 'देउपाटनको गुह्येश्वरी मन्दिरलाई मध्यसत्रौँ शताब्दीभन्दा अगाडिको मात्र हामीसँग कुनै प्रमाण वा सङ्केतसम्म पनि छैन' भनी लेखेका छन् । परन्तु नेपालमाहात्म्य, स्वयम्भूपुराण तथा हिमवत्खण्डमा स्पष्ट रुपमा गुह्येश्वरीको पीठ श्लेष्मान्तक वनमै देखाइएको पाइनाले यो कुरा सत्य हुन सक्दैन । नेपालमाहात्म्यको ने.सं ७०३ (ई.१५८३) को पुष्पिका वाक्यसहितको पाण्डुलिपि राष्ट्रिय

अभिलेखालयमा रहेको छ र यसैलाई प्रमाण मान्दा पनि मिखाएल्सको मत खण्डित हुन्छ । यसरी जतिसुकै ढिलो मान्दा पनि सोहौं शताब्दीको अन्त्यतिर गुह्येश्वरीको श्लेष्मान्तक वनमा प्रसिद्ध भैसकेको देखिन्छ । वास्तवमा यी स्थानीय सामग्री र तल प्रस्तुत निशिसञ्चार, मन्थानभैरव आदि प्राचीन तन्त्रहरुबाट प्राप्त सूचनालाई मिलान गर्ने हो भने गुह्येश्वरी पीठको प्राचीनता सजिलै नवौं शताब्दितिर पुग्ने देखिन्छ ।

पुष्पिकावाक्य र प्राचीन ग्रन्थको उल्लेख एवं निष्कर्ष

पुष्पिका र प्राचीन ग्रन्थहरूको उल्लेख अभिलेख जत्तिकै प्रामाणिक मानिन्छन् । राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय र व्यक्तिगत संग्रहका समेत गरी गुह्येश्वरी परम्पराका झण्डै १५० ग्रन्थहरू फेला परेका छन्[27] । यिनै ग्रन्थहरूमध्ये तिथिमिति सहितका पुष्पिका–वाक्य भएका ने.सं. ४००(=ई. १२८०)का 'पूजाविधि' का दुई प्रति र ने.सं. ५२०(=ई. १४००) तथा ने. सं. ५२५(=ई. १४०५)का गुह्यकालीतन्त्रका दुईप्रति पाण्डुलिपि फेला परेका छन्[28] । यी पाण्डुलिपिहरूमा प्राचीन लिपिबाट उतार्दा भ्रमवश हुनसक्ने थुप्रै अशुद्धिहरू भेटिएका छन् र यी पाण्डुलिपिहरू कुनै प्राचीन लिपिमा लेखिएको पुरानो प्रतिबाट सारिएको अनुमान गर्न सकिन्छ । यसरी पुष्पिका वाक्यहरूका आधारमा ढिलोमा पनि ने.सं.४००(=ई. १२८०)भन्दा अघिदेखि नै नेपाल उपत्यकामा गुह्येश्वरी परम्पराले प्रसिद्धि पाइसकेको प्रमाणित भएको छ, तर यताबाट यस परम्पराकी आराध्या देवी गुह्येश्वरीको पूजापीठ भने कहाँ थियो भन्ने सन्दर्भमा कुनै सूचना मिलेको छैन, तर प्राचीन ग्रन्थहरूको

---

27 हेर्नुहोस्– परिशिष्ट ३

28 हेर्नुहोस्–परिशिष्ट ४

उल्लेखबाट भने गुह्येश्वरीको परम्पराका साथै पीठको ऐतिहासिकतालाई समेत अझै स्पष्ट्याउन सकिने देखिन्छ ।

सतीदेवीको अङ्गपतनबाट[29] शक्तिपीठहरुको उत्पत्तिको धारणा तुलनात्मक रुपमा आधुनिक देखिन्छ । महाभारत, पुराना प्रमुख पुराणहरु र प्राचीन तन्त्रहरुमा उपर्युक्त उपाख्यान प्राप्त हुँदैन[30] । अतः अत्यन्त अस्पष्ट र अव्यवस्थित यो धारणा प्राचीन मौलिक तन्त्रको प्रचलनमा कमी आएपछि उद्भावन गरिएको नयाँ धारणा[31] देखा पर्छ ।

---

29 दक्षयज्ञ र सतीदेवीको अङ्गपतनको कथाको क्रमिक विस्तारबारे हेर्नुहोस्-- सरकार १९७३: ५-७, ७०-७३।

30 मत्स्यपुराणमा शाक्तपीठहरुको उत्पत्तिको कथा अलि फरक ढंगले प्रस्तुत गरिएको छ, जस अनुसार दक्षले निम्ता नगरेपनि यज्ञमा पुगेर सतीदेवीले योगाग्निले आफ्नो शरीर जलाएपछि बाबु दक्षले आफ्नो गल्ती स्वीकारी क्षमा मागे । अनि उनले भगवतीका पवित्र पीठहरूको सूचना पाए आफूले ती-ती पीठहरूमा तीर्थयात्रा गरेर शिवको क्रोधबाट बच्ने कुरा गरे । यसको प्रत्युत्तरमा भगवतीले उनलाई १०८ शक्तिपीठहरू र तिनका अधिष्ठात्री देवीहरूका बारेमा बताइन् ।

31 दिनेशचन्द्र सरकारले पीठनिर्णय नामक ग्रन्थका आधारमा शाक्तपीठहरूका बारेमा सन् १९७३ मा एउटा पुस्तिका छपाएका थिए, र उनले अध्ययन गरेको समयमा प्राचीन तन्त्रहरूको खोजी र अध्ययन-अनुसन्धान त्यति अगाडि बढिसकेको थिएन । नेपालपीठको विषयमा त यसले अझ अन्यौलमात्रै थप्छ । सरकारले प्रयोग गरेको पीठनिर्णय ग्रन्थमा नेपालमा सतीदेवीको घुंडा झरेको हो र यहाँ महामाया र कपाली भैरव प्रतिष्ठित छन् भनिएको छ (सरकार १९७३: ४५), तर सोही ग्रन्थको एउटा पाण्डुलिपिमा घुंडाको सट्टा तालु र महामायाको सट्टा महामारी लेखिएको छ (उही, ६२) । बंगाली तन्त्रसारले भने कुनै रुद्रयामलतन्त्रको उद्धरण दिंदै सतीदेवीको दाहिने आँखा नेपालमा झरेको लेखेको छ । अनि मेरुतन्त्रले भने यहाँ देवीको गुह्यपतन भएको र यो पीठ वाममार्गको केन्द्र रहेको कुरा लेखेको छ । त्यसैले यस पुस्तिकाबाट प्राचीन

प्राचीन तन्त्रहरुमा पीठको अत्यन्त स्पष्ट र निश्चित मान्यता प्राप्त हुन्छ र यो मान्यता हिन्दु तथा बौद्ध तन्त्रहरुमा अधिकांशतः समान देखा पर्छ । पीठको धारणा स्पष्ट गर्दै सधैँ याग गर्न योग्य स्थानलाई पीठस्थान भनिन्छ भनी दशौं शताब्दीको अन्त्यतिर काश्मीरमा क्रियाशील महामनीषी अभिनवगुप्तले श्रीतन्त्रालोकमा लेखेका छन्[32] । पीठको धारणामा भारतवर्षका कुनाकाप्चासम्म फैलिएका महत्वपूर्ण धार्मिक स्थलहरुलाई समेट्ने प्रयास प्रतिविम्बित हुन्छ र तान्त्रिक साधनाका लागि विशेष फलप्रद पवित्र स्थललाई नै पीठको संज्ञा दिने गरेको देखिन्छ । तान्त्रिक दीक्षा लिएपछि पूर्वसेवाका क्रममा साधकले पीठ किंवा सिद्धक्षेत्रहरुको भ्रमण गर्नुपर्छ भनी प्राचीन तन्त्रहरु भन्छन्[33] । यस्ता पीठहरुलाई पीठ, अर्धपीठ, उपपीठ, सन्दोह, क्षेत्र, उपक्षेत्र, उपसन्दोह, मेलाप, उपमेलाप र श्मशानका रुपमा वर्गीकरण गरिएको कुरा प्राचीन परम्पराका तन्त्रहरुबाट अवगत हुन्छ[34] । यस वर्गीकरण अनुसार नेपाल उप-सन्दोहमा पर्छ भन्ने कुरा निशिसञ्चारका

शाक्त-पीठहरूको इतिहास थाहा पाउन सकिन्न, तरपनि यसबाट मध्यकालको अन्तातिर कुन कुन शाक्तपीठ प्रसिद्ध थिए र कसरी तिनको उत्पत्तिको पौराणिक कथा कथिएको थियो बन्ने कुरा मात्र थाहा पाउन सकिन्छ । प्राचीन शैव तथा बौद्ध तान्त्रिक संस्कृतिको भौगोलिक आधार भएका तान्त्रिकपीठहरूका बारेमा एक-दुई लेख लेखिएपनि विशद अनुसन्धान गरी तिनको समग्र इतिहास अझै लेखिएको छैन ।

32 श्रीतन्त्रालोक १५।८२: पीठस्थानं सदा यागयोग्यं शास्त्रेषु भण्यते ।

33 जस्तै, मालिनीविजयोत्तर तन्त्र २०।२१गघ: पीठादिकं भ्रमेत्सिद्धौ नान्यथा वीरवन्दिते ।

34 निशिसञ्चारतन्त्रमा आधारित यस्तै एक वर्गीकरणका लागि हेर्नुहोस् -- श्रीतन्त्रालोक १५।८३-९३, यही क्रममा उपसन्दोह वर्गमा 'नैपाल' पीठ समेटिएको छ (उही १५।९२)।

आधारमा तन्त्रालोकले प्रस्तुत गरेको पीठहरुको विवरणबाट प्रमाणित हुन्छ, र यही कुरा काठमाडौँ उपत्यकाका बौद्ध पण्डितहरुले पढ्ने धार्मिक सङ्कल्पवाक्यमा[35] परेको छ ।

निशिसञ्चारतन्त्रको बाह्रौं शताब्दिताकाको लिपिमा लेखिएको ताडपत्र पाण्डुलिपि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ[36] । यस तन्त्रमा 'नेपालमा गुह्येश्वरीले समायुक्त पशुपति विराजमान छन्' भन्ने उल्लेख आएको छ[37] । यस तन्त्रलाई अभिनवगुप्तले आगम ग्रन्थका रूपमा उद्धृत गरेका छन्[38] र अभिनवगुप्तद्वारा उद्धृत 'निशिसञ्चार' लगायतका शाक्त आगमहरूको रचना नवौं शताब्दिसम्ममा भैसकेको कुरामा विज्ञहरू सहमत छन्[39] । निशिसञ्चारपछिका मन्थानभैरव (कुमारिकाखण्ड) आदि[40] तन्त्रहरुमा समेत "नेपालमा पशुपति र गुह्येश्वरी प्रतिष्ठित छन्"

---

35 बौद्धसामग्रीमा उपसन्दोहको सट्टा उपछन्दोह पढेको भेटिन्छ, यो एउटै शब्दको उच्चारणभेद मात्र हो।

36 राष्ट्रिय अभिलेखालय ग्रन्थसङ्ख्या १।१६०६ माइक्रोफिल्मसङ्ख्या B २६/२५

37 राष्ट्रिय अभिलेखालय ग्रन्थसङ्ख्या १।१६०६ माइक्रोफिल्मसङ्ख्या B २६/२५, पत्र ३१ख-३२क:

नेपालसंस्थितो देवः पशूनां पतिरिष्यते । गुह्येश्वरीसमायुक्तः स्थानपालसमन्वितः।

38 Rastogi 1987: 282

39 Sanderson 1988. Dyzchkovski (1989:189) ले 'निशिसञ्चारतन्त्र' लाई अभिनवगुप्तले उद्धृत गरेको कुरातिर ध्यान दिएका छैनन् र नेपालमा कौलतन्त्रको परम्परा एघारौँ शताब्दीभन्दा पुरानो होइन भनेका छन् । यो उनको भ्रम हो ।

40 गुह्येश्वरीं महाभागां नित्यं पशुपतेर्युताम् ।
नेपालस्थां सदा नौमि भवघोरान्तकारिणीम् ।। कुब्जिकामत २२।४६ पछि प्रक्षिप्त भाग ।

यो भाग केही भिन्न पाठसाथ चार पाण्डुलिपिमा भेटिन्छ । माथिको पाठ AB पाण्डुलिपिको हो भने तलको पाठ EF पाण्डुलिपिमा यस्तो पाठ भेटिन्छ:
गुह्येश्वरीसंयुक्तां नित्यं पशुपतेर्युताम् ।

भन्ने उल्लेख पाइएको छ । यसैगरी अरिमल्ल (जन्म ११५३–१२१६)का दीक्षागुरु विमलप्रबोधले[41] रचेको कालीकुलक्रमार्चनमा ६४ पीठका[42] अधिष्ठाता देवीदेवताको पूजाको क्रममा २५औं संख्यामा "नेपालमण्डल महापीठमा गुह्येश्वरी-अम्बा"को पूजा[43] गर्न भनिएको छ । यताबाट प्राचीन तन्त्रहरुले नेपाललाई उपसन्दोह पीठ मानेको, अनि गुह्येश्वरी

नेपाले संस्थितां देवीं नौमि घोरार्त्तिहारिणीम् ।। मन्थानभैरवतन्त्र कुमारिकाखण्डमा पनि यही बेहोरा भेटिन्छ ।

41 नेपाल राष्ट्रिय अभिलेखालयस्थित अमृतेश्वरपूजाको नेपाल संवत् ३३६ मा सारिएको पाण्डुलिपि(राष्ट्रिय अभिलेखालय ग्रन्थसङ्ख्या १।१३७५, नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अणुचित्रसंख्या A ११५६/१०)को पुष्पिका वाक्यमा गुजरातको चमत्कारपुरबाट आएका ब्राह्मण पण्डित आचार्य हरिहरले अरिमल्लले विमलप्रबोधबाट दीक्षा-अभिषेक पाएको कुरा लेखेका छन् ।

42 पीठहरुको संख्या तन्त्रग्रन्थ, तिनका परम्परा र समय अनुसार पीठहरुको संख्या फरक पाईन्छ । लगभग सबै शाक्त परम्परामा शुरूका २४ पीठ उही भेटिन्छन् । तर तान्त्रिक सांस्कृतिक क्षेत्रको विस्तारसंगै नयाँ पीठहरुको समावेश हुँदा यिनको संख्या बढेको पाइन्छ । अभिनवगुप्तले नै पनि श्रीतन्त्रालोकको १५औं अध्याय(१५।८३देखि) मा निशिसञ्चारतन्त्र अनुसारका ३३ पीठहरुको नाम दिएका छन् र साधकले आफ्नो शरीरमा कहाँ कहाँ तिनको भावना गर्ने हो भनेका छन् । उनैले २९औं अध्याय (२९।५८-६४)मा तन्त्रराज भनेर चिनिने माधवकुलतन्त्र अनुसारको २४ पीठको बयान गरेका छन् । जे होस्, मन्थानभैरवतन्त्रसम्म आइपुग्दा पीठहरूको संख्या बढेर ६४ पुगेको छ र विमलप्रबोधको कालीकुलक्रमार्चनमा मन्थानभैरवतन्त्रको क्रमसंग मेल खाने ६४ पीठहरुको पूजाविधि भेटिन्छ।

43 विमलप्रबोधको कालिकार्चन नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अणुचित्रसंख्या A ४८/१०, पत्र २४खः "ह्रीं श्रीं हूं नेपालमण्डलमहापीठे गुह्येश्वरी-अम्बापाद २५।"

सहित पशुपतिलाई नेपालपीठको मुख्य अधिष्ठाता देवता मानेको तथ्य अवगत हुन्छ ।

यही क्रममा जयवागीश्वरीको मूर्तिको पादपीठमा उत्कीर्ण अंशुवर्माको समयताकको लिपिको अभिलेखको पनि उल्लेख गर्न उपयुक्त हुन्छ । जयवागीश्वरी गुह्येश्वरीको पूजाक्रममा आवरणमा पूजिने देवी हुन्[44] । अतः जयवागीश्वरीको पादपीठाभिलेखले जयवागीश्वरीको मात्र प्राचीनता सिद्ध गरेको छैन, अपितु गुह्येश्वरी परम्पराभित्रका पशुपति क्षेत्रमा पूजिएका भुवनेश्वरी, झंकेश्वरी, पिंगला (वज्रेश्वरी), वत्सला, मंगला लगायतका सबै देवीहरूको प्राचीनतातिर संकेत गरेको छ ।

निशिसञ्चारतन्त्रको प्रसंगबाट पशुपति र गुह्येश्वरी पीठको आपसी सम्बन्ध समेत प्रमाणित हुनपुग्नाले बालाजु नजीकको हाल 'पुरानो गुह्येश्वरी' का रूपमा प्रसिद्ध भएको पीठ[45] वा हनुमान्ढोकास्थित महालक्ष्मीस्थानको पीठ पो कतै प्राचीन गुह्येश्वरी पीठ हो कि भन्ने शंकाको समेत समाधान भएको छ । वास्तवमा हिमवत्खण्ड आदि स्थानीय पुराण, माहात्म्य वा वंशावली आदि उपलब्ध सामग्रीहरुमा पनि गुह्येश्वरीको पीठ श्लेष्मान्तक वनमा नै देखाइएको छ र श्लेष्मान्तक वनमा अवस्थित पीठका अतिरिक्त अन्यत्रको कुनै पनि पीठलाई गुह्येश्वरीको मूलपीठ सिद्ध गर्न कुनै प्रमाण उपलब्ध छैन ।

---

[44] विविध प्राचीन पूजापद्धतिहरूबाट ।

[45] हाल 'पुरानो गुह्येश्वरी' को रूपमा प्रसिद्धि पाएको पीठ निकै नयाँ देखिन्छ । यहाँ भेटिएको सबैभन्दा पुरानो अभिलेख वि.सं. १८६० को नरसिंह गुरुङको देखिन्छ, तर यसमा 'गुह्येश्वरी' मात्र भनिएको छ । अतः यस पीठलाई किन र कहिलेबाट 'पुरानो गुह्येश्वरी' भन्न थालियो भन्ने विषयमा अलग्गै विचार गर्न आवश्यक देखिन्छ ।

यसै प्रसंगमा 'गोपालराजवंशावली'मा उल्लेख भएका भृंगारेश्वर र भृंगारेश्वरीका विषयमा पनि केही चर्चा गर्नु परेको छ । भृंगारेश्वरका रूपमा पशुपतिलाई स्वीकारिंदै आएको छ भने भृंगारेश्वरीका रूपमा गुह्येश्वरीलाई लिन सकिने सम्भावनातिर महेशराज मन्तले संकेत गर्नुभएको छ[46]। 'भृंगार' शब्दले स्वर्णकलशलाई पनि बुझाउने र स्वर्ण-कलशमा पूजिने देवीलाई भृंगारेश्वरी भनिएको हुनसक्ने उहाँको राय रहेको छ । महेशराज पन्तले औंल्याउनु भएको सम्भावना र यस लेखमा उद्धृत गरिएका पुष्पिका वाक्य र प्राचीन ग्रन्थहरूका उद्धरणबाट निस्कने निष्कर्ष दुवै एकै दिशामा उन्मुख छन्, तर मध्यकालको कमजोर सामग्रीमा एकैपल्ट मात्र आएको भृंगारेश्वर भृंगारेश्वरीको उल्लेखलाई पशुपति र गुह्येश्वरीसंग गाँस्नु त्यत्रि युक्तिसंगत देखिन्न । सुनागुठीमा भृंगारेश्वरको मन्दिर छ । मेरो विचारमा गोपालराजवंशावलीका लेखक सुनागुठीको आसपास बस्ने व्यक्ति हुन सक्छन् र उनले भृंगारेश्वरप्रति आफ्नो आदर प्रकट गर्न शिव र शक्तिलाई भृंगारेश्वर र भृंगारेश्वरीका रूपमा संझेका हुन सक्छन् ।

बुँदागत रुपमा माथि दिइएका तथ्यहरुलाई प्रस्तुत गर्दा,

१. नेपाल उपसन्दोह वर्गको तान्त्रिक पीठ हो ।
   प्रमाण: निशिसञ्चार, तन्त्रालोक, बौद्ध सङ्कल्प र स्वयम्भूपुराण
२. नेपालपीठकी देवी गुह्येश्वरी हुन् ।
   प्रमाण: निशिसञ्चार, मन्थानभैरव, विमलप्रबोध
३. गुह्येश्वरी र पशुपति दुवै नेपालपीठका अधिष्ठाता हुन् । यिनको सह-अस्तित्व छ।
   प्रमाण: निशिसञ्चार, मन्थानभैरव

---

46 स्वयम्भूपुराण, पृ. १८८–१८९

४. गुह्येश्वरीको पीठ देवपत्तनमा छ ।

प्रमाण: नेपालमाहात्म्य, हिमवत्खण्ड र वंशावलीहरू

५. गुह्येश्वरीको मूलपीठ अन्यत्र मान्दा स्थानीय सामग्रीको विरोध हुन्छ, देवपत्तनमा पाए जति प्रमाणसामग्री पनि पाइंदैन, प्राचीन तन्त्रहरूले प्रमाणित गरेको पशुपति गुह्येश्वरीको सहअस्तित्वको विरोध हुन्छ, परम्पराको विरोध हुन्छ ।

शाक्त चिन्तन र नेपालपीठको गुह्येश्वरी परम्परा

शाक्त-उपासनाको वैचारिक भूमि

कुनै पनि धर्म मत वा परम्पराका पछाडि एक निश्चित वैचारिक पृष्ठभूमि हुन्छ र यसैका आधारमा विश्वास, मूल्यमान्यता र चिन्तन प्रणाली अघि बढेको हुन्छ । यही वैचारिक पृष्ठभूमि नै दर्शन हो । विभिन्न प्रवाहमा फैलिएको गुह्येश्वरी परम्परा लगायतका सबै शाक्त परम्पराहरू पनि यस्तै केन्द्रीय वैचारिक पृष्ठभूमि किंवा दर्शनमा आबद्ध छन् । शाक्त दर्शन अनुसार परमतत्त्वको अभिव्यक्ति स्वतन्त्रताका रूपमा हुने गर्छ । त्यसैले परमतत्त्व, परमतत्त्वको तत्त्वान्तरपरिणाम, मुक्ति, उपाय सबै नै स्वतन्त्रताका विविध रूप हुन् । स्वतन्त्रतालाई शाक्तहरूले परमतत्त्व किंवा शक्तिका रूपमा मानेका छन् । यस शक्तितत्त्व अथवा स्वतन्त्रताभित्र पूर्णता र निरपेक्ष बोध एकाकार हुन्छन् अर्थात् यो स्थिति पूर्णताको निरपेक्ष बोधको पनि श्रोत हो । बौद्धमतमा यही नै प्रज्ञा र उपायको, शून्यता र महाकरूणाको सामरस्य महासुख हो । शैवहरूको मतमा यही नै शिव र शक्तिको साऽस्य परमशिवता हो । यही नै “सहज” हो र सामान्य एवं व्यावहारिक भाषामा प्रकृति र पुरुषको हरेक रूपको अन्तःसमाश्रय हो । त्यसैले यहाँ शाक्तदर्शनका दुई आधारभूत कुराहरू– शक्तितत्त्व र सामरस्य स्थितिका बारेमा छोटो चर्चा प्रस्तुत गरिन्छ ।

शक्तितत्त्व

अखण्ड र स्वयम्प्रकाश चेतना शक्तिको मूल स्वरूप हो । शक्तिलाई ज्ञानीहरू संवित्, परा, प्रतिभा, ऊर्मि, स्फुरत्ता, महासत्ता, महार्थ, विसर्गशक्ति, स्वातन्त्र्यशक्ति, हृदय, स्वात्मदेवता, काली वा कालसंकर्षिणी, क्रमशक्ति, अक्रमतत्त्व आदि नामले तात्त्विक रूपमा वर्णन गर्ने गर्छन् । यसैगरी एउटै शक्तितत्त्वलाई भक्तहरू भावनाभेदले सम्प्रदाय र आम्नायमा बाँडी विभिन्न अनगिन्ती विशेषणात्मक नाम र रूपमा भावना उपासना र व्याख्या गर्ने गर्छन् । शक्ति अपरिच्छिन्न प्रकाश हो र यही प्रकाशमा विचित्र दृश्यका रूपमा सांसारिक तत्त्वहरूले आकार लिन्छन् । शक्तितत्त्व सर्वतत्त्वमय भएकोले कुनै पनि देश ,काल र परिस्थितिमा यसको अपलाप हुन सक्तैन ।

मलावृत बाँधिएका प्राणीलाई भिन्न भिन्न र अनन्त रूपमा विश्वको भान हुन्छ, तर योगीहरूलाई देश तथा कालद्वारा अनवच्छिन्न गम्भीर र निश्चल समुद्र झैं शान्त स्वरूपमा अनन्त र अद्वय रूपमा विश्वको भान हुनेगर्छ । शक्तिको परस्वरूप देश, काल, आकार, निमित्त आदि कुनै पनि सीमामा बाँधिन सक्दैन, बरू यी सीमाहरू नै शक्तिमा आश्रित रही परिभाषित हुने गर्दछन् । शक्ति अथवा परमतत्त्व कहिल्यै पनि दृश्य वा वाच्य हुन सक्दैन, यसैले यसको उपदेश वा निदर्शन पनि हुनसक्दैन । परन्तु चेतना किंवा आत्मतत्त्वका रूपमा सधैं र सबै ठाउँमा सबै प्रकारले यो भासित हुनेगर्छ ।

वास्तवमा स्वात्मदेवता अर्थात् आत्मतत्त्व नै सबैको मूल कारण हो । त्यसैले जीवनको सर्वोत्कृष्ट लक्ष्य पनि यही हो र परमार्थप्राप्तिको सबैभन्दा सजिलो उपाय पनि यही नै हो । शिवतत्त्वदेखि लिएर पृथ्वीतत्त्वसम्म, समष्टिदेखि व्यष्टिसम्म यो सम्पूर्ण

परिदृश्यमान संसार चितिशक्तिकै उल्लास हो । तसर्थ विश्वको उत्पत्ति र विनाश, यसको वृद्धि र क्षय, यसको स्थिति, विवर्तन र परिणाम सबै नै शक्तिचक्रको विस्तारका विविध चरणमात्र हुन् । वस्तुतः आभास किंवा प्रतीतिको निरन्तरता नै उत्पत्ति हो भने त्यस निरन्तरताको प्रवाहलाई एउटा विषय वा इकाईका रूपमा ग्रहण गर्नु स्थिति हो र उक्त इकाई वा विषयलाई स्वीकार गर्ने क्रम टुट्नु संहार हो । त्यसैले सृष्टि स्थिति संहार आदि सबै क्रमबाट विश्वको विमर्श गर्नमा चितिशक्ति सर्वथा स्वतन्त्र छे । चितिशक्ति आफैंमा परिपूर्ण भएकीले स्वयं स्वतन्त्र रूपबाट अर्थात् अरु कसैको अपेक्षा नराखिकन आफैं सृष्टिक्रमका माध्यमले परशिवबाट अलग्गिन्छे, त्यस प्रकारको स्थितिलाई केही समय कायम राख्छे र अन्ततः यसलाई आफैंमा समेटेर उही परमाद्वय अवस्थामा समरस अथवा एकरूप हुन्छे । मूलरूपमा शक्ति असीम, अज्ञेय स्वप्रकाशरूप र कार्यकारणभावदेखि पर छे । कार्यकारणभाव अथवा कार्यक्षण तथा कारणक्षणको परस्परको सम्बन्ध क्रममा आधारित छ र पराशक्ति भने क्रमदेखि माथि छिन् अर्थात् अक्रम छिन् । यहाँ कुनै कार्यकारणभाव हुँदैन र भएपनि कार्य र कारणका बीचमा सामान्यवस्थामा झैं भेद र तारतम्य रहँदैन । त्यसैले शक्तिको स्पन्दन र जगत्को उत्पत्तिमा कुनै क्रमात्मक कार्यकारणभाव हुँदैन, हुन्छ त केवल यी दुवै कुराको अक्रम यौगपद्य । यसरी परा शक्ति प्रमाता, प्रमाण र प्रमेयको त्रिकोणीय द्वन्द्वबाट हुने प्रमितिबाट पनि टाढा छे, तर यसको मतलब शक्तिको ज्ञान अथवा प्राप्ति नै हुँदैन भनिएको भने होइन । जसरी गंगामा चुर्लुम्म डुबेर खेलिरहेको मानिसलाई पानी पिउने इच्छा हुँदैन र भइहाले पनि यसका लागि कुनै उपायको आवश्यकता पर्दैन, त्यसैगरी सर्वत्र व्याप्त परा संविद्को सिद्धिका लागि पनि कुनै प्रमाणको

आवश्यकता पर्दैन । आफैंलाई सिद्ध गर्न कसैले पनि प्रमाणको खोजी गर्दैन र गरिहाले पनि आत्मस्पन्दन नै यसको प्रमाण हुन्छ ।

शक्तिको स्वरूप स्वतन्त्रता हो, त्यसैले ऊ स्वेच्छाले आफ्नै आधारमा विश्वलाई एउटा चित्रकारले चित्रपटमा आफूलाई चित्रका माध्यमले पोखेझैं उतार्छे । जसरी ऐनामा परेको प्रतिबिम्ब ऐनाका अतिरिक्त केही पनि होइन र पनि अलग रूपमा देखा पर्छ, त्यसैगरी चेतनामा प्रतिबिम्बित यो संसार पनि चेतनाका अतिरिक्त केही नहुँदानहुँदै पनि केही हो भन्ने भान हुन्छ । वस्तुतः संसार भनेको शक्तिको विस्तार हो र शक्ति भनेको शिव नै हो । त्ससैले यो संसार चेतनाको समुद्र हो, झूठो होइन, काल्पनिक होइन । स्वातन्त्र्यशक्ति सदासर्वदा आफ्नो पूर्णप्रकाशरूपमा भासित हुन्छ । त्यसैले उत्कृष्ट–निष्कृष्ट, संकुचित–विस्तृत, गुप्त–प्रकट जे–जे रूपमा संसारमा जुन–जुन वस्तु भेटिन्छन् ती सबै परमशक्तिकै तरङ्ग हुन् ।

शिव शक्ति आदि नामभेद लिङ्गभेद परमतत्त्वमा छैन तरपनि अलिङ्ग तत्त्व सबै लिङ्गमा भासित हुन्छ – शिव रूपले, शक्तिरूपले वा ज्योतिरूपले । यस अखण्डतत्त्वमा बोध र स्वतन्त्रता अभिन्नरूपमा विद्यमान छन् । त्यसैले स्वातन्त्र्यमय बोध र बोधरूप स्वातन्त्र्य जे भने पनि अद्वैत दृष्टिमा यो नै ब्रह्माण्डदेखि शक्त्यण्डसम्म व्यापक आत्मतत्त्व हो ।

शिव र शक्ति एक सिक्काका दुई पाटा हुन् । जसरी मानवता विना मानव हुँदैन र मानव विना मानवता हुँदैन, त्यसरी नै शिव र शक्तिमध्ये एउटालाई हटाएर अर्कोलाई भेट्टाउन सकिन्न । मूलतः दुवै एकै हुन् अर्थात् परम शिव नै परमा शक्ति हुन्, तरपनि व्यवहारकालमा विश्वमयताको स्थितिमा शिवांश आफ्नै पूर्णता र अखण्डतामा साक्षीमात्र भएको हुन्छ भने शक्त्यंश पञ्चकृत्यको क्रमिक उन्मीलनमा सन्नद्ध

हुन्छ । यसरी एउटै तत्त्व एकै समयमा एक अंशले विश्वमय शक्तिरूप र अर्को अंशले विश्वोत्तीर्ण शिवरूप हुन्छ । यही नै शाक्तदर्शनको चिन्तनगत उत्कृष्टता हो ।

अखण्ड परमतत्त्व निराभास भएर पनि साभास छ, साभास भएर पनि निराभास । यो शिव र शक्तिको नित्ययुक्त स्थिति हो । यहाँ हरेक तत्त्व सबै तत्त्व हुन् । त्यसैले शिव शक्ति पनि हो र शक्ति शिव पनि । प्रकाशले विमर्शक्रिया छोड्न सक्दैन भने विमर्शले पनि प्रकाशकर्तृत्व छोड्न सक्दैन । यसलाई तान्त्रिक शब्दावलीमा सामरस्य र आनन्द समेत भनिन्छ । यो सामरस्य शिव र शक्ति, प्रकाश र अप्रकाश, भाव र अभाव, जड र चेतन हरेकको सामरस्य हो ।

स्वात्मसंवित्ति स्वयंमा स्थित रहेर पनि विश्व सृष्टि गरिरहेको छ अर्थात् आफ्नो स्वरूपदेखि अलग्गै रूपमा विश्वलाई प्रकाशित गरिरहेछ । यसका अतिरिक्त भिन्न रूपमा विश्वलाई प्रकाशित गर्नुअघि आफ्नो निजी स्वस्वभावलाई आत्मसंकोचद्वारा लुकाएर ऊ स्वयं खण्डित र अपूर्ण रूपमा अणु भएर देखापरेको छ । यो सबै उसैको स्वतन्त्रतामा आधारित छ । यसका साथै ऊ स्वातन्त्र्यभित्रको अनुग्रह शक्तिद्वारा आत्मप्रकाशको सम्पादन गरेर अपूर्ण अंशलाई आफैंमा गाभ्दैछ अर्थात् आफूलाई पूर्ण स्वरूपमा प्रतिष्ठित गराउँदैछ । यसरी पञ्चकृत्यको कर्ता, विषय, साछी, माध्यम, उपकरण सबै ऊ नै हो । ऊ एक नर्तकझैं हो जो स्वयं नाच्छ, स्वयं हेर्छ र आफ्ना भावभंगिमालाई देखेर मुग्ध हुन्छ साथै ती ती भावबाट प्रभावित पनि हुन्छ ।

भगवती पराशक्ति आनन्दले उच्छलित भएर आफैंलाई आफैंले सृष्टिका रूपमा प्रकटित पार्छे । खेल–खेलमा ऊ शिव अथवा आफैंलाई संकुचित पार्छे, विभिन्न अंशमा टुक्र्याउँछे र संसारमा पठाउँछे । जब

खेल समाप्त हुन्छ फेरि आफ्ना खण्डित अंशहरूलाई सामरस्यमय निजीरूपमा नै फर्काएर प्रतिष्ठित गराउँछे । यी दुवै प्रक्रियामा स्वातन्त्र्यशक्ति किंवा पराशक्तिको प्रमुख भूमिका हुन्छ । यसका साथै यी प्रक्रियाहरूमा स्वातन्त्र्यशक्तिका सहयोगी अन्य अवान्तर शक्ति पनि सक्रिय हुन्छन् । पराशक्तिको संसारतिरको यात्रामा यी शक्तिहरू अणुत्वसम्पादक र संकोचकारक तत्त्वका रूपमा कार्य गर्छन् भने जीवको स्वतन्त्रतातिरको यात्रामा यिनै शक्तिहरू पारमैश्वर्यको र प्रत्यभिज्ञाको माध्यम बन्छन् ।

सृजनाको पूर्वसन्ध्यामा परिपूर्ण पराचिति, जो पूर्णाहन्ताका कारण सर्वातिशायिनी छे, अलगअलग र धेरै रूपमा प्रकट हुने इच्छा राख्छे र आफ्नो स्वरूपलाई खण्डित पारी स्वतन्त्रताका बलले दुई रूपमा आभासित हुन्छे । अब परिपूर्ण पराचितिमा अभिन्न रूपमा रहेको विश्व भिन्न-भिन्न रूपमा देखा पर्छ र ग्राह्य–ग्राहक एक–अर्कामा विभक्त भएर प्रकट हुन्छन् । यो विभाग विस्तारै गाढा हुँदैजान्छ र पूर्ण 'अहं' अपूर्ण 'अहं' र 'इदं' मा बाँडिन्छ । वस्तुतः यो पहिलो अभिव्यक्ति हो र यसमा इच्छाशक्तिको प्रधानता रहन्छ । यस अवस्थामा विश्व चित्रकारले बनाउन खोजेको काल्पनिक चित्रजस्तै धूमिल हुन्छ । यहींबाट छत्तीस तत्त्वको आविर्भाव हुन्छ, भेद शुरु हुन्छ । यहाँ शिव र शक्ति हुँदै सदाशिव तत्त्व अभिव्यक्त हुनपुग्छ र 'अहमिदम् – म यो हुँ' भन्ने परामर्श हुन्छ । यस परामर्शमा आएको 'अहम्' समष्टि चेतना अर्थात् विश्व प्रमाताको अहंबोध हो भने 'इदम्' सम्पूर्ण विश्वको द्योतक हो । सदाशिवतत्त्वमा इदं अंश पूर्ण अहंको संकोचबाट बनेको हुन्छ । यद्यपि सदाशिवले विश्वलाई आफूभन्दा अलग्गै ठानेको हुन्छ तथापि सधैं उसले यसलाई 'यो सबै म नै हुँ' भनेर अभेदमा स्थापित गराएको हुन्छ । सदाशिवतत्त्वमा आइपुग्दा आत्मभावमा अनात्मभाव

सूचित हुन थाल्छ, तर यहाँ अनात्मभाव स्वतन्त्र नभएर आत्मभावकै धर्मरूपमा देखा परेको हुन्छ । त्यसैले विश्व चितिशक्तिको स्वातन्त्र्यदेखि भिन्न पनि हुँदैन र अभिन्न पनि हुँदैन । अतः यस अवस्थालाई परापर अवस्था भनिन्छ । सदाशिव पहिलो आभास हो । आभासका लागि प्रमाता र प्रमेय दुवैको आवश्यकता रहन्छ र यस सर्वव्यापी दशामा प्रमाता र प्रमेय दुवै चेतना मात्र हुन् । यसरी यस अवस्थामा सत्ताको ज्ञापन हुने हुनाले यहाँ ज्ञानशक्तिको प्रधानता रहन्छ ।

शाक्त अभिव्यक्तिको अर्को चरणमा पहिले अस्पष्ट रहेको 'इदं' अंश स्पष्ट रूपमा देखा पर्छ । यस अवस्थामा क्रियाशक्तिको प्राधान्य रहन्छ र यस स्थितिलाई ईश्वरतत्त्व भनिन्छ । यस स्थितिमा 'अहं' र 'इदं' का दुई परामर्श समानरूपमा स्पष्ट हुन्छन् । ईश्वतरतत्त्वका स्तरमा विश्वको अभिव्यक्ति बाह्य रूपमा स्पष्ट हुन्छ । यहाँ 'इदमहम्– यो म हुँ' भन्ने परामर्श हुन्छ । यस दशामा पनि विश्वको बोध 'अहं' अर्थात् आत्मचेतनाभित्र नै हुन्छ । सदाशिव र ईश्वर दुवैमा ग्राह्य र ग्राहक 'म' र 'यो' मा कुनै भेद छैन, फरक केवल यतिमात्र हो कि एउटामा अहं प्रधान हुन्छ र अर्कोमा इदम् । ईश्वरतत्त्वबाट शुद्धविद्याको उत्पत्ति हुन्छ । यस दशामा 'अहं' र 'इदं' दुवै भिन्न भिन्न रूपमा भासित हुन्छन् । यहाँबाट भेद प्रारम्भ हुन्छ तापनि यहाँ भेदभित्र अभेद रहेको हुन्छ । यस तत्त्वमा 'इदं च अहं च – विश्व पनि छ र म पनि छु' भन्ने परामर्श हुन्छ । विश्व आत्मचेतनाबाट भिन्न छ, किन्तु सर्वथा भिन्न भने छैन । विश्व आत्मचेतनादेखि अलग्गै रूपमा भासित हुन्छ तर यो अहंकै प्रारूप सिवाय केही पनि हुँदैन । त्यसैले यस अवस्थालाई 'शुद्ध' भनिन्छ । यहाँ इच्छा ज्ञान र क्रिया तीनवटै जुटेका हुन्छन् । यहाँ क्रियाको प्राधान्य रहन्छ ।

शुद्धविद्यापछि शुद्धाशुद्ध तत्त्वहरु अस्तित्वमा आउँछन् । माया, विद्या, कला, राग, काल, र नियति यी ६ तत्त्वहरू शुद्धाशुद्ध तत्त्वहरू हुन् । यी तत्त्वहरू यिनका शुद्धविद्याको बहाव यथावत् नै रहने हुनाले 'शुद्ध' र यिनले प्रमातालाई निगृहीत पार्ने हुनाले यी तत्त्वहरू 'अशुद्ध' भनिएका हुन् । यिनलाई षड्कञ्चुक पनि भनिन्छ । 'षड्कञ्चुक' अर्थात् ६ वटा भोटो । 'परप्रमाता' यिनै ६ वटा भोटाहरू लगाएर सकलप्रमाता बन्न पुग्छ । यी ६ वटा तत्त्व आवरक तत्त्व हुन् । यिनले परप्रमातामा रहेको सबै ऐश्वर्यलाई सीमित पारि-दिन्छन् । जसरी कालो–नीलो रंगको काँचबाट पार भएको सूर्यको प्रकाश कालो–नीलो नै हुन्छ, त्यसरी नै यी–यी तत्त्वहरूबाट पार भई चितिशक्ति पनि देश काल आकार र उपाधि आदिबाट संकुचित हुन्छ र उसको सर्वज्ञता किञ्चिज्ज्ञतामा र सर्वकर्तृता किञ्चित्कर्तृतामा परिणत हुन्छ । यसपछि शिव जीव किंवा पुरुष हुन्छ र मायातत्त्वदेखि पृथ्वीतत्त्वसम्म व्याप्त भएर रहन्छ । अब सबै प्रमाता परिमित हुन्छन् र एक–अर्कासंग बिलकुल अलग–अलग हुन्छन् । यिनका प्रमेय पनि त्यसैगरी परिमित र भिन्नभिन्न नै हुन्छन् ।

सामरस्य स्थिति

सामरस्य भन्नाले 'दुई तत्त्व परस्परमा पूर्णतया मिल्नु' भन्ने बुझिन्छ । यो यस्तो स्थिति हो जहाँ चिद् र अचिद् एकरस स्वभावमा रहन्छन् । सामरस्य भनेको परस्पर विरुद्ध जड र अजडको मिलन–बिन्दु, शिव र जीवको विश्रान्तिपद र संसारको मूलबीज हो र सामरस्य अवस्थामा सबै तत्त्वको अस्तित्व हुन्छ तर पनि एउटै तत्त्वका रूपमा

ती सबै समेटिएका हुन्छन् । सामरस्य नै वास्तविक अद्वय हो, र द्वैत र अद्वैतको एकता हो ।

शिव अखण्ड अविभक्त प्रकाश हो र शक्ति उसको आत्मविश्रान्ति अर्थात् आत्मबोध हो । शक्तिवियुक्त दशामा शिव प्रकाशरूप भएर पनि एक प्रकारले अप्रकाश हुन्छ । शक्ति बिना शिवको स्वप्रकाशता नै सिद्ध हुँदैन । पृथ्वीदेखि अनाश्रित शिवसम्मका विविध तत्त्वहरूलाई आश्रय बनाई शिव नै धेरै प्रकारका प्रमाता र प्रमेय बनेको छ । तर यस अवस्थादेखि माथि अर्थात् विश्वभन्दा माथि शुद्ध सर्वत्मक अवस्था छ र यसलाई विश्वोत्तीर्ण अवस्था भनिन्छ । यहाँ सबै भाव प्रकाशात्मक छन्, अझ भनौं भने यहाँ प्रकाशै–प्रकाश छ, तर यसको बाह्य अभिव्यक्ति भने छैन । यी दुवै विश्वमय र विश्वोत्तीर्ण अवस्थादेखि माथि अर्को एक स्थिति छ, जहाँ एकैकालमा प्रकाशमात्रता पनि छ र त्यसको विमर्श पनि छ अर्थात् यो तत्त्व विश्वोत्तीर्ण विश्वमय उभयरूप छ । यहाँ शिव र शक्ति मिथुनाकार मुद्रामा छन् । मानौं शिवात्मक प्रकाश तरलायित छ र शक्तिरूप विमर्श घनीभूत भएको छ । यही नै सामरस्य दशा हो ।

विश्व शक्तिचक्रको विस्तार हो र शिव विश्वातीत छ, तर सामरस्य अवस्थामा शिवको शक्तिका साथै पूर्णयोग रहेको हुन्छ र त्यसबेला दुवै समरस अर्थात् समप्रधान हुन्छन् । शिव शक्तिमा अन्तर्निहित छ र शक्ति शिवमा । यसरी दुवैमा दुवै रहेर पनि दुवै एकरस हुन्छन् । ग्राह्यग्राहकादि केही पनि त्यस सामरस्यदेखि वस्तुतः अलग छैनन् । यस अवस्थामा सर्व–सर्वात्मकता अर्थात् सामरस्यरूप आनन्दतत्त्व नै शिव–शक्ति, जड–चेतन, विद्या–अविद्या, व्यक्त–अव्यक्त सबै हो भन्ने कुराको बोध हुन्छ ।

शिव र शक्तिको मिथुनमा ठूलो रहस्य लुकेको छ । संसारका सबै प्रक्रिया र त्यसदेखि माथिको तत्त्वसंग त्यसको सम्बन्धको व्याख्या शिव र शक्तिको सामरस्यमा झल्कन्छ । शिव र शक्तिको सामरस्यलाई अर्को शब्दमा सामरस्यमा झल्कन्छ । शिव र शक्तिको सामरस्यलाई अर्को शब्दमा 'कामकला' भनिन्छ । कामकलामा अग्नि र सोम दुई परस्पर विरुद्ध तत्त्व छन् । सृष्टिमा सोमको प्रधानता र अग्निको गौणता रहन्छ भने संहारमा अग्निको प्रधानता र सोमको गौणता रहन्छ । अग्निको काम शोधन अर्थात् संहार हो । त्यसै गरी सोमको काम आप्यायन अथवा सृष्टि हो । त्यसैले एक अर्कोको विपरीत दिशामा अग्नि र सोमको संघर्ष चलिरहन्छ । अग्नि र सोमको संघर्षको विपरीत दिशामा विषमताका कारण सृष्टि र संहारको क्रिया चल्दछ । यहाँ हार्धकलाको उन्मेष हुन्छ र तत्त्वरचनाक्रम शुरु हुन्छ । अग्नि कालरूपी संहारशक्ति हो, यसले जब सोमबिन्दुलाई आघात पुर्‍याउँछ तब सोमबिन्दु विगलित हुन्छ । यसैगरी जुनबेला सोमले अग्निलाई ठक्कर दिन्छ, त्यसबेला सोमरूपी इन्धन पाएर अग्नि प्रज्वलित हुन्छ र रसको शोषण हुन्छ । यसरी संहार र सृष्टि क्रमशः अग्नि र सोमको कार्य भएपनि दुवै प्रक्रियामा अर्को तत्त्वको सहयोग रहेको हुन्छ, तर जब अग्नि र सोम तुल्यबल भई समप्रधान हुन्छन् त्यसबेला सृष्टि र संहारको परस्पर विपरीत दिशाको गति स्थगित हुनपुग्छ, यही 'स्थिति' हो । स्थितिको दशालाई 'रवि', 'सूर्य' या 'काम' पनि भनिन्छ ।

कामकला परमाद्वय महाबिन्दु हो र शिव तथा शक्ति श्वेतबिन्दु र रक्तबिन्दु हुन् । निराकार शिव विमर्श शक्तिमा प्रविष्ट भएर आफ्नो बिन्दुरूप स्वरूपमा देखा पर्छ भने पूर्णाहन्तास्वरूपिणी शक्ति शिवलाई आफैंभित्र समेटेर भासित हुने गर्छे । यी दुईको रमणबाट नै संसारको संकोच र विस्तार हुन्छ । यी दुई बिन्दुबाटै चार प्रकरका वाणी र

३६ तत्त्वको उत्पत्ति हुन्छ । यी दुईको संयोग नै कामेश्वरीको दिव्य मिथुन हो । कामकला अन्तर्गत श्वेतबिन्दु शिवात्मक छ र रक्तबिन्दु शक्त्यात्मक । यी दुवै परस्पर एक अर्कामा अनुप्रविष्ट हुन्छन् । कुनै बेला शिवबिन्दुको संकोच र शक्रिबिन्दुको विस्तार हुन्छ भने कुनैबेला यसको विपरीत । यी दुवै एकआपसमा अनुप्रविष्ट मात्र नरही यदाकदा पृथक् पनि हुने गर्छन् । जब शिव विमर्शमय शक्तिमा प्रवेश गर्छ वा शक्ति प्रकाशमय शिवमा प्रवेश गर्छे, त्यसबेला बिन्दु घनीभूत हुन्छ र त्यसबाट मिश्रबिन्दु किंवा नादको उत्पत्ति हुन्छ । यो तेजोमय बीजरूप र सूक्ष्म हुन्छ । मिश्रबिन्दु अकारवाच्य प्रकाश र हकारवाच्य विमर्शको मिथुन हो, परस्परानुप्रवेशको अनुकूल स्थिति हो । यही 'अहं' पद हो, काम अथवा रवि हो । यसमा अकारदेखि हकारसम्मका सबै वर्ण तथा पाँचै मूलतत्त्व समेटिएका छन् । यसरी सामरस्य स्थितिमा शिवमा पाँचै मूलतत्त्व समेटिएका छन् । यसरी सामरस्य स्थितिमा शिवमा शक्ति र शक्तिमा शिव अविनाभावले स्थित छन् ।

शाक्त-उपासनाका तीन भेद

तान्त्रिक किंवा शाक्त परम्परामा उपासनाका तीन कोटि भेटिन्छन् – योगोपासना, ध्यानोपासना र पूजोपासना अर्थात् साकारोपासना[1] ।

---

[1] त्रिविध उपासनालाई तन्त्रशास्त्रीय शब्दावलीमा त्रिविध उपाय भन्न मिल्छ । त्रिविध उपायभित्र शाम्भवोपाय, शाक्तोपाय र आणवोपाय पर्दछन् । यी तीनका अतिरिक्त यी भन्दा माथि अर्को एक 'अनुपाय' को उल्लेख पाइन्छ । 'अनुपाय' मा सीधै उपायको अवलम्बन भएको हुँदैन र यस अवस्थामा पूर्वाधारहरूको पृष्ठभूमिमा अचानक अक्रम तत्त्वज्ञान हुन्छ । उपायहरू तथा अनुपायका सम्बन्धमा विस्तृत विचारका लागि हेर्नुहोस् – मालिनीविजयतन्त्र २।२१–२३, तन्त्रालोक आह्निक १–४, आचार्य २०५३कः ८१–८७।

गुह्येश्वरी परम्परामा पनि पूजाका यिनै क्रम तथा कोटि भेटिन्छन् । योगोपासना सर्वोत्कृष्ट तहको पूजा हो । आफ्नो शरीरभित्र प्राणरूपमा परिणत भएकी संविद् शक्तिलाई सधाएर मूलाधारचक्र अथवा अधःकुण्डलिनीमा सर्पझैं साढे तीन फन्का गुडुल्किएर बसेकी कुलशक्तिलाई सहस्रारचक्र अर्थात् ऊर्ध्वकुण्डलिनीमा आसीन अकुल परमशिवसँग समरस गराउने क्रम नै योगोपासना हो र यसैलाई अन्तर्याग पनि भनिन्छ[2] । शाक्तदर्शन अनुसार शरीरभित्रका इडा, पिंगला र सुषुम्ना नाडीहरूका[3] बाटाबाट हाम्रो चेतना दुई धारामा बगेको छ – प्रकट रूपमा इडा र पिंगलाको बाटोबाट संसारतिर र भित्री तहमा सुषुम्नाको बाटोबाट स्वतन्त्रतातिर, मुक्ति र पारमैश्वर्यतिर । योगोपासना अर्थात् अन्तर्यागमा चेतनालाई इडा र पिंगलाको बाटोबाट नियन्त्रित गरी सुषुम्नाको भित्री बाटोतिर एकोहोर्‍याइन्छ । यसका लागि मेरुदण्डको तल्लो बिन्दुदेखि माथिल्लो बिन्दुसम्म संयमका विभिन्न बिन्दुहरूको कल्पना गरिएको छ र तिनलाई चक्र भनिन्छ । सामान्यतथा यिनको संख्या ६ मानिन्छ तापनि यस्ता बिन्दुहरूको संख्या ४, ६, ९, १०, १२, १३, २०, २२ वा अझै बढी

---

[2] अन्तर्याग किंवा कुलयागको स्वरूप साधकको क्रम र आम्नायमा आधारित रही बाह्य रूपमा फरक हुने गर्दछ, तर यसको मूल स्वरूपमा अर्थात् आन्तरिक चक्रमा गरिने भावनामा भने समानता नै रहन्छ । विस्तृत जानकारीका लागि हेर्नुहोस् – तन्त्रालोक आह्निक २९।

[3] नाडीहरूको संख्या असीमित छ । त्यसैले उपनिषद् तथा तन्त्रग्रन्थहरूमा ७२००० नाडी, साढे तीन करोड नाडीको चर्चा पाइन्छ । तर सुषुम्नालाई नै यी सबै नाडीहरूको मूल मानिन्छ । यहाँ उल्लिखित ३ नाडीहरू भने साधनाक्रमको आवश्यकता अनुसार समेटिएका प्रतिनिधि नाडी हुन् ।

पनि हुनसक्छन्[4] । शरीरभित्र जड भई गुडुल्किएर बसेको सर्पझैं बसेको प्राणशक्तिलाई जगाउने क्रम भएकोले यसैलाई मुण्डलिनी योग पनि भनिन्छ । यसैगरी कुल अर्थात् शरीरभित्र रहेको चेतनाको विकास गरी कुल किंवा ब्रह्माण्डको मूल चेतना अर्थात् परमतत्त्व प्राप्त गर्ने साधना भएकाले यसलाई कौलिक साधना पनि भनिन्छ[5] । महाकालसंहितामा यसैलाई शरीरयोग भनिएको छ[6] ।

ब्रह्माण्डमा र हाम्रो शरीरमा कुनै फरक छैन । त्यसैले ब्रह्माण्डमा रहेका विशेष शक्तिहरू प्राप्त गर्न शरीरभित्रका शक्तिहरूको विकास गर्नुपर्छ । यसैगरी विश्वोत्तीर्ण महा-सत्ताको ज्ञान गर्नु छ भने षड्चक्रभेदन गरी यी शक्तिहरूको अतिक्रमण गर्नुपर्छ । जसरी काठभित्र सुप्त र संभाव्य रूपमा रहेको आगो अरणि–मन्थन गर्नाले उद्दीप्त हुन्छ, त्यसरी नै साधनाद्धारा सुप्त अवस्थामा रहेको कुण्डलिनीलाई जगाउन सकिन्छ र शरीरभित्रको संभाव्य शक्तिलाई विकसित पार्न सकिन्छ । कुण्डलिनी जागरण भैसकेपछि साधना कर्मकाण्ड आदि सबै क्रियाकलाप अरणिमन्थनबाठ आगो निस्कँदा दाउरा डढेझैं आफैं बिलाउन पुग्छन्[7] । कुण्डलिनी जागरणको क्रममा क्रमशः अहंकार क्षीण हुँदैजान्छ र कर्तृत्वबोध नष्ट हुन्छ । कर्तृत्वबोध नष्ट भएपछि यसमा आधारित सबै प्रकारका बाह्य साधना आफसेआफ छुट्छन् । कुण्डलिनी जागरण भएपछि साधक स्रोतापन्न हुन्छ । जसरी अनुकूल

---

[4] भिन्न भिन्न परम्परामा चक्रहरूको संख्या तथा नाम समेत फरक पाइन्छ । कुण्डलिनी योग नाम र संख्या-भेदले बौद्ध जैन आदि परम्परामा समेत प्रचलित छ ।

[5] हेर्नुहोस् – परात्रीशिका १–२

[6] महाकालसंहिता ११औं पटल।

[7] पूर्ववत्

नदीको स्रोतबाट तलतिर ढुँगा हेलिदिने हो भने त्यसलाई समुद्रसम्म पुर्‍याउन अर्को कुनै प्रयत्न गर्नुपर्दैन त्यसरी नै कुण्डलिनी जागरणपछि सुषुम्नाको ऊर्ध्वप्रवाहमा मन र प्राणलाई छोडिदिने हो भने जीवले मुक्त हुन कुनै थप उपायको अवलम्बन गर्नुपर्दैन[8] । षट्चक्रभेदन क्रमबाट हरेक चक्रमा बिन्दुभेदन गरी अघि बढ्दा साधक व्यष्टि जगत्बाट समष्टि जगत्तर्फ प्रवेश गर्न समर्थ हुन्छ । यसबाट व्यष्टिदेह पिण्डको अहंकार छुट्छ र समष्टिदेह ब्रह्माण्डमा अहंभावना बन्छ । यसबाट पनि अघि बढेमा साधक कालातीत एवं गुणातीत शिवशक्तिसामरस्यरूप परमस्थितिमा पुग्छ[9] ।

योगोपासना अन्तर्गत क्रमयोग, हठयोग, प्राणायाम, योगासन सबै समेटिन्छन्[10] । योगोपासनाबाट आरोग्य, चिरजीवित्व, दूरदर्शिता, दूरश्रोत्रृता, सर्वज्ञत्व, आकाशचारित्व, दिव्यदेहप्राप्ति सहित अणिमादि सिद्धि, अञ्जनादि उपसिद्धि, स्तम्भनादि प्राकृतसिद्धि समेत प्राप्त हुन्छन्,[11] तर यी सबै गौणफल मात्र हुन् र योगोपासनाको मुख्य फल पूर्वजन्मको शुभाशुभ कर्मको क्षय भई निर्मल ज्ञानको उदय हुनु र सांसारिक बन्धनबाट छुटकारा पाउनु हो[12] ।

---

8 स्रोतापन्न अवस्थाका विषयमा बौद्धग्रन्थहरूमा विशेष चर्चा पाइन्छ । मोक्ष वा निर्वाणको मूलप्रवाहमा पुगेको व्यक्ति स्रोतापन्न हो।

9 कुण्डलिनी र यसको जागरणका सम्बन्धमा हेर्नुहोस् – कविराज १९७७: ३०२–३२२, १९७८: ११०–११९।

10 महाकालसंहिता ११ पटल

11 पूर्ववत्

12 पूर्ववत् । गुह्येश्वरीको प्राचीन परम्परामा मत्स्य मांस मद्य मैथुन मुद्रा आदिको साधनका रूपमा प्रयोग र उपभोग हुन्छ र यी योगका विरोधी मानिंदैनन् । तर महाकालसंहितामा भने यी भोगविलासका सामग्री सांसारिक सुख र सिद्धि चाहनेहरूका लागि मात्र भएकाले मोक्षको इच्छा राख्ने साधकहरूका लागि यी

मन अत्यन्त चञ्चल मात्र होइन स्वच्छन्द समेत छ । यस्तो मन र बुद्धिलाई सधाएर एकाग्र पारी इष्टदेवीतिर उन्मुख पार्नु र उनैको सतत चिन्तनमा आफूलाई अर्पित गरिदिनु नै ध्यान या मानसिक पूजा हो । यसमा देवीको स्वरूप ध्यानको निरन्तरता रहन्छ । यो उपासनाको मध्यम चरण हो । योगोपासनामा भगवतीको स्वरूप निराकार मानिन्थ्यो भने यस चरणमा भगवतीको स्वरूप साकार तरपनि निराकार मानिन्छ । अर्थात् विश्व–ब्रह्माण्डमा व्याप्त रहेकी संविद्देवीका रूपमा भगवतीको यस क्रममा भावना गरिन्छ । संसारका सबै जडचेतन पदार्थ भगवतीको चिन्मय अद्वैत स्वरूपमा विलीन हुँदैछन् भन्ने भावना यहाँ गरिन्छ र विश्व–ब्रह्माण्डलाई नै भगवतीका रूपमा हेरिन्छ । यसरी यस क्रममा पर–चित्तत्त्वमा अपर चिदचित्तत्त्वलाई लीन गराइन्छ । यस अवस्थामा विशुद्ध रूपमा अद्वैतको बोध नरहेतापनि अद्वैतको पारमार्थिकताको भने ज्ञान रहन्छ ।

उपासनाको सबैभन्दा तल्लो तहमा बाह्यपूजा अथवा साकारोपासना पर्दछ । यो पूर्णतया भेदको स्थिति हो । मूर्ति, चित्र, यत्र, पुस्तक, स्थण्डिल, कलश, लिङ्ग, अक्षसूत्र, पात्र, प्रतिमा, तूर समेत ११ वस्तुमा साकारोपासना गर्ने विधान छ । यी यी वस्तुहरूमा स्वच्छ ऐनामा प्रतिबिम्ब परेझैं आफ्नो रूप प्रतिबिम्बित भएको र पूज्य

अनुपयुक्त छन् भनिएको छ । ती साधकहरू, जो मोक्षलाई लक्ष्य मानी विरक्तिएर साधनामा लागेका छन्, जो ऐहिक फल र सिद्धिको त कुरो टाढै रहोस् स्वर्गलाई समेत तीतो कुभिण्डो ठान्छन्, तिनीहरू ध्यानपूजा आदि गर्दैनन्, केवल योगाभ्यास गर्छन् भन्ने महाकालसंहितामा उल्लेख छ । महाकालसंहिताका यस प्रकारका भनाईमा प्राचीन परम्परामा रहेको उग्रता र वामाचारलाई संशोधन गर्ने प्रवृत्ति झल्किएको छ ।

देवतासँग तादात्म्य हासिल गरेको भावना यस क्रमको साधकले गर्नुपर्दछ । यसपछि मनोहर फूल, अक्षता, धूप, दीप, आसव, तर्पण, नैवेद्य, चन्दन एवं अन्य उपचारले पूजा गरी गीत नृत्य वाद्य आदि अर्पण गर्नुपर्दछ र जप तथा स्तुति गुर्नपर्दछ । यसबाट साधकले देवतासँग तन्मयता प्राप्त गर्दछ । ऐनामा मुख हेर्दा जसरी मुख हेर्ने व्यक्तिले मुखको यथार्थ स्थिति थाहा पाउँछ त्यसरी नै जप तथा स्तवन–पूजनबाट देवतासँगको तन्मयता सिद्ध हुन्छ भन्ने विश्वास यस स्थितिमा देखिन्छ । यस क्रममा जप स्तुति आदि गरिसकेपछि मुद्राप्रदर्शन गरिन्छ र देवताचक्रलाई आफ्नो बोधमय स्वरूपमा विसर्जन गरिन्छ ।

नेपालपीठको गुह्येश्वरी परम्परा

आठौँ शताब्दीदेखि नै नेपालपीठकी अधिष्ठात्री देवीका रुपमा प्रसिद्ध रहेकी गुह्येश्वरीको परम्परा निकै प्राचीन छ । कुब्जिकामततन्त्रमा गुह्यकालीतन्त्रको उल्लेख छ र यहाँ गुह्यकाली-लाई गुह्येश्वरी र महामाया पनि भनिएको छ । गुह्यकालीतन्त्रको ने.सं. ५२० (इं १४००) र ५२५ (ई १४०५) का दुई प्राचीन प्रति नेपालमा सुरक्षित छन् । कुब्जिकामतमा समेत उद्धृत भएको यो तन्त्र नै गुह्येश्वरी परम्पराको प्राचीनतम ग्रन्थ देखिन्छ । यसपछिको क्रममा योनिगह्वर र परातन्त्र पर्दछन् । गुह्येश्वरीको पद्धतिग्रन्थमा भने विमलप्रबोधको कालीकुल-क्रमार्चनको समय निर्धारण गर्न सकिन्छ । विमलप्रबोध अरिमल्ल (जन्म ११५३–१२१६)का गुरु देखिन्छन् । अभिलेखालयस्थित अमृतेश्वरपूजाको

पुष्पिका वाक्यमा गुजरातको चमत्कार-पुरबाट आएका[13] ब्राह्मण पण्डित आचार्य हरिहरले अरिमल्लले विमलप्रबोधबाट अभिषेक दीक्षा पाएको कुरा लेखेका छन् । यसरी विमलप्रबोधको ग्रन्थ कालीकुलक्रमार्चन बाह्रौँ शताब्दीको अन्त र तेह्रौँ शताब्दीको प्रारम्भतिर लेखिएको ग्रन्थ देखापर्छ । यसपछिको क्रममा ने.सं ४०० (ई १२८०) को पुष्पिका सहितको पद्धतिग्रन्थको पुरानै उतार उल्लेखनीय छ । यसैगरी विभिन्न समयमा लेखिएका २०० भन्दा बढी गुह्यकाली परम्परासँग सम्बद्ध तन्त्र वा पद्धतिग्रन्थ नेपालमा सुरक्षित छन् ।

गुह्येश्वरीको पूजापद्धतिका अङ्गहरु, विशेष पूजा र जात्रा

गुह्यकालीको पूजाअन्तर्गतका पैँतीस विधि

नैमित्तिक तथा काम्य विधिहरुका आतिरिक्त गुह्यकालीको पूजामा पैँतीस विधिहरु समाहित छन् । यी पैँतीस विधिहरुमा 'क्रमपरिपाटी अन्तर्गतका छ विधिहरु क्रमशः

१. आत्मयाग-विधि,
२. आसनशुद्धिविधि,
३. न्यासाष्टकविधि,
४. अर्घ्यपात्रविधि,
५. मण्डलोद्धारविधि र
६. गणादिचतुष्कार्चनविधि ।

यसैगरी 'एकादशचक्रार्चन का एघार विधिहरु क्रमशः

---

13 यस्तै अर्को एक पुष्पिकावाक्यबाट नेपाल आउनुअघि विमलप्रबोध मिथिलाक्षेत्रमा पनि बसेको कुरा थाहा हुन्छ ।

७. पञ्च पीठनिकेतनविधि,

८. पञ्चवाहचक्रपूजाविधि

९. षोडशमूर्तिचक्रपूजाविधि,

१०. द्वादशप्रकाश-चक्रपूजाविधि,

११. षोडशानन्दचक्रपूजाविधि,

१२. षोडशज्ञानसिद्धचक्रपूजाविधि,

१३. चतुर्विंश-त्यन्तःसिद्धचक्रपूजाविधि,

१४. द्वादशमेलापसिद्धचक्रपूजाविधि,

१५. अष्टशाक्तसिद्धचक्रपूजा-विधि,

१६. चतुःशाम्भवसिद्धचक्रपूजाविधि

१७. पञ्चदशपरशिवसिद्धचक्रपूजाविधि;

यसरी नै विशेषार्घ्यविधि र 'पञ्चक्रम' का पाँच विधिहरु क्रमशः

१९. महार्थसृष्टिक्रमपूजाविधि,

२०. महार्थस्थितिक्रमपूजाविधि,

२१. महार्थसंहारक्रम-पूजाविधि,

२२. महार्थानाख्याक्रमपूजाविधि,

२३. महार्थभासाक्रमपूजाविधिका अतिरिक्त गुह्यकाली बिन्दुमा गरिने

२४. त्रिकोणपूजाविधि, एवं

२५. गुरुपङ्क्तिपूजाविधि,

२६. मुद्राविधि,

२७. जाप्यविधि,

२८. धूपदीपविधि

२९. चरुक-विधि,

३०. तर्पणविधि,

३१. चक्रक्रीडाविधि,

३२. कुमारीवटुकार्चनविधि,

३३. प्रायश्चित्तविधि,

३४. उपदेशविधि र

३५. समयवटिकाविधि पर्दछन् ।

यिनै पैँतीस विधिलाई लक्ष्य गरी गुह्यकालीको पूजालाई 'पञ्चत्रिंशद्भेद' पूजा भन्ने गरिन्छ । यिनका अतिरिक्त नैमित्तिक विधिहरुमा १. दमनकविधि, २. पवित्रकविधि, र ३. शिवरात्रविधि, ४. निशाटनविधि, र ५. महाचतुर्दशीविधिको व्यवस्था तन्त्रग्रन्थहरुमा पाइन्छ ।

गुह्येश्वरीको पूजापद्धति अन्तर्गतका यी भेदहरु बाह्रौं शताब्दिको अन्त्य र तेहौँ शताब्दीको पूर्वार्धमा भएका राजा अरिमल्लका गुरु विमलप्रबोधद्वारा तयार पारिएको कालीकुलक्रमार्चन नामक पद्धतिग्रन्थबाट दिइएको हो । गुह्येश्वरीको पूजाका मुख्य अङ्ग यिनै हुन् तापनि यिनका अतिरिक्त कतिपय नैमित्तिक एवं काम्यविधिहरुको सङ्केत प्राचीन तन्त्र वा पद्धतिग्रन्थहरुमा पाइन्छ । यी सबैलाई समावेश गरी गुह्येश्वरीको उपासनाका विविध पक्ष केलाई नेपालपीठमा पूजिने भगवती गुह्येश्वरीको उपासनासम्बन्धी शास्त्रीय ग्रन्थ तयार गर्नुपर्ने देखिन्छ ।

गुह्येश्वरीको पूजाको वर्तमान क्रम

गुह्येश्वरीको नित्यपूजामा आजभोलि सर्वप्रथम गर्भगृहशोधन र न्यास गरी अर्घ्यपात्र एवं विशेषपात्र स्थापना गर्ने काम हुन्छ । यस पछि अर्घ्यसकङ्ल्प गरिन्छ र बलिपात्रावाहन गरिन्छ । यसपछि पालैपालो भगवतीलाई पञ्चामृत, शुद्ध जल, रक्सी, शङ्खजल र अर्घ्य-जलले

स्नान गराइन्छ । यसपछि देवीको पूजा गरी अभिषेक गरिन्छ र उग्रचण्डा र खड्गको पूजा गरी मन्दिरको चारै ढोकामा पूजा गरिन्छ । यसपछि भगवतीलाई भोग लगाइन्छ परन्तु भोग लगाउँदा सबैलाई हेर्न दिइँदैन । यसरी पूर्वाह्नको पूजा समाप्त हुन्छ । बेलुका भगवतीलाई ध्यानपुष्पार्पण गरी घिउको बत्तीले आरती-निराजन गरिन्छ र सङ्कल्पपुष्पाञ्जलि चढाइन्छ । यसरी बेलुकाको पूजा पनि समाप्त हुन्छ । नित्यपूजाका अतिरिक्त प्रत्येक चतुर्दशी, औँसी, सङ्क्रान्ति, पूर्णिमा र कृष्णपक्षको अष्टमीका दिन यहाँ पर्वपूजा हुन्छ । यसै गरी दुई दशैँको नवरात्र र कूष्माण्ड नवमीका दिन यहाँ नैमित्तिक पूजा गरिन्छ ।

गुह्येश्वरीलाई विभिन्न समूहविशेषका भक्तहरुले अलग-अलग स्वरूपमा पुज्ने गरेको पाइन्छ । मैथिल झाहरुले वैशाखशुक्ल नवमीका दिन यिनलाई सीताका रुपमा विशेषपूजा अर्पण गर्ने गरेको पाइएको छ । यसैगरी बौद्धमार्गी वज्राचार्यहरुले यिनलाई खगानना नैरात्म्ययोगिनी मानी पुज्ने गरेका छन् । यस्तै साल्मीहरुले यिनलाई पौष कृष्ण दशमीका दिन विशेष पूजा अर्पण गर्ने गरेको देखिएको छ । काठमाडौँ, पाटन र भक्तपुर तीनै शहरका स्थानीय बासिन्दाहरुले विजया दशमीका दिन गुह्येश्वरीमा जमरा चढाएर मात्र टीका ग्रहण गर्ने परम्परा छ । गुह्येश्वरीसँग सम्बन्ध जोडिएका कतिपय देवकुलहरुका तर्फबाट पनि विशेष पर्वहरुमा गुह्येश्वरीलाई पूजा अर्पण गर्ने प्रचलन छ । गौरीघाटस्थित गौरीपीठका तर्फबाट भैरवाष्टमीका दिन, जयवागेश्वरी र गोरखनाथका तर्फबाट बालाचतुर्दशीका दिन, तलेजुका तर्फबाट गुह्येश्वरीको जात्राका अवसरमा कूष्माण्ड नवमीका दिन र पशुपतिका तर्फबाट नवरात्रभर र गुह्येश्वरी जात्राको अवसरमा विशेषपूजा अर्पण गर्ने प्रचलन छ । यस्तो प्रचलनबाट तीती

देवीदेवतासँगको गुह्येश्वरीको सम्बन्ध स्पष्टिने हुनाले यस्ता पूजाहरुको विशेष महत्व देखिन्छ ।

गुह्येश्वरी जात्रा

मार्गकृष्ण अष्टमीबाट सुरु भई मार्गकृष्ण द्वादशीका दिन गुह्येश्वरी जात्रा पूरा हुन्छ तापनि नवमी र दशमी यस जात्राका प्रमुख दिन हुन् । मार्गकृष्ण अष्टमीका दिन तलेजु मन्दिरका पुजारी गुह्येश्वरीमा आउँछन् र निमन्त्रणा–पूजा गर्दछन् । त्यसपछि नवमीका दिन बेलुकी तलेजुबाट तलेजुको प्रतीकस्वरुप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्थण्डिल राखिएको रथ गुह्येश्वरी ल्याइन्छ । यसरी आइपुगेको रथलाई गुह्येश्वरीका पुजारीले ढोकामा गई ढोगभेट, परिक्रमा र पूजा गरी मन्दिर–प्राङ्गणमा ल्याउँछन् । जात्राको खटले गुह्येश्वरी मन्दिरको तीनपल्ट परिक्रमा गरिसकेपछि प्रतीकहरुलाई खटबाट निकाली मन्दिरभित्र राखिन्छ र राति ढिलोसम्म गुह्येश्वरी र तलेजुका पुजारी बसी संयुक्त रुपमा महापूजा गर्दछन् । महापूजा(निशाटन)पछि जात्रासँगै आएको कुमारीको रथ हाँक्ने महानायकको तर्फबाट पूजा गरिन्छ । यी दुवै पूजा चलुञ्जेल मन्दिरको मूल ढोकाअगाडि धुनी बालिएको हुन्छ । दशमीको दिन बिहानैदेखि पूजा शुरु हुन्छ र दिनभर चल्छ । यो दिन ३२ कोठी महाजन सहित ५२ गुठियारले पूजा चढाउँछन् । बेलुकी पाँच बजेतिर गुठियारहरुले शोभापूजा गर्दछन्. र तलेजु एवं भैरवलाई खटमा फिर्ता गरी क्षमापूजा गर्दछन् । यसपछि जात्रा हनुमान्ढोका फर्किन्छ र जात्राको खटलाई जगन्नाथ मन्दिरको पूर्वपेटीमा लगेर राखिन्छ । एकादशीको दिनभर र राति पनि खट यहीं रहेपछि द्वादशीका दिन तलेजु मन्दिरमा क्षमापूजा गरिन्छ र देवीलाई मन्दिरमा भित्र्याइन्छ । यो जात्रा ने.सं ८४८मा जगज्जयमल्लको

पालमा शुरु भएको मानिन्छ । तलेजु (कुब्जिका) र गुह्येश्वरीको निकटतम सम्प्रदायगत सम्बन्धलाई प्रकट गर्ने हुनाले यो जात्रा विशेष महत्वपूर्ण छ।

गुह्येश्वरीपीठ र पशुपति क्षेत्रका अन्य शक्तिपीठ

पशुपति क्षेत्र नेपालपीठ क्षेत्र समेत भएकाले यहाँ थुप्रै अन्य शाक्तपीठहरू गुह्येश्वरीसंग सम्बद्ध भई प्रतिष्ठित छन् र पशुपतिक्षेत्रको धार्मिक साँस्कृतिक वातावरणमा तान्त्रिक शाक्त प्रभाव उल्लेखनीय छ । पशुपति क्षेत्रका अन्य प्रमुख शक्तिपीठहरूमा जयवागेश्वरी, राजेश्वरी, वनकाली, झंकेश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी र मंगला गौरी पर्दछन् । यी सबै देवीहरू गुह्येश्वरीको परम्परामा आबद्ध छन् । संभवतः एकै परम्पराका यी देवीहरू एकपछि एक गरेर स्थापित गरिएका हुन् । जयवागेश्वरी र वनकालीको प्रतिष्ठा लिच्छविकालमै भइसकेको देखिन्छ[14] । यीमध्ये जयवागेश्वरी श्रीक्रमोदय विद्यापीठकी देवी[15] देखिन्छिन् भने वनकाली गुह्यकालीकै एक रूप देखिन्छिन् । राजेश्वरीको स्थापना ने.सं. ५२८ मा धर्ममल्लको समयमा भएको देखिन्छ[16] । राजेश्वरीको पूजा गुह्येश्वरी क्रममा समयाका रूपमा हुन्छ[17] । वत्सलेश्वरीलाई वंशावलीमा आदिपीठ भनिएको छ र वत्सलाको पीठमा सिद्धिकालीको पूजा हुन्छ[18] । वत्सलाको अप्रत्यक्ष

---

[14] हेर्नुहोस् वज्राचार्य २०३०: ५८३, अभिलेखसंख्या १५६ ।

[15] गुह्यकालीनिशार्चन । यसै ग्रन्थमा 'परम्परानिर्णय' हेर्नुहोस् ।

[16] रेग्मी १९६६

[17] गुह्यकालीनिशार्चन

[18] परम्पराका जानकार मानिसको सम्पर्कबाट।

उल्लेख ने.सं. ५३३ को एक अभिलेखमा पहिलोपल्ट आएको छ[19] । पशुपति क्षेत्रको साँस्कृतिक गतिविधिमा वत्सलाको विशेष महत्त्व छ । पशुपतिक्षेत्रको अर्को महत्त्वपूर्ण शाक्तपीठ भुवनेश्वरी मन्दिर हो । भुवनेश्वरीको स्थापना शिवदेवले गरेका हुन् भन्ने वंशावलीको आशय रहेको छ । वंशावलीबाटै नरेन्द्रमल्ल र गंगारानीले भुवनेश्वरी मन्दिरको पुनर्निमाण गराएको प्रसंग पनि ज्ञात हुन्छ[20] । भुवनेश्वरी मन्दिर प्रांगणमा ढुंगाको लडिरहेको खम्भामा जयवागेश्वरीको पादपीठमा भएजस्तै अभिलेख कुँदिएको भेटिएको छ[21] र यताबाट भुवनेश्वरी मन्दिरको सम्भावित प्राचीनताले लिच्छविकाल छुन्छ । यस्तै अर्को विशेष शाक्तपीठमा वज्रेश्वरी अर्थात् पिंगला(बोलिचालिमा पिंगनमाई)लाई लिनुपर्छ । वज्रेश्वरी-को सम्बन्ध वत्सलासंग छ । यसैगरी मंगला गौरी पनि यहाँका शक्तिदेवीहरूमध्ये उल्लेख-नीय छिन् । गुह्येश्वरीका प्राचीन पद्धतिहरूमा समेत मंगलालाई गुह्येश्वरी नै मानिएको छ[22] । महागौरी र सिद्धगौरी समेत मंगला गौरीका साथमा पूजिने गरेका देखिन्छन्[23] ।

माथि उल्लिखित पशुपति क्षेत्रका शाक्तपीठहरूको आपसी अन्तःसम्बन्धका अतिरिक्त काठमाडौं उपत्यकाका अन्य शाक्तपीठको पनि गुह्येश्वरी परम्परा र पशुपति क्षेत्रको शाक्त परम्परासँग गहिरो तालमेल छ । यो कुरा तलेजु, नवदुर्गा र हरसिद्धिजस्ता महत्त्वपूर्ण देवताको जात्रा पशुपति क्षेत्रमा ल्याई मनाइनाले प्रमाणित हुन्छ ।

---

[19] रेग्मी १९६६

[20] टण्डन २०५३।

[21] वज्राचार्य २०३०: ५९६, अभिलेखसंख्या १८२ ।

[22] गुह्यकालीनिशार्चन ।

[23] गुह्यकालीपूजा ।

गुह्येश्वरी मन्दिर क्षेत्रका देवीदेवता

गुह्येश्वरीको गर्भगृह, परिसर एवं मन्दिर वरपरको क्षेत्रमा समेत केही देवीदेवता प्रतिष्ठित छन् । यीमध्येका कतिपय देवता गुह्येश्वरीका अङ्गदेवता देखा पर्छन् भने अन्य देवता गुह्येश्वरी, वाग्वती र यस पावन क्षेत्रका महत्ताका कारण यहाँ स्थापना गरिएका देखिन्छन् । गुह्येश्वरीका विषयमा चर्चा गर्दा यी देवीदेवताको समेत उल्लेख गर्नु सान्दर्भिक एवं आवश्यक भएकाले तिनको यहाँ सामान्य वर्णन प्रस्तुत गरिएको छ ।

गर्भगृहका देवमूर्तिहरु

पशुपतिक्षेत्रको उत्तरपूर्वी सिमानामा श्लेष्मान्तक वन वाग्वतीको किनारामा अवस्थित भगवती गुह्येश्वरीको पीठको बाहिरी सिमानामा चारैतिर विभिन्न समयमा बनेका सत्तलहरुले किल्लाको काम गरेका छन् । गुह्येश्वरीका पीठ खुल्ला रहे तापनि सुनचाँदीले मडिएको चौघराले घेरिएको छ । पीठमा प्रवेश गर्नका लागि पश्चिमतर्फबाट मात्र चौघेरामा द्वार बनाइएको छ । अरु दिशामा चौघेरा भित्रतर्फ मात्र खुलेका छन् । गुह्येश्वरीको पीठ जलकुण्डका रुपमा रहेको छ । उक्त जलकुण्डलाई पानी नचुहिने गरी चारैतिरबाट चिनेर माथि उठाई त्यसमाथि स्वर्णमय चतुष्पत्र कमल बनाइएको छ । उक्त कमलको मध्यभागमा कुण्डलाई खुल्ला राखिएको छ । कुण्डको यो खुल्ला भागमा सधैँ गुह्येश्वरीको प्रतीक कलश तथा कुण्डको जलमा गुह्येश्वरीको पूजा हुन्छ तापनि प्राकृतिक जलकुण्डलाई नै परम्पराले मुख्य पीठका रुपमा स्वीकारेको देखिन्छ । विभिन्न स्रोतहरुमा यस कुण्डलाई जलज्योति, ज्योतिर्मयजल, अमृताञ्जलि, पीठ, तीर्थ, जलज्वाला आदि नामले उल्लेख गरेको भेटिन्छ । गुह्येश्वरीको कुण्डको सीधा दक्षिणभागमा स्थण्डिलका

रुपमा गुह्यभैरवको स्वर्णमण्डित प्रतीक प्रतिष्ठित छ भने अझै तल दक्षिणतर्फ नै श्वेतभैरव र वासुकि प्रतिष्ठित छन् ।

मन्दिरको गर्भगृहमा गुह्येश्वरीको कलश तथा भैरव स्थण्डिलका अतिरिक्त गुह्येश्वरीका अङ्गदेवता प्रतिष्ठित छन् । मन्दिरमा प्रवश गर्ने क्रममा सिँढी ओर्लने बित्तिकै कुण्डको पूर्व–ईशान कोणमा चार स–साना मूर्ति एवं पीठ दृष्टिगोचर हुन्छन् । गुह्येश्वरीको पूजाकै अङ्ग भएका यी मूर्तिहरु गणेश, बटुक, योगिनी र क्षेत्रपालका मूर्ति हुन् तापनि सामान्य मानिसहरुले यिनलाई गणेश, कुमार दुर्गा र कालभैरवका मूर्ति मान्ने गरेका छन् । यी मूर्तिहरुको सीधा पछाडि मन्दिरको पछिल्तिर खुलेको गुफाजस्तोमा क्षेत्रपालको पीठ छ । सम्भवतः यिनै क्षेत्रपाललाई मन्दिरभित्र आवाहन गरिएको हो । गणेशलगायतका यी देवताहरुलाई "गणादिचतुष्क" भनिन्छ र यिनलाई बलि अर्पण गरिन्छ । यसैगरी गुह्येश्वरी पीठको पश्चिमपट्टि भित्तामा लहरै अष्टमातृका र गणेशका धातुका मूर्तिहरु रहेका छन् । यी मूर्तिहरुको दाहिने छेउमा एक हातमा शायद शङ्ख लिएको शिर नभएको पुरुष देवताको भग्न मूर्ति छ । यस मूर्तिलाई छिन्नमस्ता भन्ने गरेको पाइएको छ तर भ्रमवश यस्तो हुन गएको मान्नुपर्छ । यस मूर्तिलाई भग्नमूर्ति नमाने पनि मूर्तिमा पुरुष आकृति भएका यसलाई छिन्नमस्ता मान्न
सकिँदैन । पीठको दक्षिणतर्फ पनि यसैगरी वासुकि, शेषभैरव र कूर्मको पूजा गरिन्छ तर यिनको गुह्येश्वरी–परम्परासँगको सम्बन्ध भने स्पष्ट छैन ।

मन्दिर परिसर र परिसरबाहिरका देवमूर्तिहरू

मन्दिर परिसरभित्र मन्दिरको मूल द्वारअगाडि अग्निकुण्ड रहेको छ भने दायाँतर्फ सिद्धेश्वरको सानो मन्दिर तथा अलिकति परतिर हारती, मञ्जुश्री र स्वयम्भूका तीन स–साना ढुङ्गे प्रतीक स्थापित छन् । यसैगरी मूल द्वारको बायाँतर्फ सिद्धेश्वरीको पीठका साथै ठूलो रुखको तल शिवपार्वती, लक्ष्मीनारायण र बाणसन्धान गरिबसेको पुरुषमूर्ति रहेका छन् । अर्कोतर्फ परिसरको पूर्व–ईशानकोणमा कुनै पाषाणमय मन्दिरको खम्भामा कुँदिएको विष्णुको मूर्ति ठडिएको अवस्थामा छ । परिसरको उत्तरतर्फ लहरै शिलास्तम्भहरुमा सिंहमूर्तिहरु र डमरु त्रिशूल रहेका छन् । यसैगरी पश्चिमतर्फ मूलद्वारअगाडि स्वर्णमण्डित सिंहमूर्ति, राजा महेन्द्र र रत्नराज्यलक्ष्मीको सालिक तथा उपेन्द्रविक्रम शाहको सालिक पनि शिलास्तम्भमाथि स्थापित छन् । यहीँ नै अखण्ड दीप पनि राखिएको छ । मूल द्वारकैअगाडि ईशानतर्फ धुनी र भगवतीको पूजाभाँडा आदि सामग्री राखिने कोठा छ र मन्दिरपरिसरमा पूर्वतर्फ र वायव्य र नैर्ऋत्यतर्फ ठूला घण्टाहरु रहेका छन् । यसरी नै मन्दिरपरिसरको बाहिरी द्वारको भित्री भागमा अष्टमातृकाका पाषाणमूर्तिहरु रहेका छन् ।

मन्दिरपरिसरबाहिर वाग्वतीको वारिपट्टि किनारमा नृसिंह, उमामहेश्वर, हनुमान्, र लक्ष्मीनारायणका मूर्तिहरु, शिवलिङ्ग र जलेश्वर र विष्णुपादुका प्रतिष्ठित छन्, यहाँ नै सरस्वतीको मन्दिर पनि छ । यसरी नै वाग्वतीपारि आदिगणेश र केही पर विष्णुको दशावतार मन्दिर छ भने गुह्येश्वरी मन्दिरबाट मृगस्थलीतर्फ लाग्दा सिँढीको दायाँतर्फ धूम्रगणेश र क्षेत्रपाल पूजिएका देखिन्छन् ।

१. पद्धतिग्रन्थहरुमा कतै एकमात्र क्षेत्रपालको त कतै तीन क्षेत्रपालको उल्लेख छ । तीन क्षेत्रपाल मान्दा यी दुवै अलग देखिन्छन् ।
२. शेषभैरवलाई नागभैरव पनि भनिन्छ र यहाँ अनगिन्ती देवगण छन् भनिन्छ ।
३. यी प्रतीकहरु तुलनात्मक रुपमा नयाँ देखिन्छन्, तर गुह्येश्वरीको बौद्ध परम्परासँगको सम्बन्ध भने नयाँ होइन ।
४. बाणसन्धान गरिबसेको पुरुषमूर्तिलाई अर्जुनको मूर्ति भन्ने गरिएको छ । यी मूर्तिका अतिरिक्त हात जोडिएकी एक स्त्रीको मूर्ति र केही शिलापत्र पनि यहाँ छन् ।
५. गुह्येश्वरीको भैरवका रुपमा नृसिंहको पूजा हुन्छ । सम्भवतः यहाँ नृसिंह मूर्ति स्थापना गर्नुको रहस्य यही हो ।

विश्वरूपा मूर्ति र मन्दिर सम्बन्धमा

अमूर्त विचार र भावनालाई मूर्त रूप दिने क्रममा प्रतीक र मूर्तिहरू विकसित हुने गर्दछन् । यस्ता विचार र भावनालाई अभिव्यक्त गर्ने सांकेतिक प्रतीकहरू रूप, रूपारूप वा अरूप हुने गर्दछन् । अरूप प्रतीकहरूमा पत्थर, काठ एवं प्रकृतिका विभिन्न अवयवहरू पर्दछन्, तर पछि विस्तारै यिनमा पनि रूपारूप र रूपभावना गर्न थालिन्छ । रूपप्रतीकहरूमा विभिन्न अलग अलग देवताका सामान्य मूर्तिहरू पर्दछन् । यी मूर्तिहरूले निश्चित आदर्श, मूल्य वा मान्यतालाई इंगित गरिरहेका हुन्छन् । रूपारूप प्रतीकहरूमा भने विभिन्न देवताहरू वा तत्त्वहरूलाई समेट्न सकिने यन्त्र, मण्डल र विश्वरूप मूर्तिहरू

पर्दछन्[24] । कुनैपनि देवताको व्यापकतालाई भावना गर्नुपर्दा यस्ता रूपारूप प्रतीकहरू प्रयोगमा आउने गर्दछन् । रूपारूप प्रतीकहरूको विकास तान्त्रिक प्रभावबाट बढी भएको देखिन्छ[25] । यस क्रमका प्रारम्भिक मूर्तिहरूमा अर्धनारीश्वर, अर्धशौरीश्वर, त्रिविक्रम, पञ्चमुख शिव आदिलाई लिन सकिन्छ भने यस क्रमको चरम विकास विभिन्न विश्वरूपमूर्तिहरू विशेषगरी कामेश्वर विश्वरूप र कामेश्वरीको विश्वरूपको मिथुनमूर्तिमा देख्न सकिन्छ । बौद्ध वा शैव–शाक्त तान्त्रिक परम्परामा कुनै पनि मूर्तिलाई स्त्रीशक्ति र पुरुषशक्तिको सामरस्य मानिन्छ । स्त्रीमूर्तिमा स्त्री अंश अभिव्यक्त भई पुरुष अंश गुप्त रहेको र पुरुषमूर्तिमा पुरुष अंश अभिव्यक्त भई स्त्रीअंश गुप्त रहेको मान्ने प्रथा छ । युगलमूर्ति वा मिथुनमूर्तिमा भने यी दुवै तत्त्व अभिव्यक्त भएको मानिन्छ ।

गुह्येश्वरी मन्दिरको दक्षिणतर्फको मृगस्थली–वनमा माथि उल्लेख गरिएअनुरूपको कामेश्वर विश्वरूप र कामेश्वरी विश्वरूपको मिथुनमूर्ति स्थापित छ । यो मूर्ति भक्तपुर दरवारको विश्वरूप चित्रसँग मिल्दोजुल्दो छ[26] । यसमा शिव र शक्ति दुवैका धेरै हात र धेरै टाउका देखाइएका छन् र हातहरूमा विभिन्न थरिका हतियारहरू देखाउन खोजिएको छ । यहाँ मूर्तिको अगाडि श्रीयन्त्र राखिएको छ र यसैमा पूजा गरिन्छ । प्रत्येक अष्टमीमा यहाँ विशेष पूजा गर्नुपर्ने विधान छ । मन्दिरलाई घेरेर चौघराको निर्माण गरिएको छ र चौघराको भित्र पारी

---

[24] D. Bhattarcarya 1980: 1-3

[25] Sanderson 1988

[26] मृगस्थली स्थित विश्वरूप मूर्तिमा देवीका पनि धेरै शिर देखिन्छन्, तर भक्तपुर दरबारको चित्रमा भने देवीको एउटामात्र शिर देखिन्छ । साथै मृगस्थलीको मूर्तिमा शिव र शक्ति एकअर्कातर्फ रतावस्थामा अभिमुख छन् भने भक्तपुरको चित्रमा भगवती शिवको अंगालोमा बसेकी छिन् ।

प्रांगणमा चार कुनामा सीताराम, राधाकृष्ण, लक्ष्मीनारायण र शिवपार्वतीको धातुमूर्ति स्थापना गरिएका छन् ।

यस प्रकारका रत अवस्थाका विश्वरूपमूर्तिहरू कौल परम्पराका सबै आम्नायमा प्रचलित छन् तापनि कुमारीका रूपमा पूजिने गुह्येश्वरी र कुब्जिकाको परम्परामा यिनको बाहुल्य छ । महाभैरवसँग अंकमाल गरी बसेकी गुह्येश्वरी अथवा नवात्मभैरवसँग अंकमाल गरी बसेकी कुब्जिकालाई विश्वरूपा भनिन्छ र यस धारणाको विस्तृत रूप मृगस्थलीस्थित मूर्ति र भक्तपुरको चित्रमा देखिन्छ । मृगस्थलीस्थित विश्वरूपा मन्दिरको स्थापना श्री ३ जङ्गबहादुरले गरेका हुन् भनी देवमालावंशावलीमा लेखिएको छ । उक्त वंशावलीका अनुसार “श्री ३ महाराज जङ्गबहादुर राणाबाट धेरै तन्त्र बटुली ठूलो परिश्रम गरी ध्यान मिलाई नेपालभर कहीं नभएको मूर्ति दुनियाँ उद्धार होस् आफूपनि ईश्वरका चरणाविन्दमा भक्ति वृद्धि भै आफू र स्ववंशसमेत उद्धार होस् भनी इच्छाले विक्रम संवत् १९२० सालमा कोटिहोम गरी प्रतिष्ठा कर्म पुर्‍याई अङ्गावरण सहित गरी स्थापना गरिदिएका हुन्”[27] । जंगबहादुर र उनका भाई कृष्णबहादुरले मन्दिरको आम्दानीका लागि जम्मा ३०५ रोपनी जग्गा गुठी राखिदिएको विवरण पाइएको छ,[28] तर मन्दिरमा भने मन्दिर स्थापना सम्बन्धी कुनै अभिलेख फेला परेको छैन । मन्दिर अगाडिका दुई घण्टामा भने श्री ३ महाराज जङ्गबहादुरले जुद्धमानसिंह राजभण्डारी मार्फत् १९२४ फाल्गुनमा कामकामेश्वरीलाई घण्ट चढाएको भन्ने व्यहोराको अभिलेख भेटिएको छ[29] । मन्दिरको

---

[27] देवमालावंशावली

[28] टण्डन २०५३: ५८६

[29] हेर्नुहोस्– परिशिष्ट ८

प्रांगणमा शिलालेख लेख्न तयार पारिएको शिलाखण्ड त्यसै लडिरहेको छ र यसमा केही कुंदिएको छैन ।

डा. गोविन्द टण्डनले भने 'यो मन्दिरको स्थापनाका सम्बन्धमा विभिन्न भनाईहरू सुन्न पाइन्छ' भन्दै यस्तो लेख्नुभएको छ – "वि.सं. १९१२ मा भोटसँगको युद्धमा नेपालको विजय होस्, धनजनको धेरै नोक्सान नहोस् भन्ने कामना जङ्गबहादुरको रहेको थियो, त्यसै सिलसिलामा भोट जाने मार्गमा एउटा ठूलो शिला फेला पर्‍यो, त्यही शिलालाई त्यहाँ भैरव रूपमा मानी आकांक्षा पूरा भएको खण्डमा काठमाडौंमा लगी स्थापना गर्ने भागल उनले गरेका थिए । फलस्वरूप उक्त शिलालाई काठमाडौंमा निकै परिश्रमसाथ ल्याइयो र मृगस्थलीको जङ्गलमा राखी पूजा गर्न शुरु गरियो । पछि राणाजीहरूले खुवै मान्न थाले । यत्तिकैमा हनुमानढोका दरवारभित्र प्रताप मल्लले निर्माण गरेको विश्वरुपा अर्थात् कामकामेश्वरीको धातुको मूर्ति लामो समयदेखि यसै छिंडिमा रहेको देखी उनले उक्त मूर्तिलाई पनि मृगस्थलीको भर्खरै स्थापित भैरवस्थानको प्रांगणमा मन्दिर बनाई स्थापना गर्ने निधो गरे । यसप्रकार मन्दिर बनाउन शुरु भयो र वि.सं. १०२० मा मन्दिरको निर्माण कार्य पूरा भयो"[30] । मैले टण्डनजीको उक्त भनाईको पुष्टिका लागि सोधखोज गर्दा स्थानीय बूढापाकाहरूले यसलाई नकारेका छन् । यो कुरा त्यति युक्तिसंगत पनि छैन । प्रताप मल्लले नै यदि उक्त मूर्ति बनाएका भए लगभग अढाई सय वर्षको अन्तरालमा त्यसको प्रतिष्ठा नहुने भन्ने कुरो सम्भव छैन । हनुमानढोका दरबारमा रहेको मूर्ति यदि त्यहीं प्रतिष्ठित भैसकेको भए त्यसलाई त्यहाँबाट उखेलेर अन्यत्र लैजाने कुरै उठ्दैन । देवमाला वंशावलीले स्पष्ट रूपमा यसको

---

[30] टण्डन पूर्ववत् ।

स्थापनाको श्रेय जंगबहादुरलाई दिएको छ । यदि टण्डनजीले सुन्नुभएको भनाई त्यसबेला पनि प्रचलित रहेको भए वंशावलीमा उक्त कुराको समावेश अवश्य हुन्थ्यो[31] । त्यसैले हाललाई वंशावलीले उल्लेख गरेझैं विश्वरूपाको मूर्ति जङ्गबहादुरले नै बनाउन लगाएका हुन् भनी मान्नु उपयुक्त देखिन्छ ।

अन्तमा, ३०५ रोपनी जग्गा गुठी राखिएको कामकामेश्वरी मन्दिरको पूजाप्रबन्धका लागि हाल प्रति महिना रू. ४५ मात्र उपलब्ध गराइएको छ र यसबाट विशाल मन्दिरभित्रको विशालमूर्तिको पूजाप्रबन्ध असम्भव प्रायः हुनपुगेको देखिएको छ । यस्तो स्थितिमा पनि जेनतेन पूजा कायम राख्ने यहाँका पुजारीको प्रयास स्तुत्य छ ।

काठमाडौँ उपत्यकाका अन्य गुह्येश्वरी पीठ

पशुपति क्षेत्रमा अवस्थित गुह्येश्वरीको प्रसिद्ध पीठका अतिरिक्त काठमाडौँ उपत्यकामा साना ठूला अन्य दश पीठ वा पूजास्थल रहेका छन् । यी पीठहरु कुनै न कुनै रुपमा तलेजु वा अन्य शाक्तदेवीसँग, स्वयम्भू वा अन्य बौद्ध देवत्वसँग र शिव(पशुपति) सँग सम्बद्ध रही प्रतिष्ठित भएका देखिन्छन् ।

(क) तलेजु वा अन्य देवीसँग सम्बद्ध

१. काठमाडौँ इन्द्रचोकबाट हनुमान्ढोकातर्फ जाँदा तलेजुमन्दिरको मोडमा पुग्ने बेलामा महालक्ष्मीस्थान पर्दछ, यहाँ एक पाषाणमय

---

[31] देवमालावंशावलीकार सम्भवतः राणाकालकै व्यक्ति हुन् र राणाकालका घटनाका सम्बन्धमा उनले लेखेको कुरा अरु भनाईहरू भन्दा बढी प्रामाणिक होलान् भन्ने मेरो विचार छ ।

कलशलाई गुह्येश्वरीका रुपमा पूजिन्छ । यो इलाका वि.सं १९३४ अघि हनुमान्ढोका दरबारभित्र पर्दथ्यो त्यसैले गुह्येश्वरीको मुख्य किंवा प्राचीन पीठ यही हुनुपर्छ भन्ने कतिपय मानिसको विश्वास रहेको पाइन्छ । परन्तु, उक्त पीठ हनुमान्ढोका दरवारक्षेत्रको तलेजुमन्दिरको अहातामा पर्नाले यसको प्राचीनताको आकलन गर्न सजिलो भए तापनि यसलाई गुह्येश्वरीको मुख्य पीठ अर्थात् नेपालपीठका नामले पुराण एवं तन्त्रग्रन्थहरुमा सङ्केतित पीठ मान्न सकिन्न । यसकों सट्टा यताबाट तलेजुमन्दिरमा गुह्येश्वरीको पनि पूजा हुने गरेको र तलेजु तथा गुह्येश्वरीको तादात्म्य रहेको कुरा प्रष्ट हुन्छ । यो कुरा भक्तपुरको तलेजु मन्दिरमा पनि गुह्येश्वरी प्रतिष्ठित रहेबाट अझ प्रमाणित हुन्छ ।

२. भक्तपुरको तलेजु मन्दिरमा तलेजुसँग सम्बद्ध देवीका रुपमा गुह्येश्वरीको पूजा हुन्छ । भक्तपुर दरबार परिसरमा पशुपतिका साथै वत्सला, अन्नपूर्णा, रामेश्वर, जगन्नाथ, बद्री र केदारको समेत मन्दिर प्रतिष्ठित छन् । यताबाट उपत्यकाका उल्लेख्य देवीदेवता र चारै धामका देवतालाई आफ्नो दरबारवरपरको क्षेत्रमा प्रतिष्ठापित गर्ने मल्ल राजाहरुको भावना स्पष्ट हुन्छ । यही क्रममा पशुपति क्षेत्रमा प्रतिष्ठित गुह्येश्वरीलाई तलेजु मन्दिरमा पनि प्रतिष्ठापित गरिएको अनुमान गर्न सकिन्छ ।

३. त्यौडटोलको ज्वालामाईमन्दिरमा षट्कोणको बीचमा बिन्दु अङ्कित यन्त्रमा गुह्येश्वरीको पूजा हुन्छ ।

४. काठमाडौँबाट भक्तपुरतर्फ जाने बाटोमा लुकन्थली भन्ने स्थानमा सडकको दक्षिणतर्फ दिव्येश्वरी देवीको मन्दिर छ । यहाँ दशवक्त्रा गुह्येश्वरीको सुन्दर पाषाणमूर्ति छ र यसको अगाडि भुइँमा पाषाणमय मेरुप्रस्तारको श्रीयन्त्र छ । यहाँ पनि मृगस्थली

विश्वरुपमा झैं श्रीयन्त्रलाई गुह्येश्वरी परम्परासँग जोड्न खोजेको देखिन्छ ।

(ख) स्वयम्भू वा अन्य बौद्ध देवतासँग सम्बद्ध

१. पाटनको हिरण्यवर्ण महाविहारमा मूलढोकाबाट चोकमा पुग्नेबित्तिकै देब्रेतर्फ गणेश र महांकालसँगै गुह्येश्वरीको स–साना प्रतीक देख्न सकिन्छ ।
२. कीर्तिपुरको चिलाँचोस्तूपसँगै कमलाकृति अङ्कित दुई बाटुला पाषाण प्रतीक छन्, जसमध्ये एकलाई गुह्येश्वरी र अर्कोलाई स्वयम्भूनाथ मानिन्छ ।
३. स्वयम्भूचैत्यमा पुग्न सिँढी उक्लने क्रममा भैरवशिलाको ठीक माथिको सानो तोरणमात्र कुँदिएको एक शिलामा पनि गुह्येश्वरीको पूजा गर्ने चलन छ ।

(ग) पशुपति वा शिवसँग सम्बद्ध

१. हनुमान्ढोकामा महेन्द्रेश्वर मन्दिरपछाडि दुई पाषाणमय कलशलाई गुह्येश्वरी र भैरवका रुपमा पूजिन्छ । महेन्द्रेश्वरका रुपमा हनुमान्ढोका परिसरमा पशुपतिको स्थापना गर्ने क्रममा गुह्येश्वरीको प्रतीक पनि स्थापना गरिएको अनुमान गर्न सकिन्छ ।

(घ) हिन्दू र बौद्ध दुवै परम्परासँग सम्बद्ध

१. बालाजुको उत्तरतर्फ पुरानो गुह्येश्वरीको नामले प्रसिद्ध मन्दिर छ र यसको वरपरको इलाका नै यसै नामले चिनिन्छ । यहाँ जमिनबाट केही माथि उठाइएको चौकीमा चाँदीले मढेर

अष्टदलमाथि चतुर्दल कमल बनाइएको छ र यसको मध्यमा चाँदीको कलश राखी गुह्येश्वरीको पूजा गरिन्छ । बालाजुस्थित यस गुह्येश्वरी मन्दिरलाई किन पुरानो भनिएको हो स्पष्ट हुँदैन परन्तु स्वयम्भूसँगको गुह्येश्वरीको मिथकीय सम्बन्ध र बौद्ध परम्परामा गुह्येश्वरीको महत्तालाई विचार गरी स्वयम्भूको उत्तरतर्फ गुह्येश्वरीको स्थापना गरिएको र पशुपतिसँग सम्बद्ध रही श्लेष्मान्तक वनमा प्रतिष्ठित गुह्येश्वरीको मूल पीठभन्दा विशिष्ट र छुट्टै पहिचान दिने उद्देश्यले यस मन्दिरलाई पुरानो भन्न थालिएको अनुमान गर्न सकिन्छ ।

२. भक्तपुर सिद्धपोखरीको उत्तरतर्फ मध्यभागमा छिद्र भएको कमलाकृतिमा र सँगैको खोपामा अङ्कित खड्गाकृतिमा गुह्येश्वरीको भावना गरी पूजा गरिन्छ । यहाँ एकथरि वज्राचार्यहरुले कुलदेवतापूजा गर्ने गरेको पाइएको छ भने बनारस तीर्थ गरी फर्कँदा भक्तपुरवासीले यहाँ पूजा गर्नुपर्ने चलन पनि रहेको देखिन्छ ।

गुह्येश्वरीको ध्यानभेद, यन्त्र र मूर्तिकल्पना

गुह्येश्वरीको ध्यानभावना तथा पूजोपासना पञ्चक्रममा आधारित छ । पञ्चक्रम भन्नाले सृष्टिक्रम, स्थितिक्रम, संहारक्रम, भासाक्रम र अनाख्याक्रमको बोध हुन्छ । यही पञ्चक्रमका आधारमा नै त्रयोदशकालीको विस्तार हुन्छ र यसैलाई आधार बनाई शाक्तदर्शन अघि बढ्छ[1] । यी पाँच क्रममध्ये अनाख्याक्रम सबैभन्दा सूक्ष्म हो र यस अवस्थामा भगवतीको स्वरूप नित्य, निरञ्जन, निराकार हुन्छ[2] । यसै क्रमलाई लक्षित गरी भगवतीलाई 'अद्वैता' 'अद्वैतमार्गस्था' आदि विशेषण दिएको भेटिन्छ[3] । गुह्येश्वरी परम्पराको प्रारम्भिक चरण अर्थात् कापालिकमत अन्तर्गतको अवस्थादेखि नै भगवतीको अद्वैतात्मकतामाथि जोड दिएको पाइन्छ[4] । महाकाल संहितासम्म आइपुग्दा भगवतीको अद्वैतात्मकतामा वेदान्तको प्रभाव परेको छ र भगवतीलाई वेदवेदान्तबोधित गुह्यतत्त्वका रूपमा परिभाषित गरिएको छ[5] । महाकालसंहिताको वर्गीकरण अनुसार भगवतीको यस निराकार स्वरूपको उपासना त्रिदेव अर्थात् ब्रह्मा, विष्णु र शिवले गर्ने

---

[1] शिवसूत्र वार्तिक १।४०–४१, तन्त्रा. ४।१७२ र सोमाथिको विवेक टीका।

[2] महाकाल १।१४१–१४६ । जयद्रथयामल आदि पुरानातन्त्रमा भासा क्रम सबैभन्दा माथि र अनाख्याक्रम चौथोमा छ ।

[3] उदाहरणार्थ गुह्यकालीतन्त्र १ अंश, सहस्राक्षरीमन्त्र, अयुताक्षरी मन्त्र।

[4] गुह्यकालीतन्त्र, समयविद्या तथा कालिकामन्त्र

[5] महाकाल १।२००–२५४

गर्दछन्[6] । निराकार स्वरूपको उपासनामा मन र बुद्धि क्रमशः सुगन्धद्रव्य तथा पुष्प हुन पुग्छन् भने ऐक्यभावना धूप एवं आँखाका ज्योति दीप । यसैगरी यस क्रममा सम्पूर्ण शरीर नैवेद्य हुन पुग्छ भने प्रत्याहार, प्राणयाम, धारणा र समाधि क्रमशः पाद्य, आचमनीय, स्नानीय र अर्घ्य हुने गर्दछन्[7]। यस क्रममा सबैलाई अधिकार छ, कसैलाई निषेध छैन । यहाँ योग नै उपासना हो भने महावाक्यहरूमा आधारित अध्यात्मचिन्तन नै पूजाविधि[8] । निर्विकल्प परमव्योम अर्थात् चेतनाको आकाशमा स्वयंलाई आदरपूर्वक लीन गराउनु नै यो पूजाको लक्ष्य हो[9] । वास्तवमा उपास्य र उपासकमा कुनै भेद छैन । यो भेद स्वेच्छापरिकल्पित हो । अतः यस कल्पित अज्ञानको अन्त्य गरी महाजागरणमा प्रवेश गर्नु नै पूजाको पराकाष्ठा हो । अनाख्याक्रममा पूजाका यी रहस्यहरूको ठीक ठीक अनुसरण हुने हुनाले पछिल्ला क्रमका पूजा आराधना अनाख्याक्रमसम्म आइपुग्ने सिंढी हुन् ।

भासाक्रममा गुह्येश्वरीको स्वरूप विश्वरूपात्मक हुन्छ[10] । यस क्रममा विश्व ब्रह्माण्डलाई भगवतीको शरीर मानिन्छ जस अनुसार

---

6 महाकाल १।१३९

7 महाकाल १।१४७–१४९

8 महाकाल १।१५०, यस क्रममा महावाक्यका रूपमा पाँच वाक्यहरू स्वीकारिएका छन्, जो यस प्रकारका छन् – (१) ॐ तत् सत् (२) सोऽहमस्मि (३) ब्रह्माहमस्मि (४) तत्सदहम् र (५) अहमेवेदं सर्वम् ।

9 विज्ञानभैरव श्लोकसंख्या १४४। पूजा–रहस्यका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् उत्पल. १७।४, तन्त्रालोक ४।१२१

10 यहाँ उद्धृत महाकालसंहिता अनुसारको विश्वरूप वर्णनमा उपनिष्द्-सम्मत विराट्-रूप–कल्पनाको प्रभाव छ र तन्त्रागमसम्मत शिवशक्तिसामरस्य रूप विश्वमय विश्वरूपको चर्चा भएको छैन । अतः 'विश्वरूप' सम्बन्धी विविध धारणा तथा मूर्तिकल्पनाका विषयमा अघिल्लो अध्यायमा विस्तृत चर्चा गरिनेछ ।

ब्रह्माण्डोर्ध्वकपाल शिर, छत्तीस लाख योजन फैलिएको देवीलोक ललाट, मेरू सिउँदो, अजवीथी र नागवीथी आँखिभौ, शिवलोक र वैकुण्ठ कान, रोहित तिलक, मन्दाकिनी नाक, चन्द्र र सूर्य आँखा, किरणहरू परेला, तपोलोक र सत्यलोक गण्डस्थल, जनलोक र महर्लोक गाला, हिमालय र कैलास कुण्डल मानिन्छन् । यसैगरी स्वर्लोक र भुवर्लोक ओठका रूपमा, दिक्पाल ग्रह र लोकलोकान्तर दाँतको तल्लो पंक्तिको रूपमा, पिशाच, यक्ष राक्षस सप्तर्षि र ध्रुवका लोकहरू दाँतको माथिल्लो पंक्तिका रूपमा, पृथ्वी र अन्तरिक्षको अन्तराल मुखका रूपमा, द्यौलोक चिउँडोको रूपमा, ब्रह्मलोक घाँटीको रूपमा, आकाश वक्षस्थलका रूपमा, नक्षत्रमाला हारको रूपमा, हातहरू दिग्दिगन्तरका रूपमा, अन्तरिक्ष उदरका रूपमा, पहाडहरू आन्द्राका रूपमा, समुद्र जठरका रूपमा, वायु प्राणका रूपमा, वनस्पति र औषधिहरू रौंका रूपमा, बिजुली दृष्टिका रूपमा, अहोरात्र निमेष र उन्मेषका रूपमा, विश्व हृदयका रूपमा, पृथ्वी पाउका रूपमा, तल तलातल पाताल सुतल र रसातल नामका नागलोकहरू पाउका औंलाहरूका रूपमा, वेदहरू वाणी रूपमा, नदीहरू नाडीका रूपमा, कला काष्ठा र मुहूर्त क्रमशः कफोणि मणिबन्ध र जाँघका रूपमा, ऋतु अयन र पक्ष क्रमशः तिघ्रा कम्मर र वंक्षणका रूपमा, महिना र वर्ष पाउका औंलाका टुप्पा (प्रपद) र नितम्बका रूपमा, चार युग सर्वाङ्गमा व्याप्त छालाका रूपमा र वैश्वानर काल तथा मृत्यु जिह्वा रूपमा भावना गरिन्छन् । प्रलय भगवतीको भोजनकाल हो भने उनको कोल्टे फर्काई महाकल्पान्त हो[11] । भासाक्रममा भगवतीको स्वरूपज्ञान नै पूजा हो भने ध्यानभावना पूजाविधि । महाकालसंहिताको वर्गीकरण अनुसार

---

[11] महाकाल. १|१७८–१९८

भगवतीको यस विश्वरूपको उपासना द्वितीयोपासकहरूले गर्दछन् । इन्द्र, चन्द्र, वायु, कुबेर, वरुण, यम, अग्नि, निर्ऋति, त्वष्टा, धाता, पूषा, भग, अर्यमा, अंशु, दिवाकर, मित्र, अश्विनी कुमार, वसुहरू, रुद्रहरू, विश्वेदेवहरू, साध्यहरू, मरुद्गण, स्वायम्भुवादि मनुहरू, मरीचि आदि ऋषिगण, नारद आदि देवर्षिगण, दक्ष आदि प्रजर्षिगण, उर्वशी आदि अप्सराहरू, नमुचि आदि किन्नरहरू, हाहा आदि गन्धर्वहरू, विद्याधर, विप्रचित्त आदि असुरहरू, नमुचि आदि दानव, हिरण्याक्ष आदि दैत्य, रावण आदि राक्षस, सबै द्वितीयोपासकभित्र पर्दछन्[12] । भासाक्रमको विश्वरूपोपासनामा समग्र प्रपञ्च भगवतीको रूपमा भासित हुन्छ र अन्ततः साधकलाई भगवतीको सर्वात्मताको बोध हुन्छ । भासाक्रममा पनि महावाक्य भावनाको विधान छ र यसको फल बोध तथा कैवल्यप्राप्ति बताइएको छ[13] ।

सृष्टिक्रम, स्थितिक्रम र संहारक्रममा साकार रूपमा भगवतीको उपासना गरिन्छ । भगवतीको साकार स्वरूपको ध्यान वसिष्ठ, विश्वामित्र, च्यवन, दुर्वासा, भरत एवं अन्य चक्रवर्ती राजाहरू लगायतका मानव साधकहरूले गर्दछन्[14] । साधकभेदले वा मन्त्रभेदले उपास्या देवी गुह्येश्वरीको साकार स्वरूपमा भिन्नता पाइन्छ । ती विविध स्वरूपहरूमध्ये देवीको दशानना रूप सबैभन्दा मुख्य मानिन्छ[15] । दशानना गुह्येश्वरीको ध्यानमा सर्वप्रथम देवीकै प्रभावबाट आविर्भूत रक्तसमुद्रका बीचमा रातै बालुवा भएको रगत मासु आदिले

---

[12] पूर्ववत् १।१६४–१७१

[13] यस क्रममा स्वीकारिएका महावाक्यहरू 'सोऽहमस्मि', 'साहमस्मि' र 'तदहमस्मि' हुन् । महाकाल . १।२५७–२५९

[14] पूर्ववत् २।३०–३१

[15] पूर्ववत् १।१२९–१३३

भरिएको द्वीपको कल्पना गरिएको छ र उक्त द्वीपमा अयुत योजन विस्तृत मण्डल र त्यस मण्डलमा नरमुण्डको तोरणले सजाइएको सय योजन विस्तृत भयङ्कर श्मशानको भावना गरिएको छ । त्यस श्मशानमा एउटा रत्नसिंहासनको भावना गरिन्छ, जसलाई चार वेद र चार युगले चारतिरबाट बोकिरहेका छन् । उक्त सिंहासनमाथि अर्को एक सिंहासन छ, त्यसलाई अष्टदिक्पालले बोकेका छन् । त्यसमाथि पनि अर्को सिंहासन छ र यसलाई ब्रह्मा, विष्णु, रुद्र, ईश्वर तथा सदाशिवरूपी पञ्चप्रेतले बोकेका छन् । त्यसमाथि पनि अर्को एउटा सिंहासन छ जसलाई अष्टभैरवले धारण गरेका छन् । उक्त सिंहासनमाथि सोह्र यज्ञहरूका षोडशदलले बनेको कमल छ र यसमाथि आसनका रूपमा शिव सुतिरहेका छन् । त्यसभन्दा माथि अष्टदल कमल छ । यस कमलमा धर्म ज्ञान वैराग्य ऐश्वर्य यश विवेक काम र मोक्षका पत्र छन् । यसमाथि स्निग्ध श्यामला दशमुखी भगवती गुह्येश्वरी विराजमान छिन् । भगवतीका दायाँ बायाँ र सामुन्नेका वक्त्रमा २–२ र बाँकीका वक्त्रमा ३–३ गरी जम्मा २७ आँखा छन् । भगवतीको सबैभन्दा माथिको ऊर्ध्वमुख दीपशिखा आकारको छ । त्यसभन्दा तल सेतो वर्णको सिंहवक्त्र र त्यसभन्दा पनि तल कालो वर्णको स्यालको मुख छ । यसको बायाँतर्फ रातो वर्णको वानरको मुख र दायाँतर्फ कालो वर्णको भालूको मुख छ । यसभन्दा तलको पंक्तिमा बीचमा किर्मीर वर्णको मानव मुख र यसको बायाँतर्फ बीचबाट क्रमशः पिंगलवर्णको गरुडको मुख र गौरवर्णको हात्तीको मुख तथा दायाँतर्फ हरियो वर्णको गोहीको मुख र कालो वर्णको घोडाको मुख रहेको छ[16] ।

---

[16] पूर्ववत् १।३०–६६, पुरश्चर्या. खण्ड ३, पृ. ५८–६४

घोर अट्टहास गर्दै हरदम मुखहरू कंपाइरहेकी, भ्रूभङ्गद्वारा आकृतिलाई टेढो पारिरहेकी, सघन र लामा लामा कपाल खुट्टासम्म लतारिरहेकी, जटाजूट र अर्धचन्द्र धारण गरेकी, रगत चुहुंदै गरेको नरमुण्डको माला लगाएकी, भगवती गुह्येश्वरी योगिनीहरूका साथमा सधैं श्मशानमा घुमिरहन्छिन् । देवीका चौवन्न भुजाहरूमा बायाँतर्फ रत्नमाला, कपाल, कोर्रा, भाला, खट्वाङ्ग, मुण्ड, भुशुण्डी, धनु, चक्र, घण्टा, बालप्रेत, पहाड, नरकंकाल, न्याउरी, सर्प, मताउने बांसुरी (उन्मादवंशिका), गदा, आगोको कुण्ड, डमरु, परिघ, भिन्दिपाल, मुसल, पट्टिश, प्रास, शतघ्नी र शिवापोत तथा दायाँतर्फ रत्नमाला, कैंची, तरबार, तर्जनी, अंकुश, दण्ड, रत्नकुम्भ, त्रिशूल, शोषक उन्मादक मूर्च्छक संहारक र मृत्युकर नाम गरेका पाँच पाशपत बाण, कुन्त, पारिजात, छुरी, तोमर, पुष्पमाला, डिण्डिम, गृध्र, कमण्डलु, मांसखण्ड, सुरो, बीजपूर, सूची, परशु, गदा, लट्ठी, मुष्टि र कुणपलालन नामक आयुध रहेका छन् । भगवतीले खैरो रंगको सर्पलाई कमरपेटी, पिशंगवर्णको सर्पलाई हार र सेतो सर्पलाई जनै बनाएकी छिन् । व्याघ्रचर्मको लुगा लाएकी, गजचर्मको ओढ्ने ओढेकी, वीरघण्टा बजाइरहेकी, पाउमा रातो कमलको फूलको माला लगाएकी, घाँटीमा ब्रह्मसूत्र र पछ्यौरामा योगपट्ट भिरेकी, कमलमा बसेकी, उन्मुक्त रूपमा हुंकार गर्दै जिब्रो चलाइरहेकी, सम्पूर्ण देवताहरूकी अधिदेवता भएकी, तीन करोड शक्ति, नौ करोड चामुण्डा, र अठार करोड महायोगिनीले घेरिएकी, हाँस्दै नाच्दै र गाउँदै गरेका साठी करोड डाकिनी र अस्सी करोड भैरवी तथा तिनका परिवारले चारैतिरबाट घेरिएकी, करोडौं कालानल ज्वालाभन्दा पनि उज्यालो शरीर भएकी, इन्द्रसहितका देवता तथा दानवहरू सबैद्वारा गाह्रोसंगमात्र हेर्न सकिने, शत्रुपक्षलाई सखाप पार्ने, दैत्य दानवको नाश गर्ने, विकारले रहित भएकी, कूटस्था, आभासरहित, चिद्विलासिनी,

हरदम परमानन्दमा लीन रहेकी, नित्य शुद्ध र अद्वैत स्वभावकी, अनाख्या भासा संहार स्थिति र सृष्टिक्रमबाट पूजिने तथा वेदान्तद्वारा जानिने भएकी, निर्वाण प्रदान गर्ने भएकी, कैवल्यरूपिणी, गुणातीत आत्मरूपमा प्रतिष्ठित, शुद्धचैतन्यरूपिणी, प्रत्यग्ज्योतिस्वरूपिणी, वाणी र बुद्धिले भेट्न नसकिने, प्रजासृष्टिकर्त्री भगवतीको सृष्टिक्रममा भावना गरिन्छ । स्थितिक्रममा माथिकै ध्यानको 'प्रजासृष्टिकर्त्री' यस विशेषणको सट्टा 'सदोदितभावमा नाचिरहेकी' यस अंशको समावेश गरेर भगवतीको भावना गरिन्छ[17] ।

दशाननाका अतिरिक्त गुह्येश्वरीका मूर्तिभेदहरूमा १, ३, ५, ६, ८, ९, ११, १३, १५, १६, २०, २१, ३०, ३६, ६०, ८०, १००, १००० मुख भएका विभवहरूको उल्लेख भेटिन्छ[18] । यी विभवहरूमध्ये 'सहस्रानना' का सम्बन्धमा भने विस्तृत विवरण पाइन्न र केवल 'सहस्राननाका १००० टाउका, २००० हातखुट्टा र ३००० आँखा छन् भन्ने उल्लेख भेटिन्छ[19] । अन्य विभवहरूको भने महाकालसंहिता लगायतका विभिन्न ग्रन्थहरूमा ध्यान नै भेटिन्छ[20] । गुह्येश्वरीका विभिन्न तन्त्रबाट सम्भव भएसम्मका विभिन्न ध्यानको संक्षिप्त चर्चा यहाँ गरिन्छ ।

१) एकवक्त्रा गुह्येश्वरी १– एक मुख भएकी भगवतीको स्वरूप कुमारीको छ । यिनी महाभैरवसँग संश्लिष्ट छिन् । यिनका हातमा वर र अभय मुद्रा तथा त्रिशूल र अमृतको प्याला छन् ।

---

[17] पूर्ववत् १।६६–१०१

[18] पूर्ववत् १।६–७

[19] गुहयकालीतत्र, कालिकामत्र, सहस्राक्षरीमत्र

[20] महाकाल. प्रथम पटल

२) एकवक्त्रा गुह्येश्वरी २ – एक वक्त्राको मुख मानिसको छ, उनका दुई हातमा तरवार र ढाल छन् ।

३) त्रिवक्त्रा गुह्येश्वरी १ – त्रिवक्त्राका मुखहरूमा दुई मुख मानिस र स्यालका छन्, तेस्रो मुख ज्योतिरूप छ । यिनका चार हातमध्ये दायाँतर्फका दुई हातमा खड्ग र शूल छन् भने वायाँतर्फका दुई हातमा पाश र मुण्ड छन् ।

४) त्रिवक्त्रा गुह्येश्वरी २ – त्रिवक्त्राकै अर्को रूप पनि पाइन्छ । यसमा हात्ती घोडा र मानिसको मुख देखिन्छ । हात चार छन् र दायाँतर्फ दुई हातमा बाण र अंकुश, वायाँतर्फका दुई हातमा धनु र स्यालका बच्चा रहेका छन् । भगवतीको वर्ण रातो छ ।

५) त्रिवक्त्रा गुह्येश्वरी ३ – यिनका ३ मुख र आठ हात छन् । आठ हातमा पाश, अंकुश, वज्र शूल, खट्वाङ्ग, मरेको बालकको टाउको र रगतले भरिएको खप्पर रहेका छन् ।

६) पञ्चवक्त्रा गुह्येश्वरी १ – मानिस, स्याल, सिंह हात्ती र ज्योतिले भगवतीका वक्त्रहरू बनेका छन् । भगवतीका आठ हात छन् जसमध्ये वायाँतर्फका चार हातमा कृपाण, बाण, चक्र र माला छन् भने बायाँतर्फका चार हातमा पाश, अङ्कुश, ढाल र कोर्रा छन् । भगवतीको स्वरूप रातोमा कालो वर्णको छ ।

७) पञ्चवक्त्रा गुह्येश्वरी २ – गरुड, भालू, हात्ती, घोडा र मानिसको आकृतिले यिनका मुख बनेका छन् । हात र आयध पछिल्लोसँग समान छन् ।

८) षड्वक्त्रा गुह्येश्वरी – छ मुख र दश हात भएकी यी भगवतीका मुखहरू हात्ती, घोडा, गरुड, वानर र स्यालको आकृतिका

छन् । दायाँतर्फका हातहरूमा शूल, चक्र, गदा, भाला र बीजपूर लिएकी र बायाँतर्फका हातहरूमा गिद्ध, अङ्कुश, रत्नमाला, शिवापोत (स्यालको बच्चा) र नरमुण्ड लिएकी भगवतीको वर्ण पहेलोमा रातो मिसिएको छ ।

९) अष्टवक्त्रा गुह्येश्वरी – आठ शिर र सोह्र हात भएकी कृष्णलोहित वर्णकी भगवतीका मुखहरू भालू, गरुड, सिंह, वानर, गोही, घोडा र स्यालको आकृति एवं ज्योतिले बनेका छन् । भगवतीका दाहिने तर्फका हातहरूमा त्रिशूल, चक्र, खड्ग, बाण, गदा, पाश, भाला र। कैंची छन् भने बायाँतर्फका आठ हातमा पाश, वञ्चरो, उखू, सर्प, ढाल, घण्टा, माला र खप्पर आयुधका रूपमा देखिन्छन् ।

१०) नववक्त्रा गुह्येश्वरी – यस विभवमा सिंह, स्याल, वानर, भालू, गरुड, गोही, हात्ती र घोडाको आकृतिका आठ मुख छन् र नवौं मुख ज्योतिरूप छ । भगवतीका अठार हात छन् जसमध्ये दायाँतिरका हातहरूमा खड्ग, अंकुश, रत्नमाला, त्रिशूल, वञ्चरो, पाँच पाशुपात बाण, गदा मुष्टि र कैंची छन् भने वायाँतिर हातहरूमा ढाल, पाश, खट्वाङ्ग, चक्र, भुशुण्डी, धनुष, घण्टा, उन्मादवंशिका र खप्पर रहेका छन् ।

११) दशवक्त्रा गुह्येश्वरी १ – दश शिर र ५४ हात भएकी भगवतीको ध्यान शुरुमा पञ्चक्रममा परेको छ ।

१२) दशवक्त्रा गुह्येश्वरी २ – चार युग र चार वेद तथा ब्रह्मा, विष्णु, रूद्र, ईश्वर र सदाशिवको मुण्डलाई आसन मानी त्यसमाथि पनि स्याल र प्रलयाग्निको कल्पना गरी त्यसभित्र सिंह, हात्ती, वानर, भालू, घोडा, गरुड, गोही, मानिस, वनेल र दीपशिखाको दशमुख भएकी भगवतीको ध्यान पाइन्छ ।

यिनका आठ हात छन् र तिनमा पाश, अंकुश, वञ्चरो, गदा, शूल, पानपात्र, खट्वाङ्ग र बालकको टाउको रहेका छन् ।

१३) दशवक्त्रा गुह्येश्वरी – गुह्यकालीतन्त्रमा दशवक्त्रा गुह्येश्वरीको अर्को एक ध्यानको उल्लेख छ, जस अनुसार भगवतीका दश मुख, तीस आँखा र हजार हात छन् । भगवतीका हातहरूमा सबै प्रकारका आयुध छन् । आसनकल्पना छैन, स्याल भगवतीको वाहन देखिन्छ ।

१४) एकादशवक्त्रा गुह्येश्वरी – पञ्चक्रममा आएको दशवक्त्राको ध्यानमा भालूको शिर थपिदिंदा एकादशवक्त्राको ध्यान हुन्छ भनिएको छ, तर हातको संख्या ५४ नगरी ८ गर्ने गरेको पनि पाइन्छ ।

१५) त्रयोदशवक्त्रा गुह्येश्वरी – पञ्चक्रमको दशवक्त्राको ध्यानमा गाई बाघ र भैंसीको शिर थपिदिंदा त्रयोदशवक्त्राको ध्यान हुन्छ । हातको संख्या ५४ र ८ हुने गरी यसको पनि दुई भेद भेटिन्छ ।

१६) पञ्चदशवक्त्रा गुह्येश्वरी – त्रयोदशवक्त्राको ध्यानमा गदा र हात्तीको शिर थपिदिंदा पञ्चदशवक्त्रको ध्यान हुन्छ ।

१७) षोडशवक्त्रा गुह्येश्वरी – पञ्चदशवक्त्राको ध्यानमा उँटको शिर थाप्दा षोडशवक्त्राको ध्यान हुन्छ ।

१८) शतवक्त्रा गुह्येश्वरी – पञ्चवक्त्राको ध्यानमा प्रस्तारक्रमले पाँचपल्ट गुन्दा शत-वक्त्राको ध्यान हुन्छ ।

गुह्येश्वरीका उपलब्ध मूर्ति र चित्रहरू

गुह्येश्वरीका हालसम्म ज्ञात भएका मूर्ति र चित्रहरू यसप्रकार छन् –

दशवक्त्रा गुह्येश्वरीको धातुमूर्ति – हाल Boston स्थित Mueseum of find arts मा रहेको सोह्रै शताब्दीको यो नेपाली धातुमूर्तिको उल्लेख कुमारस्वामी, प्रतापादित्य पाल र दीपकचन्द्र भट्टाचार्यले गरेका छन् । यस मूर्तिलाई गुह्येश्वरीका रूपमा पहिचान गर्ने व्यक्ति भने पाल हुन् ।

दशवक्त्रा गुह्येश्वरीको पाषाणमूर्ति – काठमाडौं लुकन्थली स्थित दिव्येश्वरी मन्दिरमा स्थापित यो मूर्ति दिव्यदेव पन्तले बनाउन लगाएका हुन् ।

दशवक्त्रा गुह्येश्वरीको पाषाणमूर्ति – महाकालसंहिताका सम्पादक किशोरनाथ झाले मिथिला नरेश स्व. रमेश्वर सिंहले गुह्येश्वरीको एक प्रतिमा मधुवनी भोरागणीमा स्थापित गराएका छन् भनी उल्लेख गरेका छन् (झा १९७६:१८)

दशवक्त्रा गुह्येश्वरीको चित्र – गुह्येश्वरी मन्दिरको उत्तरतर्फ भजनकोठामा यो रंगीन चित्र छ।

दशवक्त्रा गुह्येश्वरीको चित्र – धन शमसेरले बृहत्पुरश्चर्यार्णवको तेस्रो खण्डमा यो रंगीन चित्र दिएका छन् । यो पछिल्लो भन्दा केही फरक छ ।

त्रयोदशवक्त्रा गुह्येश्वरीको चित्र – गुह्येश्वरी मन्दिरको उत्तरतर्फ भजनकोठामा यो रंगीन चित्र छ ।

गुह्येश्वरी परम्पराका यन्त्रहरू

शाक्त परम्परामा चक्रपूजा किंवा यन्त्रपूजा प्रचलित छ । यन्त्र समग्र विश्वको प्रतीक हो । यन्त्रको उद्धार बिन्दुबाट हुन्छ र बिन्दुमै पुगेर

यसको लय हुन्छ । बिन्दुबाट रेखा र रेखाबाट कोण हुँदै यन्त्र फैलिएको हुन्छ । वस्तुतः बिन्दुको प्रसारबाट समग्र सृष्टि अघि बढेको हो र चिद्बिन्दुको विस्तारबाट शरीर अन्तर्गतका र ब्रह्माण्ड अन्तर्गतका समेत शक्तिचक्रहरू बनेका छन् । वास्तवमा चक्रको उदय, विश्वको सृष्टि र आत्माको चित्तग्रहण एउटै कुरो हो । भावभेदले यन्त्रमा वैविध्य देखिए पनि सबै यन्त्रमा चिद्बिन्दुको विस्तारचक्रलाई नै लक्षित गरिएको हुन्छ । जब पराशक्ति विश्वसृष्टिमा उन्मुख हुन्छे त्यसबेला चक्रको विस्तार शुरु हुन्छ र पराशक्ति अन्तर्गत अव्यक्त रूपमा रहेका शक्तिहरू बाहिर निस्कन्छन् । यही क्रमलाई यन्त्रहरूमा संकेत गरिएको हुन्छ र सबै तत्त्वहरू त्यहाँ प्रतीकका रूपमा राखिएका हुन्छन् ।

यन्त्र तान्त्रिक उपासनाको एक महत्त्वपूर्ण अंग हो र यन्त्रपूजन विना पूजा मात्र विफल हुने होइन, अपितु मन्त्रजप समेत निष्फल हुन्छ र सिद्धिहानि हुन्छ[21] । त्यसैले साधकलाई कुनै पनि मन्त्रको अंगहरूका साथै यन्त्रको समेत ज्ञान हुनु अत्यावश्यक छ । महाकालसंहितामा गुह्येश्वरीका विविध मन्त्रहरूसँगसँगै तिनका यन्त्रहरूको समेत विवरण पाइन्छ । गुह्येश्वरीका सबै मन्त्रहरूको अलग अलग यन्त्रमा पूजा गर्नुपर्ने र नगरेमा पूजा पूर्ण नहुने कुराको उल्लेख महाकालसंहितामा परेको छ[22] । उक्त ग्रन्थमा यन्त्रोद्धारका साथै ती ती यन्त्रसँग सम्बद्ध मन्त्रहरूको समेत विवरण संगृहित छ । षड्शाम्भवमन्त्रहरू बाहेक अन्य सबै मन्त्रको यन्त्रमा पूजा गर्नु अनिवार्य छ । सामान्यतया शाम्भवमन्त्रहरू संन्यासीहरूका लागि हुन् र उनीहरूका लागि पूजा गर्न निषेध गरिएको छ । त्यसैले शाम्भवमन्त्रहरूको भने सामान्यतया जप नै विहित छ,

---

21 महाकाल. ५।१

22 पूर्ववत् ५।२–३

तर कुनै गृहस्थ साधकले यी मन्त्रहरूको पनि यन्त्रपूजन गर्ने अभिलाषा राख्छ भने विशिष्ट अवस्थामा यिनका लागि पनि यन्त्रहरूको व्यवस्था गरेको पाइन्छ[23] । यसरी शाम्भवमन्त्रहरूसहित गुह्येश्वरी परम्पराका कुल चौबिस यन्त्रहरूको विवरण महाकालसंहितामा संगृहीत छ ।

तोकिएको यन्त्र वा मण्डलमा तोकिएकै मन्त्रको उपयोग हुनुपर्छ, अन्यथा सिद्धिमा हानि हुन्छ, फल पनि पाइन्न र मृत्यु समेत हुनसक्छ भन्ने पारम्परिक विश्वास रहेको देखिन्छ[24] । गुह्येश्वरी परम्परामा मूल मन्त्रहरूको संख्या ३६ भए तापनि कुनै कुनै यन्त्रमा एकभन्दा बढी मन्त्रको पूजा गर्दा चौबिस यन्त्रमा नै समन्वय सम्भव हुन्छ । यी चौबिसवटै यन्त्रहरू परिशिष्टमा राखिएका छन् । परिशिष्टमा राखिएको क्रम अनुसार प्रस्तुत तलको तालिकाबाट हरेक यन्त्रसँग सरोकार राख्ने मन्त्रहरूको विवरण स्पष्ट हुनेछ–

यन्त्र	उपासक देवता र मन्त्र
पहिलो[25]	ब्रह्मा, कामदेव र वरुणद्धारा उपासित एकाक्षर तथा त्र्यक्षर मन्त्रहरू
दोस्रो[26]	अग्नि, अदिति र इन्द्रणीद्धारा उपासित पञ्चाक्षर मन्त्रहरू
तेस्रो[27]	दानव, मृत्यु र कालद्वारा उपासित नवाक्षर मन्त्रहरू

[23] पूर्ववत् ५।८७–९०

[24] पूर्ववत् ५।३–४

[25] पूर्ववत् ५।६

[26] पूर्ववत् ५।८–१०

[27] पूर्ववत् ५।११–१२

चौथो[28] भरत, च्यवन, हारीत, जाबाल र दक्षद्वारा उपासित मन्त्रहरू

पाँचौं[29] राम, कुबेर र नहुषद्वारा उपासित मन्त्रहरू

छैटौं[30] हिरण्यकशिपुद्वारा उपासित मन्त्र

सातौं[31] ब्रह्मोपासित सप्तदशी मन्त्र र विष्णुतत्त्व नामक पञ्चाक्षर मन्त्र

आठौं[32] वसिष्ठोपासित सप्तदशीमन्त्र

नवौं[33] अम्बाहृदय मन्त्र र रावणोपासित सप्तदशी मन्त्र

दशौं[34] महारुद्रोपासित षोडशी मन्त्र

एघारौं[35] षोडशार्णमन्त्र

बाह्रौं[36] षट्त्रिंशाक्षरमन्त्र

तेह्रौं[37] ५८ अक्षरको जयमंगला मन्त्र

चौधौं[38] (भुवनमोहन) भोगविद्या

पन्ध्रौं[39] शताक्षरी मन्त्र, विंशानना भगवती

---

[28] पूर्ववत् ५।१३–१७

[29] पूर्ववत् ५।१८–१९

[30] पूर्ववत् ५।२१–२२

[31] पूर्ववत् ५।२३–२५

[32] पूर्ववत् ५।२५–२७

[33] पूर्ववत् ५।२८–३१

[34] पूर्ववत् ५।३२–४०

[35] पूर्ववत् ५।४१–४५

[36] पूर्ववत् ५।४६–४९

[37] पूर्ववत् ५।५०–५४

[38] पूर्ववत् ५।५५–६१

[39] पूर्ववत् ५।६२–६५

सोह्रौं[40]	सहस्राक्षरी मन्त्र, त्रिंशदानना भगवती
सत्रौं[41]	विष्णूपास्य अयुताक्षर मन्त्र
अठारौं[42]	शिवोपास्य अयुताक्षर मन्त्र
उन्नाइसौं[43]	शाम्भवमन्त्र
बीसौं[44]	महाशाम्भवमन्त्र
एक्काइसौं[45]	तुरीयमन्त्र
बाइसौं[46]	महातुरीयमन्त्र
तेइसौं[47]	निर्वाणमन्त्र
चौबिसौं[48]	महानिर्वाणमन्त्र

---

40 पूर्ववत् ५।६५–७२

41 पूर्ववत् ५।७३–७७

42 पूर्ववत् ५।७८–८६

43 पूर्ववत् ५।९०–९३

44 पूर्ववत् ५।९३–९५

45 पूर्ववत् ५।९९–५८

46 पूर्ववत् ५।९८–१०१

47 पूर्ववत् ५।१०१–१०५

48 पूर्ववत् ५।१०५–१७७

गुह्येश्वरी परम्पराका न्यास

तात्रिक परम्परामा न्यासको विशेष महत्त्व छ । न्यासद्वारा साधकले आफ्नो शरीरमा देवत्वको आविर्भाव गराउँछ । मन्त्रालय देवतालाई साधकको आत्मामा संक्रान्त गर्ने विधि नै न्यास हो । न्यास भनेको देवतासँग आफ्नो तन्मयताको भावना हो[1] । महाकालसंहितामा गुह्येश्वरी परम्पराका २५ उत्कृष्ट 'विशेष न्यास' र दुईथरि 'षोढा न्यास' संगृहीत छन् । यी सबै न्यासहरू मूलतः प्राचीन तन्त्रग्रन्थहरू जस्तै वज्रडामर, कपालडामर, ब्रह्मयामल, कालिकाकुलार्णव आदिबाट उद्धृत गरिएका देखिन्छन्[2] । उक्त २५ विशेष न्यासहरू पाँच पञ्चकमा वर्गीकृत छन् जसमध्ये पहिलो पञ्चकमा वक्त्रन्यास, अस्त्रन्यास, दूतीन्यास, डाकिनीन्यास र योगिनीन्यास; द्वितीय पञ्चकमा कुलतत्त्वन्यास, सिद्धिचक्रन्यास, कैवल्यन्यास, अमृतन्यास र जयविजयन्यास; तृतीय पञ्चकमा भावनान्यास, समयन्यास, सृष्टिन्यास, स्थितिन्यास, र संहारन्यास; चतुर्थ पञ्चकमा अनाख्यान्यास, भासान्यास, मन्त्रन्यास, सिद्धिन्यास र विराड्न्यास तथा पञ्चम पञ्चकमा बीजन्यास, कूटन्यास, क्रमन्यास,

---

[1] चिद्विलास. १७

[2] महाकालसंहिता एक संहिताग्रन्थ अर्थात् संग्रहग्रन्थ हो । त्यसैले यहाँ यत्रतत्रबाट परम्परामा उपयोगी हुने सामग्री संकलित छन् र कतिपय ठाउँमा जहाँबाट ती–ती वस्तु संकलन गरिएका हुन्, तिनको उल्लेख पनि गरिएको पाइन्छ । यी न्यासहरू पनि यस्तै हुन् । हेर्नुहोस् – झा १९७६: परिशिष्ट ५

धातुन्यास र तत्त्वन्यास पर्दछन्[3] । यसैगरी षोढान्यासका दुई प्रकारमा लघुषोढान्यास र महाषोढान्यास पर्दछन्[4] । यी सबै न्यासहरू सामान्यतया दशमुखी गुह्यकालीसंग सम्बद्ध छन् र यसभन्दा कम वा बढी वक्त्र भएकी गुह्येश्वरीको न्यासादि गर्नुपर्दा दशमुखीकै न्यासमा केही संशोधन गरी ती ती न्यास तयार गरिन्छन्[5] । उपर्युक्त न्यासहरूको क्रमैसंग यहाँ संक्षिप्त चर्चा प्रस्तुत गरिन्छ –

विशेषन्यास

प्रथम पञ्चक

१) वक्त्रन्यास – आफ्ना विभिन्न अंगहरूमा गुह्येश्वरीका प्रत्येक वक्त्रको भावना यस न्यासमा गरिन्छ । भनिएको छ कि प्रतिदिन यो न्यास गरेमा ब्राह्मण भए वाग्मी (रचनाशील) हुन्छ, क्षत्रिय भए उसको आज्ञा बेरोकटोक चल्छ, वैश्य भए धनधान्य बढ्छ र शूद्र भए लामो अवधिसम्म सुखभोग प्राप्त गर्छ र सबैले अन्तमा देवीको सान्निध्य पाउँछन् भनिएको छ[6] ।

२) अस्त्रन्यास – अस्त्रन्यास दुई प्रकारको भेटिन्छ र तीमध्ये दोस्रोलाई बढी फलप्रद भनिएको छ । यी दुबै प्रकारका अस्त्रन्यास साधकद्वारा चौवन्न भुजा भएकी दशमुखी भगवतीका अस्त्रहरूको आफ्नो देहमा गरिने भावना हो । यस न्यासको अनुष्ठान गर्ने व्यक्तिले

---

3 महाकाल. ७।४–१०

4 पूर्ववत् ७।११

5 पूर्ववत् ७।५७–६६, ११६

6 पूर्ववत् ७।१४–५२

आलस्यरहित हुनु आवश्यक छ । नैमित्तिक तथा काम्य कर्ममा यो न्यास गर्न भनिएको छ[7] ।

३) दूतीन्यास – एकाक्षरीदेखि अयुताक्षरीसम्मका सबै मन्त्रका उपासकलाई यो न्यास गर्न भनिएको छ । विशेष पर्वहरूमा यो अवश्य गर्नुपर्छ । दशैं र चैते दशैंमा यो न्यास नगर्दा अनुष्ठान विफल हुन्छ भन्ने उल्लेख छ । काम्य र नैमित्तिक कर्ममा यो न्यास अनिवार्य छ भने नित्यकर्ममा यो नगर्दा दोष लाग्दैन, तर गरेमा फलाधिक्य हुन्छ । मानवौघ, सिद्धौघ र दिव्यौघका सबैले यसैको अभ्यासबाट सिद्धि प्राप्त गरेका थिए, अतः संसारसागर तर्ने यो नौका हो । महाकाल संहिताकारका अनुसार छ महिनासम्म नित्यपूजामा यसको अभ्यास गर्नाले साधक शिवसमान हुन्छ । यसका अतिरिक्त यसबाट विविध ऐहिक सिद्धिहरू पनि प्राप्त हुने हुँदा राजाहरूका लागि यो विशेष लाभप्रद छ भन्ने उल्लेख पाइन्छ[8] ।

दूतीन्यासमा शरीरमा दूतीहरूको भावना गरिन्छ । कपालडामरतन्त्र र ब्रह्मयामलमा दूतीहरूको संख्या चौबीस छ भने भीमातन्त्र अनुसार यो संख्या पच्चीस देखिन्छ, तर कालानलतन्त्रमा भने सिद्धिलक्ष्मी र उग्रचण्डाका छ दूती र गुह्यकालीका २५ दूतीहरू छन् भनी महाकालसंहितामा लेखिएको छ[9] । यसबाट गुह्येश्वरी परम्पराको विस्तारक्रमलाई आँक्न सकिन्छ । महाकालसंहिताले समेत कपालडामरलाई कापालिकतन्त्र भनेको छ । अतः कापालिक

---

[7] पूर्ववत् ७।६८–१३४

[8] पूर्ववत् ७।२६४–२७०

[9] पूर्ववत् ७।१३९–१४१

क्रममा अर्थात् गुह्येश्वरी परम्पराको प्रारम्भिक चरणमा दूतीहरूको संख्या चौबीस मानिएको थियो र पछि यही संख्या बढ्दै गएको हो भन्ने देखिन्छ । महाकालसंहितामा भने पच्चीस दूतीहरूको क्रमलाई सकारिएको छ[10] ।

४) डाकिनीन्यास – डाकिनीन्यासको अनुष्ठान गर्नाले तत्कालै डाकिनीहरू सिद्ध हुन्छन् । सिद्धिलक्ष्मीका ६, कामकलाकां ७, कुब्जिकाका ८ र गुह्यकालीका ९ डाकिनी छन्[11] । यसको विधान दूतीन्यास सरह हुन्छ । यो न्यास पनि विशेषतः राजाहरूका लागि विहित छ । महाकालसंहिताअनुसार ऐश्वर्य चाहनेले यो न्यास गर्नु ठीक हुन्छ[12] ।

५) योगिनीन्यास – योगिनीन्यास साधकहरूको उत्कृष्ट रक्षक छ र यो न्यास विना पूजा सफल हुँदैन तथा विघ्नबाधा उपस्थित हुन्छन् भनिएको छ । यस न्यासको अनुष्ठानबाट विभिन्न सिद्धिहरू प्राप्त हुन्छन्, शत्रुक्षय हुन्छ, आयु बढ्छ र अचल सम्पत्ति समेत प्राप्त हुन्छ भन्ने शास्त्रीय विश्वास रहेको देखिन्छ[13] ।

द्वितीय पञ्चक

१) कुलतत्त्वन्यास – मूलतः यो कपालडामरतन्त्रबाट उद्धृत गरिएको हो भनिएको छ । कौलहरूका लागि यो अनिवार्य छ भने अरूका लागि काम्य कर्म गर्दा यो न्यास गर्ने भनिएको छ । अनुकल्पको प्रयोग गर्ने साधकले पनि यो न्यास गर्नुपर्ने हुन्छ । जहाँ यो न्यास

---

[10] पूर्ववत् ७।१४३–२६२

[11] पूर्ववत् ७।३३०–३३१

[12] पूर्ववत् ७।२७२–३२७

[13] पूर्ववत् ७।३३६–३५२

लेखेर राखिन्छ, त्यहाँ देवीले वास गर्छिन् । अतः घरभित्र यो न्यास लेखेर राख्दामात्रै पनि सिद्धि प्राप्त हुन्छ र विपत्तिहरू नाशिन्छन् भनिएको छ । जहाँ देवीको यन्त्र वा मूर्ति स्थापित हुन्छ त्यहाँ यो न्यास लेखेर राख्नु पर्छ भन्ने विधान छ[14] ।

२) सिद्धिचक्रन्यास – यसको अनुष्ठान गर्नाले विभिन्न सिद्धिहरू प्राप्त हुन्छन् । ऐहिक फलको कामना गर्नेले नित्य रूपमा र स्वर्ग वा मोक्षको कामना गर्नेले काम्य रूपमा यसको अनुष्ठान गर्नु उपयुक्त हुन्छ[15] ।

३) कैवल्यन्यास – यसको अनुष्ठान गर्नाले अवश्य मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास छ। त्यसैले यो ऐहिक फल चाहनेका लागि नभई मुमुक्षुका लागि हो । मुमुक्षुले नित्य कर्ममा यसलाई समावेश गराउनु भन्ने विधान छ भने ऐहिक फल चाहनेले काम्य कर्ममा[16] ।

४) अमृतन्यास – प्रसन्नाविधि अर्थात् अमृतीकरणका लागि यो आवश्यक छ । यसका द्विविध भेद भेटिन्छन्[17] ।

५) जयविजयन्यास – यो न्यास युद्ध तथा विवादादिमा विजय पाउने आकांक्षाले गरिन्छ । महाकालसंहिताका अनुसार यो न्यास कवच झैं संरक्षक, महोन्नति र दीर्घायुष्य प्रदान गर्ने एवं देवताहरूका लागि समेत दुर्लभ छ । दशैं र चैते दशैंमा यसको अनुष्ठान अनिवार्य ठानिन्छ भने अन्य समयमा यो इच्छाधीन छ । दिव्यौघ र सिद्धौघका साधकले यसको अनुष्ठान गर्दथे र सिद्धि पाएका

---

[14] पूर्ववत् ७। ३५४–४२८

[15] पूर्ववत् ७।४३२–४७४

[16] पूर्ववत् ७।४७९–५०३

[17] पूर्ववत् ७।५०६–५३५

थिए । विभिन्न साधकहरूद्वारा उपासित गुह्येश्वरीका जति पनि भेद छन् ती सबैको समावेश यस न्यासमा छ, त्यसैले यो सर्वश्रेष्ठ छ[18] ।

तृतीयपञ्चक

१) भावनान्यास – अयुताक्षरमन्त्रमा उल्लेख गरिएका ५५ कालीहरूको भावना यस न्यासमा गरिने हुनाले यसलाई भावनान्यास भनिएको हो । बीजमन्त्रमय र देवतामय गरी यो न्यास दुई प्रकारको छ । यो न्यास देवताहरूलाई देवत्व दिने, सिद्धहरूलाई सिद्धि दिने एवं ऋषिहरूको ध्यानको केन्द्र मानिन्छ । विरक्तहरूका लागि यो नित्य छ भने गृहस्थहरूका लागि काम्य छ । यसका साथै विभिन्न पर्वहरूमा दुवैले नैमित्तिक रूपमा यसको अनुष्ठान गर्नुपर्ने मानिन्छ । भावना न्यास विना मानसी पूजा सफल हुँदैन । भावना, ध्यान, समाधि, अध्यात्म–चिन्तन यी चार वैशिष्ट्ययुक्त पर्यायवाची हुन् र यी चारैको समायोजन योग हो । अतः भावनान्यासको अनुष्ठान गर्नाले योगी कल्पस्थायी हुन्छ या त शिवसमान वा शिवत्वमा आरूढ हुन्छ भनिएको छ । अति दुरुह र कठिन हुनाले मूर्खहरूले यसको अनुष्ठान गर्न सक्दैनन्, केवल केही विज्ञले मात्र यथार्थ जानेर यसको अनुष्ठान गर्छन् भनी यस न्यासका सम्बन्धमा भनिएको छ[19] ।

---

[18] पूर्ववत् ७।५३८–६११

[19] पूर्ववत् ८।७–१३९

२) समयन्यास – यो न्यास पनि भावनान्यास जत्तिकै ऐश्वर्ययुक्त छ । यो न्यास कौलहरूका लागि नित्य, अनुकल्प प्रयोक्तहरूका लागि नैमित्तिक र अन्य साधकहरूका लागि काम्य मानिन्छ[20] ।

३) सृष्टिन्यास – न्यासकर्ममा यो न्यास मुख्य अंग मानिन्छ । जुन जुन रूपले देवीले जे जे सृष्टि गरिन्, त्यो सबै यस न्यासमा वर्णित छ । यो न्यास वैदिकहरूका लागि नित्य र कौलहरूका लागि काम्य मानिन्छ । नैमित्तिक रूपमा भने दुवै थरिलाई यो विहित छ । सामान्य र विशेष गरी यसका दुई भेद छन् । यसैका प्रसादले प्रजापतिलाई ईश्वर आदिले आ–आफ्नो महिमाको ख्यापन गर्ने विचित्र सृष्टि रच्न सकेका हुन् । त्यसैले जसले भक्तिभावले यसको अनुष्ठान गर्छ उसले शास्त्रमा नयाँ मत दिन्छ र सर्वत्र शुभकर्ममा शक्ति र सामर्थ्य पाउँछ भन्ने उल्लेख छ[21] ।

४) स्थितिन्यास – स्थितिन्यास मुख्य मुख्य न्यासहरूमध्ये एक मानिन्छ । यसैका बलले विष्णुले विष्णुत्व पाएका थिए, त्यसैले कल्याण चाहने व्यक्तिले यसको नित्यानुष्ठान गर्नुपर्छ भन्ने उल्लेख पाइन्छ । यो पनि सामान्य र विशेष गरी दुई प्रकारको छ । गृहस्थहरूका लागि यो नित्य छ भन्ने कौलहरूका लागि नैमित्तिक र काम्य समेत ठानिएको छ[22] ।

५) संहारन्यास – धर्म अर्थ र अमृतत्वको सम्पादक यो संहारन्यास गुह्यकालीलाई अत्यन्त प्रिय छ । यो न्यास यतिहरूका लागि नित्य, गृहस्थहरूका लागि काम्य र कौलहरूका लागि नैमित्तिक

---

[20] पूर्ववत् ८।१४३–१९०

[21] पूर्ववत् ८।१९७–२५६

[22] पूर्ववत् ८।२६१–३५०

मानिन्छ । यसको अभ्यास गर्नाले विद्यार्थीहरूले गद्यपद्यमा सहजै कुशलता पाउँछन् भनिएको छ । यो न्यास पनि सामान्य र विशेष गरी दुई प्रकारको छ[23] ।

चतुर्थपञ्चक

१) अनाख्यान्यास – अनाख्यान्यास जस्तो उत्कृष्ट चीज पहिले पनि थिएन र भविष्यमा पनि हुने छैन भनी यसको महत्त्व दर्शाइएको छ । यसैगरी 'अनाख्यान्यास गरिएमा अरू न्यासको के काम ?' र 'अनाख्यान्यास नगरिएमा अरू न्यासको के काम ?' भनी जुनसुकै हालतमा पनि यो न्यास गर्नुपर्छ भनिएको छ । सामान्य र विशेष गरी यो न्यास पनि दुई प्रकारको छ[24] ।

२) भासान्यास – भासान्यास अति गूढ छ, स्थितिन्यास र संहारन्यास जाग्रत र स्वप्न समान हुन् भने अनाख्यान्यास र भासान्यास सुषुप्ति र तुरीय समान हुन् । अतः जसरी तुरीयस्थितिमा पुग्दा संसारमा फर्कनुपर्दैन त्यसरी नै भासान्यासको अभ्यास गर्नाले भवबन्धन हुँदैन भन्ने उल्लेख छ । यसको पनि सामान्य र विशेष भेद छ । यो मुमुक्षुका लागि नित्य र अरुका लागि काम्य मानिन्छ[25] ।

३) मन्त्रन्यास – यस न्यासमा गुह्यकालीका सबै मन्त्र समाहित छन् । षट्शाम्भव मन्त्रको दीक्षा लिएका साधकलाई यसमा पूर्ण अधिकार छ । स्त्रीलाई भने यसमा अधिकार छैन[26] ।

---

[23] पूर्ववत् ८।३५५–४०६

[24] पूर्ववत् ८।४१०–४८७

[25] पूर्ववत् ८।४८८–५६४

[26] पूर्ववत् ८।५६८–६१२

४) सिद्धिन्यास – यसको सतत अभ्यासले अचल सिद्धि प्राप्त हुन्छ । यस न्यासको बलले परापूर्वदेखि ऋषि देवता र राजाहरूले सिद्धि पाएका हुन् । त्यसैले हिजोआज पनि जसले यस न्यासको अभ्यास गर्छ उसले अवश्य सिद्धि पाउँछ भनिएको छ । यो न्यास सामान्य र विशेष गरी दुई प्रकारको छ[27] ।

५) विराट्न्यास – देवीको विराट् स्वरूप किंवा विश्वरूपलाई साधकका शरीरमा भावना गर्नु नै यस न्यासको उद्देश्य हो । दिनानुदिन यस्तो भावना गर्नाले साधकले देवीसंग तन्मयता प्राप्त गर्छ र ऊ कैवल्य पदमा पुग्छ । यसलाई कठिन एवं दुरुह समेत भनिएको छ । यसका पनि सामान्य र विशेष भेद छन् । जसले विराट् रूपको ध्यान गर्छ, विराट्न्यासको अभ्यास गर्छ र तुरीयाको जप गर्छ, उसले शोक गर्नुपर्दैन, ऊ संसारमै मुक्त हुन्छ भन्ने विश्वास छ[28] ।

पञ्चम पञ्चक

१) बीजन्यास – बीजन्यास सबै प्रकारका साधकहरूलाई अनिवार्य छ । संसारका सबै पदार्थको बीजतत्त्व बीजन्यासमा समेटिएको छ । अतः संसारको कारण भएकाले यो शिवसमान श्रेष्ठ छ भनिएको छ । यसको सामान्य र विशेष दुई भेद छन्[29] ।

२) कूटन्यास – कूटन्यासको मूल वज्रडामरतन्त्र हो । यस न्यासको शुद्धतामा बढी जोड दिइएको छ । शुद्ध भएमा यही शुभप्रद र

---

27 पूर्ववत् ८।६१७–६७८

28 पूर्ववत् ८।६८०–८६२, पूरै पञ्चपञ्चकन्यास गर्न नसक्ने साधकले भावनान्यासदेखि विराट्न्यास सम्मका दश न्यास गर्नु भन्ने विधान छ ।

29 पूर्ववत् ९।७–४४

अशुद्ध भएमा यही क्षयप्रद मानिन्छ । यो पनि सामान्य र विशेषभेदले द्विविध छ[30] ।

३) क्रमन्यास – क्रमको मूल डामर र यामल तन्त्रहरू हुन् र क्रमन्यास कपालडामरतन्त्रबाट लिइएको देखिन्छ । क्रमन्यासमा सबै आम्नायका सौम्य तथा उग्र देवीहरू र तिनको ध्यान तथा पूजाको क्रम बताइएको छ । यहाँ पूर्वाम्नायका चण्डेश्वरीदेखि हयग्रीवेश्वरीसम्मका, दक्षिणाम्नायका मातङ्गीदेखि वाग्वादिनीसम्मका, पश्चिमाम्नायका कुब्जिकाबाट शुरु भई चर्चिकासम्म, उत्तराम्नायका गुह्यकालीदेखि कालसंकर्षणीसम्मका, ऊर्ध्वाम्नायका त्रिपुरसुन्दरीदेखि मोक्षलक्ष्मीसम्मका, र अधराम्नायका भीमादेवीदेखि महाडाकिनीसम्मका १६–१६ देवीहरूको भावना गर्ने क्रम वर्णित छ । विराट्ध्यान र क्रमन्यासमा मौलिक समानता छ । विराट्ध्यानमा भगवतीको विश्वरूप वर्णित छ भने क्रम न्यासमा सर्वाम्नायरूपता । अतः भुक्ति मुक्ति भक्ति सिद्धि सबै एकैपटक चाहने साधकले यो न्यास गर्नु भन्ने शास्त्रीय उल्लेख छ[31] ।

४) धातुन्यास – यो सबैका लागि अनिवार्य छ र विशेषतः कैवल्य चाहनेले यसको अनुष्ठान गर्नुपर्छ । सृष्टि आदि पाँच न्यास बराबर यो एक्लो हुन्छ । धातुशब्द नानार्थक छ तापनि धातुन्यासमा आएको धातु शब्दको अर्थ शारीरिक अवयव हुन्छ । वस्तुतः देवीदेवताको शरीर, अस्त्र वा मूर्ति केवल कल्पना मात्र हो । मन्त्रहरू नै देवीदेवताका अवयव हुन्, अस्त्र हुन् । यसै तथ्यलाई आत्मसात् गरी वैदिक तथा तान्त्रिक शास्त्रहरू प्रवृत्त भएका छन् । त्यसैले

---

[30] पूर्ववत् ९।४६–७९

[31] पूर्ववत् ९।८०–४६७

यहाँ पनि मन्त्रहरूबाटै भगवतीको अङ्गादि भावना गर्ने क्रम भेटिन्छ । यसका सामान्य र विशेष भेद छन्[32] ।

५) तत्त्वन्यास – यस न्यासको अनुष्ठान तत्त्वज्ञानका लागि गरिन्छ । अतः संन्यासीका लागि यो न्यास अनिवार्य ठानिन्छ भने गृहस्थ र कौलहरूका लागि काम्य रूपमा यसको विधान भेटिन्छ[33] ।

षोढान्यास

षोढान्यास भन्नाले छ प्रकारका न्यासहरूको समष्टि बुझिन्छ । यसमा एउटा न्यास मुख्य हुन्छ र बाँकी यसका अंग हुन्छन् । षोढान्यासको दुई भेद छन् – लघुषोढा र महाषोढा ।

१) लघुषोढान्यास – यसको मूल कालिकाकुलक्रम हो । यस न्यासको अभ्यास गर्नाले सबै पाप नष्ट हुन्छन् र साधकको शरीरमा देवीले वास गर्छिन्, अतः षोढान्यास गर्ने साधकले अन्य व्यक्तिहरूसंग कुराकानी गर्न वा तिनलाई नमस्कार गर्न हुँदैन भनिएको छ[34] । यो न्यास गर्दा बायाँ तिघ्रामा स्वीया वा परकीया जो भएपनि शक्तिलाई राख्नुपर्ने विधान छ । यसैगरी महिला साधिकाले पनि पुरुषलाई बसाउनु पर्ने विधान देखिन्छ । त्यसैले संन्यासीहरूका लागि यसको विधान गरिएको छैन भन्ने महाकालसंहिताको मत छ[35] । यसको अनुष्ठानका लागि समयको बन्धन छैन । त्यसैले यो न्यास कुनै पनि बेला गर्न सकिन्छ । लघुषोढान्यास अन्तर्गत

---

[32] पूर्ववत् ९।४७६–५४४

[33] पूर्ववत् ९।५४६–५९७

[34] पूर्ववत् ९।८५९–८६०

[35] पूर्ववत् ९।६००–६०३

उग्रमातृकान्यास, कालीकुलक्रमन्यास, पीठक्रमन्यास, योगिनीन्यास, दैवतन्यास र मन्त्रक्रमन्यास पर्दछन् । त्यसैले यसलाई पञ्चक्रमन्यास पनि भनिन्छ[36] । लघुषोढान्यास सकेपछि रूद्रमन्त्र र भैरवमन्त्रले कालिकालाई बलि दिइन्छ । कापालिक, भाण्डिकेर, मौलेय, दिगम्बर, भैरवसाधक समेत सबै कौलहरूले यसपछि पञ्चमकारको सेवन गरी शक्तिपूजा गर्दछन् । त्यसबेला ती साधकले स्वयंलाई पनि भैरव सम्झी आत्मपूजा गर्दछन् । यसपछि मात्र न्यास पूर्ण हुन्छ[37] ।

२) महाषोढान्यास – महाषोढालाई निर्वाणषोढा पनि भनिन्छ[38] । सम्पूर्ण चराचर जगत्लाई यस न्यासभित्र समेट्न खोजिएको छ । भनिएको छ कि प्रतिदिन यस न्यासको अभ्यास गर्ने साधकले तीनै लोक कंपाउन सक्छ । महाषोढान्यासभित्र तीर्थशिवलिङ्गन्यास, पर्वतन्यास, नद्यृषिन्यास, अस्त्रभैरवन्यास, यज्ञमहाराजन्यास र कल्पसिद्धन्यास पर्दछन् । यी छ वटै न्यासका सामान्य र विशेष भेद छन् । यो न्यास कहीं लेखेर राख्नाले मात्र पनि रोग, दुर्भिक्ष, ग्रहपीडा आदि आइपर्दैनन्, मंगल हुन्छ र नित्य ऐश्वर्यवृद्धि हुन्छ भनिएको छ[39]।

---

36 पूर्ववत् ९।६१०–६११

37 पूर्ववत् ९।८५६–८६०

38 पूर्ववत् ९।८६१–८६९

39 पूर्ववत् ९।८८०–८८५

गुह्येश्वरीको पौराणिक उल्लेख र उपाख्यान

हरेक धार्मिक वा साँस्कृतिक स्थलले मान्यता पाएपछि त्यसको महत्त्व दर्शाउन र त्यसका सम्बन्धमा जनसाधारणले राखेको श्रद्धा–विश्वास र कथेको जनश्रुतिलाई सुरक्षित राख्न पौराणिक कथा, उपाख्यान र माहात्म्यहरू रचिने गर्छन् । गुह्येश्वरीका सम्बन्धमा पनि यस्तो आख्यान र माहात्म्य कथा रचिएका छन्, तर पशुपतिको अपेक्षा गुह्येश्वरीको पौराणिक उल्लेख तथा उपाख्यान कमै पाइन्छन् । वायुपुराण र ब्रह्माण्डपुराणमा "नेपालपीठ" को उल्लेख परेको छ, यो उल्लेख गुह्येश्वरीको हुन बढी सम्भव छ[1] । देवीभागवतमा देवीका मुख्य र प्रिय स्थानहरूमध्येको एक गुह्येश्वरीको महास्थान नेपालमा प्रतिष्ठित छ भनिएको छ[2] । वराहपुराणमा शिखरवासिनीका रूपमा गुह्येश्वरीको उल्लेख आएको छ भन्ने गरिएको छ[3] । कालिकापुराणमा पनि गुह्यपतन भई बनेको गुह्यस्थानको चर्चा आएको छ[4] । ई. १४०८ पछि र ई.१६६४ अघि कुनै समयमा रचिएको[5] "हिमवत्खण्ड" पशुपति पुराण र नेपाल

---

[1] पौण्ड्रवर्धन-नेपालपीठं नयनयोर्युगे । वायुपुराण ४२७९
कामरूपं वाराणसीं नेपालं पौण्ड्रवर्धनम् । ब्रह्माण्डपुराण, ललितोख्यान ४०।९३

[2] गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम् । देवीभागवत ७ र ३८।११

[3] वराह २१६।९७

[4] आचार्य २०४० मा उद्धृत ।

[5] जगदीशचन्द्र रेग्मीले (रेग्मी २०५३ः २५–२६) नेपाल माहात्म्यलाई ने.सं. ५१२ भन्दा अघिको रचना देखाउन खोज्नुभएको छ, तर यो कुरा मान्य हुन सक्दैन ।

माहात्म्य जस्ता स्थानीय पुराणहरूमा भने गुह्येश्वरीका विषयमा केही विस्तृत विवरण र उपाख्यान पाइन्छन् । ती विवरण तथा उपाख्यानहरूको संक्षिप्त चर्चा यहाँ गरिन्छ ।

विवरण १ (उपाख्यान)

हिमवत्खण्डको उनान्सत्तरियौं अध्ययामा हिमालय कसरी पर्वतहरूका राजा भए भन्ने सम्बन्धमा अगस्त्य र स्कन्दको प्रश्नोत्तर भेटिन्छ । यस उपाख्यानमा गुह्येश्वरीको पनि चर्चा आएको छ ।

"हिमालयको फेदीमा पशुपति र गुह्येश्वरीको निवासस्थल नेपाल छ, त्यहाँ प्राचीनकालमा हिमालय र मेना तपस्या गरी बस्थे । तपस्याबाट शिवलाई खुशी पारी हिमालयले पर्वतराज हुने वरदान पाए । मेनाले पनि भक्तिभावले गुह्येश्वरीको तपस्या गरिन् र एकदिन मेनाका सामु भगवती प्रकट भइन् । भगवतीको रूपलावण्य देखेर मेनाले मनमनै भगवतीजस्तै छोरी पाउने आकांक्षा राखिन् भगवतीले मेनाको मनको कुरा बुझेर आफू मेनाको छोरी हुने आश्वासन दिइन् । त्यसैले पछि मेनाको गर्भबाट पार्वती भई भगवती जन्मिन् ।"[6]

विवरण २

हिमवत्खण्डको एकहत्तरौं अध्यायमा स्कन्दले अगस्त्यमुनिलाई नेपाल (उपत्यका) का विभिन्न तीर्थस्थलहरूको परिचय दिएका छन् । यस्र क्रममा गुह्येश्वरीको पनि विवरण पाइएको छ । जो यस प्रकार छ –

हिमवत्खण्ड नेपालमाहात्म्य दुवैमा राजराजेश्वरीको उल्लेख छ । राजराजेश्वरीको स्थापना ने.सं. ५२८ मा भएको हो । त्यसैले यी दुवै ग्रन्थ ने.सं. ५२८ पछिका हुन् ।

[6] हि.ख. ६९।३६–४४

'जहाँ (उपत्यकामा) पशुपतिको प्रसादबाट श्लेष्मान्तक नागको शरीरबाट उत्पन्न भएको श्लेष्मान्तक वन शोभित छ । जहाँ सिद्धगण सहित योगबल र सिद्धबल दिने निरञ्जन दत्त (दत्तात्रेय) को गोपद (मन्दिर) रहेको छ । जहाँ विनायक र क्षेत्रपाल निरन्तर रूपमा देवीको क्षेत्रको रखवाली गरिबसेका छन् । जहाँ यी गुह्या नाम गरेकी सदासर्वदा सिद्ध र देवताहरूले सेवा गरिएकी भगवती करोडौं–करोड योगिनीहरूले सहित भएर बस्तछिन् । जहाँ करोड गणहरूले युक्त भएर गुह्येश्वरीको नजीकमा ब्राह्मी रहेकी छिन्, त्यो क्षेत्र सदासर्वदा शोभायमान छ । त्यस्तै जहाँ करोड योगिनीहरूले सेवा गरिएकी कौमारी बसेकी छिन् त्यो क्षेत्र सधैं सुहाउँछ । जहाँ करोड गणले घेरिएकी वाराही सधैं देवीको नजीकमा बसेकी छिन्, त्यो क्षेत्र निश्चय नै जगमगाउँछ । करोड गणले राम्ररी घेरिएकी भगवती गुह्येश्वरीको सन्निकटमा जहाँ नारसिंही रहेकी छिन्, त्यो क्षेत्र धेरै सुहाउँछ । यसरी देवीको स्थानलाई आ–आफ्ना वाहनमा आरूढ भएका र करोडौंकरोड गणले घेरिएका देवीहरूले दशैदिशाबाट सधैं रक्षा गर्दछन् । देवीका स्थानका दक्षिण द्वारमा रहेकी यिनीहरू रातोदिन पशुपतिका गणका साथमा रही त्यस क्षेत्रको रक्षा गर्दै सधैं डह्छन् । जहाँ सिद्ध गणपति परिवारले सहित भएर द्वारदेशमा खटेका छन् र द्वारको रक्षा गर्दैछन्, त्यसैगरी अमर क्षेत्रपाल पनि सधैं त्यस क्षेत्रको रक्षा गर्दै त्यहाँ बसेका छन् र उनी मानिसहरूको मनोवाञ्छा पूर्ण गर्ने गर्दछन्[7] ।'

---

[7] हि.ख. ७१।२५–३९

विवरण ३ (उपाख्यान)

हिमवत्खण्डको त्रिहत्तरौं अध्यायमा स्कन्दले अगस्त्यलाई पशुपति क्षेत्रको सेवन गर्नाले मुक्त भएका व्यक्तिहरूको वर्णन सुनाएका छन् । उक्त उपाख्यानात्मक वर्णनमा गुह्येश्वरीको प्रसंग पनि समेटिएको छ ।

"उहिले उत्कल पुरीमा देवीदास नाम गरेका राजा थिए । उनी हिमालतिर लागे र अन्ततः नीलाचलमा ब्रह्मपुत्रको पानीमा डुबुल्की लाएर हरदम कामाख्याको उपासना गर्न थाले । बाह्रवर्ष यसरी तपस्या गरेपछि एकदिन उनले त्यहीं तीर्थमा आई नुहाएर भगवतीको पूजा गर्दै गरेका जैगीषव्यलाई देखे । जैगीषव्यले पनि पूजा सकेर राजालाई कुशल मंगल विषयमा सोधे । उनले आफू सधैं यहाँ आउने र पूजा–आजा सकी ब्रह्मलोक जाने गरेको बताए । यसपछि राजाले जैगीषव्यलाई देख्न सकेकोमा आफू धन्य भएको ठाने । जैगीषव्यले पनि राजालाई उनले तपस्याका बलले दिव्यचक्षु पाएका छन् एवं उनी योगीश्वर भइसकेका छन् भनी बुझाए । साथै अर्का एक योगीश्वरलाई उनीसँग परिचित पनि गराए । उनले भने– यी योगीश्वर पूर्वजन्ममा केरलका महाराजा थिए, यिनले एघार वर्षसम्म महाक्षेत्र नेपालमा पशुपतिको आराधना गरेका थिए र त्यसको फलले अहिले यी योगीश्वर भएका हुन् । यो कुरा सुनेपछि राजाले पाशुपत क्षेत्रको दर्शन गर्ने इच्छा राखे । अनि जैगीषव्य सहित दुवै योगीश्वर नीलाचलबाट आकाशमार्गले मणिह्रदमा (वज्रयोगिनी) आए । त्यहीं उनीहरूले वासुदेवबाट पशुपति क्षेत्रमा गई मंगला गौरी, वत्सला गौरी र गुह्या गौरीको समेत दर्शन गर्ने आदेश पाए । उनीहरूले त्यहीं नेमुनिबाट पशुपति र गुह्येश्वरीको छिटै दर्शन पाइने कुरा थाहा पाए र त्यहाँबाट विभिन्न तीर्थहरूको दर्शन स्पर्शन गर्दै भुवनेश्वरी गुह्येश्वरी वासुकि तथा अन्य सिद्ध देवताहरूको दर्शन गर्दै अन्तमा पशुपतिको दर्शन गरे ।

यसरी दर्शन पूजन गरिसकेपछि जैगीषव्यले पूर्वजन्ममा पशुपति क्षेत्रमा तपस्या गरेका योगीश्वरसंग उपदेश तथा कामाख्या फर्कने आज्ञा मागे । जैगीषव्यको यस्तो अभिलाषा थाहा पाई ती योगीश्वरले जैगीषव्यलाई संझाउँदै पुनः कामाख्या वा ब्रह्मलोक फर्कनुमा विशेष प्रयोजन बाँकी नरहेको कुरा बताए र घमण्ड त्याग्न भने । उनले पशुपति क्षेत्रका अरु विभिन्न मुक्तिदायक तीर्थस्थलहरूको दर्शन गराए । यहीं उनीहरूले सम्पूर्ण तीर्थहरू समुद्र सप्तद्वीप समेत देखे । यसपछि उनीहरू देवीको स्थानमा फर्के । त्यहाँ पीठमा राजाले सबैतिरबाट देवता र सिद्धयोगीहरूले घेरिएर रहेकी कल्याणकारिणी भगवती कामेश्वरीलाई देखे । योगिनीहरूका चौसट्ठी गणले सहित भएकी मणिमन्दिरमा ब्रह्मा, विष्णु, महेश्वर र इन्द्रका शिरपेचमा जडिएका रत्नको उज्यालोले पाउ चम्चमाएकी, स्तुति जप पूजा र उपहारले युक्त भई सिद्धहरू समाधिमा बस्ने योगीहरू, आकाशमा गमन गर्ने खेचरहरू साधिका स्त्रीहरूले उपासना गरिएकी भगवती कामाख्यालाई देखे । त्यहाँ उनले आगाको ज्वालामा शलह घुसेझैं भगवती सतीको तेजमा मुमुक्षुहरूको आत्मा प्रविष्ट भएको देखे । यसरी सिद्धविग्रह भएका ती योगीहरूले त्यस महाक्षेत्रमा पाशुपत महद्राज्य देखे । उनीहरूले वज्र र स्वर्णले बनेको त्यो दिव्य नगरी देखे जहाँ देवर्षिहरू, सिद्ध र योगीहरू, करोडौं-करोड तपस्वीहरू, प्रमथ र योगिनीगणहरू भगवती गुह्येश्वरीको पूजा आराधना गर्थे । त्यसपछि उनीहरूले भगवती गुह्येश्वरीको स्तुति गरे । योगीहरूले भने – शिव र ब्रह्माद्वारा वन्दना गरिएकी, दक्षकी छोरी, संसारका मालिक भुवनपतिहरूद्वारा पूजिएकी भव्य स्वरूपकी, आफ्नै कान्तिले शिवदेखि भिन्न रूपमा देह धारण गरेकी जगदीश्वरी भवानी सुभद्रालाई म (हामी!) भजन गर्छु । महाकालरात्रिको स्वरूप लिएकी, दुब्ली अत्यन्त गुह्य नाम भएकी काली

(गुह्यकाली), डरलाग्दो आभा र मुख भएकी (कराली), प्रकट हुन आँटेको प्रकाशको आभालाई आत्मसात् गरेकी काली (भासाकाली), कुमारकी आमा अथवा कुमारी रूपकी, अकारादि वर्णक्रममा अभिव्यक्त हुने भगवती भद्रकाली जो मृडानी र अपर्णा नामले चिनिन्छिन्, जो चिदानन्दस्वरूपिणी छिन् त्यस्ती कल्याणकारिणी ईश्वरी, मोहरात्रि, चण्डिका, सुनन्दा जयन्ती आदि नामले चिनिने, शवलाई अलंकारका रूपमा अंगहरूमा धारण गर्ने, त्रयी अर्थात् वेदले प्रतिपादन गरेको धर्मलाई आफ्नो स्वरूप बनाएकी सिंहवाहना कुमारी रूपधारिणी ज्ञानरूपा महेश्वरकी प्रिया पार्वती गुह्यकालीलाई म भजन गर्छु । जो मणिमय पीठमा विराजमान छिन्, देवताहरूले सेविएकी छिन्, र जसले सबैको मनोकामना पूरा गरिदिन्छिन् । जगत्को पोषण गर्ने, प्रसन्न रहने, जगत्को सार भएको चितिशक्तिबाट उत्पन्न भएकी, सृष्टिको मूलमा प्रतिष्ठित, जगत्को जीवन भएकी, विश्वमा जन्मिएका सबैको पालन गर्ने भएकी, प्राणशक्तिस्वरूपा, स्वच्छ जटाजूटले सुहाएकी, सत्त्व रज र तम तीनै गुणमा अनुस्यूत रहेकी, असीमित तीक्ष्ण किरणले ढाकिएकी कालरूपिणी, जगत्को उत्पत्तिदेखि अन्त्यसम्म व्याप्त रहेकी, सत्स्वरूपिणी, विश्व ब्रह्माण्डको संहारकालमा पनि रहिरहने प्रचण्डा सुकेशी भगवती उमालाई म भजन गर्छु । योगीहरूका चित्तरूपी कमलले सुहाएकी, विचित्र भोग्यवस्तुले सिंगारिएकी, महायोगीहरूले पूजिएकी, सूर्य र चन्द्रको आश्रय भएकी, राम्रा आँखाले सुहाएकी, उत्कृष्ट स्वरूपकी मनोज्ञा भगवतीलाई सबै प्रकारबाट म भज्छु । नदी समुद्र र आकाशमा व्याप्त रहेकी, उत्कृष्ट र अत्यन्त उग्र, चितिशक्तिमा लीन, नादतत्त्वमा प्रतिध्वनित हुने, शिवकी प्राणप्यारी, देवाताहरूले ध्यान गरिएकी, ऐश्वर्यस्वरूपिणी, देवताहरूको प्राणरक्षा गर्ने भएकी, मानिसहरूको हृदयपुण्डरीकमा आसन जमाएकी, विवेकज्ञान प्राप्त

गरेका सबैले सधैं ध्यान गरिएकी भगवती प्रचण्डालाई म भजन गर्छु । ती विवेकात्माहरू जसको मायाको अंश लुप्त भएको छ सधैं तिमीलाई आफ्नो चिन्ता विसाउँछन् । राक्षसहरूको रगत पिउँदा जिब्रोबाट रगत चुहाइरहेकी तिमी नै श्रुति हौ र श्रुतिका अङ्गहरू पनि तिमी नै हौ, तिमी ईश्वरी हौ, लज्जा हौ र वाणी पनि तिमी नै हौ । आद्या र अनाद्या तिमीलाई नै म बारम्बार भजन गर्छु । भक्तियुक्त भएर जसले भगवतीसंग ऐक्य भावना गर्दै भगवतीको सामुन्ने यो स्तोत्र पाठ गर्छ सधैं उसले धर्म कमाउँछ, उसको मनोवाञ्छा पूरा हुन्छ उसका कामनाहरू पूर्ण हुन्छन् । उसले प्रभुत्व जय र सबै प्रकारका सिद्धि र मुक्ति समेत पाउँछ ।"

यसरी स्तुति गरेर ती सिद्धहरूले भगवतीको परिक्रमा गरे । यसबेला राजाले दुवै योगीश्वरलाई यस क्षेत्रको महत्त्व बुझाए । त्यसपछि ती तीनै जनाले सर्वदेवमय र सर्वलोकमय यस क्षेत्रमै बस्ने निधो गरे र मनको जत्तिकै वेग भएका ती सिद्धयोगीहरू यहीं योगाभ्यास गरी बसे । जसले यो पवित्र अध्याय प्रतिदिन एकचित भई सुन्छ उसले यहाँ पुत्र सुकीर्ति धनधान्य आयु आदि पाउँछ र अन्तमा निष्पाप भई स्वर्ग जान्छ।"[८]

विवरण ४ (उपाख्यान)

श्लेष्मान्तकवनको नामकरण सम्बन्धमा स्कन्द र अगस्यबीच भएको वार्तालापका रूपमा यो उपाख्यान आएको छ । हिमवत्खण्डको उनासियौं अध्यायमा यो उपाख्यान भेटिन्छ । सिद्धाद्रिका रूपमा विख्यात रहेको स्थल कसरी श्लेष्मान्तक वन भनिन थाल्यो, यो

---

[८] हि.ख. ७३।१०७–१४०

श्लेष्मान्तक को हो र यसले कसबाट वर पायो भन्ने अगस्त्यको प्रश्नमा स्कन्दले दिएको उत्तरका रूपमा यो उपाख्यान आएको छ । यसै उपाख्यानसंगै गांसिएर देवताहरूले शिवलाई खोज्दै श्लेष्मान्तक वनमा आएका र त्यहाँ तपस्यारत कुमारीलाई भगवती हुन् भन्ने पहिल्याई शिवको सोधखोज गरेका एवं देवताको प्रश्नको उत्तर दिई भगवती अन्तर्धान भएकी र त्यस ठाउँमा गुह्येश्वरी पीठ बनेको उपाख्यान जोडिएको छ ।

'हिमालयको काखमा मुञ्जवान् (गोकर्ण) पर्वतको दक्षिणतिर एक योजनको दूरीमा तपोवनका गुणहरूले युक्त भएको सिद्धाद्रि नामको पर्वतशिखर छ । त्यहाँ हरदम वरदान दिने गुह्याख्या भगवती बस्दछिन् । जहाँ चिताएको फल दिने नदीहरूमा श्रेष्ठ पवित्र वाग्मती नदी धेरै तीथहरूले सहित भई निरन्तर बग्छिन् र जहाँ सिद्ध ऋषिहरूले सेवा गरिएको ठूलो र रमाइलो धेरै तीर्थहरूले भरिएको वन छ । त्यहाँ प्राचीनकालमा गरुडसंग झगडा परेकाले हारेर डराएको श्लेष्मान्तक नाम गरेको नाग बस्दथ्यो । उसले नागराज वासुकिको आश्रय लिएर वायुमात्र पिई शिवको पूजा आराधना गऱ्यो र तन्मय भई हजार वर्ष तप गऱ्यो । उसको तपले खुशी भई शिवले त्यस नागलाई आफ्नो क्षेत्रमा निवास गर्ने अनुमति दिए र उसैका नामले श्लेष्मान्तक वनका रूपमा सिद्धाद्रि प्रसिद्ध हुने वरदान दिए । त्यसपछि शिवले उक्त स्थानको निर्माण गरे । त्यत्तिकैमा देवी त्यहाँ आइन् र उनलाई शिवले भने – "हेर ! यहाँका सबै तीर्थ मेरा अंश हुन् भने नदीहरू सबै तिम्रा अंश हुन् । म यहीं मृगरूप लिएर घुम्छु, क्रीडा गर्छु । कालान्तरमा जब ब्रह्मा विष्णु र इन्द्रले मेरो खोजी गर्नेछन्, त्यसबेला यो कुरा उनीहरूलाई भन्नू ।" त्यसपछि दुवै एकपछि अर्को

गरी अन्तर्धान भए । शिवले आफूले देवीलाई भनेझैं मृगरूप धारण गरे र त्यहीं रम्न लागे ।

शिव अचानक हराउँदा स्वर्गमा हल्लीखल्ली मच्चियो । शिवको खोजी गर्दै ब्रह्मा विष्णु र इन्द्र पशुपति क्षेत्रमा आए । हाल गुह्येश्वरी मन्दिर भएको स्थानमा आइपुग्दा उनीहरूले वाग्मतीको दक्षिण किनारमा सुरम्य वनमा तपस्यारत एउटी राम्री कन्यालाई देखे । ती कन्या नदीको किनारमा स्वच्छ बालुवाले वेदी बनाइरहेकी थिइन् । कमलजस्ता तीन आँखा, पातलो जीउ, राम्रा स्तन र बिम्बफल जस्ता ओठ भएकी, मुसुमुसु हाँसिरहेकी, चन्द्रमा जस्तो उज्यालो मुख भएकी, दिव्य वस्त्र र आभूषण लाएकी, सबै चिह्नले युक्त भएकी करोड सूर्यको जति कान्ति र करोड कामदेवको जस्तो सौन्दर्य भएकी, अति तेजस्विनी ती कन्यालाई एक्लै नदी किनारमा बसेको देखी ब्रह्मा विष्णु र इन्द्र एकैपल्ट चकित भए । तर उनीहरूले लक्षण विचार गरी यिनी पार्वती नै हुन् भन्ने सोचे र कन्यालाई तिमी को हौ ? तिमी पक्कै पनि पार्वती हौ, त्यसैले शिवको बारेमा बताऊ भनी सोधे । देवीले पनि नैर्ऋत्यतिर वनमा मृगरूपमा शिव क्रीडा गर्दैछन् भनी बताइन् र त्यहीं अन्तर्धान भइन् । देवी अन्तर्धान भएको ठाउँमा एउटा छिद्र देखियो र देवताहरूले त्यसलाई परिक्रमा गरे र उनीहरूले स्तुति गर्दै भने –

'हे आमा! भगवती देवी तिमीलाई नमस्कार छ । अव्यक्ता अलक्ष्या र व्यक्ताव्यक्त स्वरूपिणी कात्यायनी कलाधात्री अम्बिका शिवालाई नमस्कार छ । मायाले रहित भएतापनि मायाको रूपमा देखापर्ने, संसारलाई मोहित गर्ने, मायाले मोहित भएकाहरूले संहरण गर्ने, जगत्की ऐश्वर्य भएकी तिमीलाई नमस्कार छ । गुह्या नामले

चिनिएकी रौद्रा गुह्येश्वरीलाई नमस्कार छ ।' त्यसपछि उनीहरू पैदलै श्लेष्मान्तक वनतिर छिरे।"[9]

विवरण ५ (उपाख्यान)

ब्रह्मा विष्णु र इन्द्रले मृगरूप लिएका शिवलाई पक्रने प्रयास गर्दा मृगको सिंग तीन टुक्रा भयो भयो । यसमा अपराधबोध गरिरहेका ती देवतालाई अपराधबोध नगर्ने प्रेरणा दिंदै तीर्थस्थलहरूको सेवन गर्न शिवले आग्रह गरे भन्ने प्रसंग हिमवत्खण्डको त्रियासियौं अध्यायमा आएको छ । यसै प्रसंगमा गुह्येश्वरीको पनि विवरण भेटिन्छ ।

'सिद्धहरूले सेवित गौरीशैल पनि जानू, त्यहाँ शिखरप्रिया पार्वती बस्तछिन् । लोकमाता भएकी लोकको रक्षामा उद्यत रहेकी ती भगवती गुह्येश्वरीलाई प्रणाम गर्नाले सबै पापहरूबाट मानिस मुक्त हुन्छ ।"[10]

विवरण ६ (उपाख्यान)

वाग्मतीको गुह्येश्वरी तीर्थमा नुहाई गुह्येश्वरी र गुह्येश्वरीको पूजा गर्नाले प्राप्त हुने फलको वर्णन गर्ने क्रममा यो उपाख्यान आएको छ । यो उपाख्यान हिमवत्खण्डको एकसय एकाउन्नौं अध्यायमा छ ।

"अन्तर्वेदीमा एउटा मातृगमन आदि महापाप गर्ने विरूपाक्ष भन्ने ब्राह्मण थियो । पापका प्रभावले उसलाई कुष्ठरोग भयो । त्यसपछि ऊ भौतारिदै हिंड्न थाल्यो । यस्तैमा एकदिन उसले नेमुनिलाई भेट्यो र पापमोचन कसरी हुनसक्छ भन्ने प्रश्न राख्यो । नेमुनिले पापमोचनका

---

[9] हि.ख. ७९।१-४०

[10] हि.ख. ८३।७४-७५

लागि उसलाई तीर्थयात्रा गर्न लगाए । यही तीर्थयात्राका क्रममा विरूपाक्ष एकदिन गुह्येश्वरीमा आइपुग्यो । उसले वैशाखशुक्लचतुर्दशीका दिन गुह्येश्वरी महातीर्थमा नुहाई रातमा गुह्येश्वर–गुह्येश्वरीको पञ्चोपचारले पूजा गर्यो । त्यसपछि विरूपाक्षले नेमुनिसंग गुह्येश्वर–गुह्येश्वरी माहात्म्य सोध्यो । विरूपाक्षको प्रश्न सुनेर नेमुनिले भने –

हे विरूपाक्ष ! इन्द्रियले ग्रहण गर्न नसकिने भएका शिव र देवीको माहात्म्य म कसरी भनूँ । मन वचन र कर्मले पनि भक्तिरहित व्यक्तिका लागि अगम्य रहेका शिव–शक्तिको म कसरी वर्णन गरूँ । योगीश्वर, योगिनी एवं महायोगीहरूले समेत एकछेउमात्रै जानिएका यी दुईको म कसरी बयान गरूँ । तथापि व्यक्तरूपमा भएकी योगरूपा गुह्येश्वरी र गुह्येश्वर लिङ्गको पनि म वर्णन गर्छु र यी दुईबाट देवताहरूले पाएको वरदानको चर्चा गर्छु सुन । यिनै योगरूपाका प्रसादले ब्रह्माले ब्रह्मत्व, विष्णुले वैकुण्ठ, रूद्रले शङ्करत्व र व्यापकता, दिक्पतिहरूले दिशाको जिम्मा, ऋषिहरूले पूज्यता र सिद्धहरूले अमरजीवन पाएका हुन् । देवीले आफ्ना भक्तहरूलाई मनले चिताएको आकांक्षा पूरा गरिदिन्छन् । यसै प्रसंगमा एउटी स्त्रीले भगवतीबाट वरदान पाएको प्रसङ्ग भन्छु सुन । पुरानो समयमा एउटी दुश्चरित्रा आइमाई थिई, ऊ स्वच्छन्द रूपमा परपुरुषहरूसंग विहार गर्थी । यस्तैमा उसको पतिको गंगाकिनारमा मृत्यु भयो र त्यो स्त्री पतिको सती गई । त्यो पुण्यले अर्को जन्ममा ऊ पिंगला रानी भई, तर पूर्वजन्मको पापको फलस्वरूप सुदन्त राजाले रानीको मुखै हेरेनन् । यसबाट रानी अति दुःखी रहने गर्थिन्, यस्तैमा एकदिन तिनले एकजना संन्यासीको मुखबाट गुह्येश्वरीको माहात्म्य सुनिन् । ती रानी एकरात आफ्नो नगरबाट निस्किन् र देशदेशान्तर नाघ्दै यहाँ आइपुगिन् ।

आश्विन कृष्ण अष्टमीका[11] दिन पिंगला र उनकी संगिनीले गुह्येश्वरी महातीर्थमा स्नान गरे । पिगंलाले गुह्येश्वर सहित गुह्येश्वरीलाई पूजा गरिन् र निराहार बसिन् । मेरो पति वशमा होस् भन्ने भावना मनमा राखी तिनले विविध उपचारले नवमीको रातमा देवीको पूजा गरिन् । त्यसैबेला 'हे पिंगला ! यो सिन्दूर र गाजल लिऊ' भन्ने आकाशवाणी भयो र रानी पिंगलाले आफ्ना सामुन्ने सिन्दूर र गाजल भेट्टाइन् । त्यसपछि उनले ती दुवै चीज ग्रहण गरिन् र दशमीका दिन पूजा गरी पारायण गरिन् । त्यसपछि पतिको नाम मनमा राखी देवीको मन्त्र जप्दै सिन्दूर गाजल लाइन्, अनि देवीको परिक्रमा गरी खुशी हुँदै आफ्नो देशतिर लागिन् । रानी पिंगलालाई जस–जसले देखे ती सबै मोहित भए, दूर देशमा रहेका राजाको मनमा पनि क्षोभ उत्पन्न भयो र उनी 'हा पिंगला !' भन्दै रानीको खोजीमा निस्के । गंगाकिनारमा दुवैको भेट भयो र राजाले रानीलाई आलिंगन गरे । यतिकैमा इन्द्र त्यहाँ आइपुगे र पिंगलाको मोहक रूप देखी तिनलाई आफूसंग लैजाने कोशिश गरे, तर इन्द्रले आफूतर्फ हात बढाउने बित्तिकै रानी पिंगला पछि हटिन् र 'मलाई छोएका खण्डमा तिमी शापले भस्म हुनेछौ' भनिन् । यसरी उनी आफ्नै राज्यतिर लागिन्, उनी बाँचुञ्जेल धनधान्य छोरा–नातीले सहित रमाइन् र मृत्युपछि देवीलोकतिर लागिन् ।

हे विरूपाक्ष ! अर्को एक पुरुष पनि यहाँ मुक्त भएको छ, त्यो कथा सुन । कुनै समयमा व्यङ्ग नाम गरेको चाण्डाल मिथिलामा बस्थ्यो । ऊ संधै आफूलाई धिक्कार्थ्यो । अन्तकालमा उसले अर्को जन्ममा ब्राह्मण बनूँ भन्ने संकल्प लिई वाग्मतीमा प्राण त्याग्यो । त्यो

---

[11] कतै झुक्किएर महानवमी (आश्विनशुक्लाष्टमी) को सट्टा कृष्ण पक्षको नवमीको उल्लेख हुन पुगेको त होइन ?

पुण्यले ऊ अर्को जन्ममा ब्राह्मण त भयो तर जातले मात्र । ऊ संधै शिकार खेल्थ्यो, दुराचार गर्थ्यो । यसले गर्दा उसलाई जातिबहिष्कृत गरियो, उसलाई सबैले ब्रह्मचाण्डाल भन्न थाले । यस्तैमा एक योगीका साथमा ऊ नगरबाट निस्क्यो र योगीका संगतले ज्ञान पायो । दुवै पशुपति क्षेत्रमा आए । आश्विनकृष्णचतुर्दशीका दिन ती यतिले ब्रह्मचाण्डाललाई गुह्येश्वरी तीर्थमा नुहाउन लगाए । त्यसपछि दुवैले मन्दिरमा प्रवेश गरे । दुवैले गुह्येश्वर र गुह्येश्वरीको भक्तिपूर्वक परिक्रमा र अष्टांग नमस्कार गरे । यसपछि शिवलिंगको स्पर्श गर्नेबित्तिकै यति सशरीर स्वर्ग गए । यो देखेर ब्रह्माचाण्डाल त्यहीं बस्यो, एकवर्षमा उसको सबै पाप नाशिए र आश्विनकृष्ण अष्टमीका दिन उसले शिवको जस्तै शरीर र आयुधहरू पायो र उसले गुह्येश्वर र गुह्येश्वरीको स्तुति गर्‍यो –

'गुह्यरूप गुह्येश्वर र गुह्याख्या गुह्येश्वरीलाई नमस्कार । शिवशक्त्यात्मक लिङ्गलाई नमस्कार, शिवसंग समन्वित शिवात्मिका कल्याणकारिणीलाई नमस्कार । कल्याणकारक शिवरूप शिवलाई र शिवरूपा शिवलिंग धारण गर्ने महामायालाई नमस्कार । योगेश्वर योगपति योगरूपलाई नमस्कार, योगिनीहरूले सेवित योगेश्वरी देवीलाई नमस्कार । अगम्य चरित्र भएका अपारालाई नमस्कार, मन वचनले भेट्न नसकिने भएकी अयोनिजा अगोचरालाई नमस्कार । ब्रह्मेश्वररूप जीवरूप र सच्चिदानन्दरूप शिवलाई र उपाधिरूपा सत्प्रेरिका माया भगवतीलाई नमस्कार । देहमा सांघुरिएका मायाको अधीनमा रहेका सबैमा व्याप्त शिवलाई र अन्तःस्था शिवको अधीनमा रहेकी मोहिनी शक्तिलाई नमस्कार । व्यञ्जनरूप वागीश्वर अक्षरलाई नमस्कार, शब्दरूपमा मात्रात्मिका नादरूपालाई नमस्कार । मन्त्रदेह मन्त्ररूप

